# क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

# शोधपत्र

**शोधार्थी**
**रमा अधिकारी**
शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. ६-२-२९९-६६-२००४

**नेपाली विभाग**
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७२/२०१५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा रमा अधिकारीले **क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७२/११/११
२३ फेब्रुअरी २०१६

**सहप्राध्यापक डा. धनेश्वर भट्टराई**
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकमा आधारित प्रस्तुत शोधकार्य आदरणीय गुरु सहप्राध्यापक डा. धनेश्वर भट्टराईको निर्देशनमा तयार पारेकी हुँ । अत्यन्तै व्यस्ततामा पनि आफ्नो अमूल्य समय प्रदान गरेर स्नेहपूर्वक निर्देशन दिनुभएकोमा सर्वप्रथम उहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्यका निम्ति मैले प्रस्तुत गरेको शोधप्रस्ताव स्वीकृत गरेर शोधकार्य गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख एवम् आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनाल एवम् वर्तमान विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाप्रति म हार्दिक आभार प्रकट गर्दछु साथै नेपाली विभागका सम्पूर्ण गुरुहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा झर्को झन्झट नमानी सहयोग पुऱ्याउनु हुने **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यका रचनाकार कृष्णादेवी शर्मा (श्रेष्ठ) प्रति पनि हार्दिकताका साथ आभार प्रकट गर्दछु । शोधप्रस्ताव लेखनदेखि नै चासो देखाई हौसला प्रदान गर्ने र शोधकार्य सम्पन्न गर्न समेत बारम्बार घच्घच्याई उत्साह र प्रेरणा प्रदान गर्नुहुने मेरा अनन्य मित्रहरू इन्दिरा चापागाई, हरिप्रसाद गजुरेल, माधव रिजाल, भान्जा आशीष पाण्डे, दिदी यमकला चापागाई र गुरु धनपति कोइरालाज्यूप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

त्यस्तै अनेक व्यवहारिक झमेलाका बाबजुद पनि मलाई यस क्याम्पससम्म ल्याइ पुऱ्याउन असीम सहयोग गर्नुहुने मेरी ममतामयी आमा मनरूपा चापागाई र बुबा झवनाथ चापागाईप्रति हार्दिकताका साथ आभार प्रकट गर्नु परम कर्तव्य ठान्दछु ।

घरायसी व्यवहारिक सम्पूर्ण बोझलाई आफ्नो थाप्लोमा बोकेर प्रस्तुत शोधकार्य सम्पन्न गर्न अतुलनीय सहयोग पुऱ्याउनुहुने मेरा जीवनसाथी कृष्ण चापागाईज्यूप्रति पनि हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस शोधपत्रलाई शुद्धसँग टङ्कन गरी व्यवस्थित बनाउन सहयोग गर्ने कालिका कम्प्युटर सर्भिसका महेश पौडेललाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा **क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणात्मक अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको नेपाली विभाग समक्ष पेस गर्दछु ।

मिति : २०७२/११/११

२३ फेब्रुअरी २०१६

.............................

**रमा अधिकारी**

# विषयसूची

**परिच्छेद एक**

**शोधपरिचय**


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यका उद्देश्यहरू | ३ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ७ |
| १.६ शोधको क्षेत्र र सीमा | ७ |
| १.७ सामग्री सङ्कलन विधि | ७ |
| १.८ शोध विधि | ८ |
| १.९ शोधपत्रको रूपरेखा | ८ |


**परिच्छेद : दुई**

**कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) को जीवनवृत्त र  महाकाव्यकारिता**


| | |
|---|---|
| २.१ विषय प्रवेश | १० |
| २.२ जीवन वृत्त | १० |
| २.२.१ जन्म र बाल्यकाल | १० |
| २.२.३ शिक्षादीक्षा | ११ |
| २.२.४ पारिवारिक वृत्त | ११ |
| २.३ स्रष्टा व्यक्तित्व | १२ |
| २.३.१ साहित्यिक क्षेत्रमा प्रवेश | १२ |
| २.३.२ सिर्जना र प्रकाशन | १३ |
| २.३.३ पदक तथा सम्मान | १४ |
| २.४ कृष्णादेवी शर्मा (श्रेष्ठ) को महाकाव्यकारिता | १५ |
| २.५ निष्कर्ष | १६ |

## परिच्छेद : तीन

## महाकाव्यको सैद्धान्तिक अध्ययन


३.१ विषय प्रवेश १८

३.२ साहित्यको भेद १९

 ३.२.१ कविता १९

 ३.२.२ महाकाव्य २१

३.३ महाकाव्य सम्बन्धी पूर्वीय मान्यता २२

३.४ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता २२

३.५ महाकाव्य सम्बन्धी नेपाली तथा हिन्दी मान्यता २३

३.६ महाकाव्यका तत्त्वहरू २६

 ३.६.१ कथावस्तु २७

 ३.६.२ पात्रविधान २७

 ३.६.३ परिवेश २८

 ३.६.४ उद्देश्य २८

 ३.६.५ भाव २९

 ३.६.६ शैली २९

 ३.६.७ सर्गबद्धता २९

 ३.६.८ छन्दोबद्धता ३०

३.७ नेपाली महाकाव्यको विकासक्रम ३०

 ३.७.१ नेपाली महाकाव्यको पूर्व आधुनिक युग (सुरुदेखि २००१ सम्म) ३१

 ३.७.१.१ प्राथमिककाल (सुरुदेखि वि.सं. १९४० सम्म) ३१

 ३.७.१.२ उत्तरार्ध : माध्यमिक काल (वि.स.. १४१-२००१ सम्म) ३१

 ३.७.२ नेपाली महाकाव्यको आधुनिक काल ३२

 ३.७.२.१ आधुनिक नेपाली महाकाव्यको पूवार्ध : प्रथम चरण (२००२-२०११) ३३

 ३.७.२.२ आधुनिक नेपाली महाकाव्यको उत्तरार्ध : द्वित्तीय चरण (२०१७-अहिलेसम्म) ३३

 ३.७.२.३ निष्कर्ष ३४

## परिच्छेद : चार

## क्रान्तिकारी महाकाव्यको विश्लेषण


४.१ विषय प्रवेश ३६

४.२ संरचना ३६

४.३ कथासार ३७

४.३.१ कथानकको विश्लेषण ४१

४.३.१.१ आदि भाग ४१

४.३.१.२ मध्यभाग ४२

४.३.१.३ अन्त्यभाग ४२

४.४ पात्रविधान ४२

४.४.१ विश्वेश्वरप्रसाद कोइराला ४३

४.४.२ कृष्णप्रसाद कोइराला ४४

४.४.३ नन्दिकेश्वर कोइराला ४५

४.४.४ दिव्या कोइराला ४५

४.४.५ चन्द्रशमशेर राणा ४६

४.४.६ मातृका कोइराला ४७

४.५ परिवेश चित्रण ४७

४.५.१ बाह्य परिवेश ४७

४.५.२ आन्तरिक परिवेश ४८

४.६ भाव विधान ४८

४.६.१ देशभक्तिको भावना ४९

४.६.२ प्रकृति चित्रण ५०

४.६.३ राजनीतिक अवस्था ५२

४.६.४ सामाजिक परिवेश ५३

४.६.५ धार्मिक तथा सांस्कृतिक अवस्था ५४

४.६.५ आर्थिक अवस्था ५५

४.६.७ प्रशासनिक अवस्था ५७

४.६.८ शैक्षिक अवस्था ५८

४.६.९ यथार्थको प्रकटीकरण ५९
४.६.१० समाजवादी चिन्तन र आशावादी जीवनदृष्टि ६०
४.७ उद्देश्य ६२
४.८ लय वा छन्द विधान ६३
४.९ भाषाशैली ६४
४.१० रस ६५
४.१०.१ वीररस ६६
४.१०.२ करुण रस ६७
४.१०.३ शान्त रस ६८
४.११ अलङ्कार ६९
४.११.१ शब्दालङ्कार ६९
४.११.१.१ छेकानुप्रास ६९
४.११.१.२ अन्त्यानुप्रास ६९
४.११.२ अर्थालङ्कार ७०
४.११.२.१ उपमा ७०
४.११.२.२ रूपक ७१
४.१२ शीर्षकीकरण ७१
४.१३ निष्कर्ष ७२

**परिच्छेद पाँच**

**उपसंहार**

४.१ सारसङ्क्षेप ७५
५.२ निष्कर्ष ७६

**सन्दर्भसामग्रीसूची** ७७

# परिच्छेद एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा राष्ट्रनेता विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्तान्त उल्लेख गरिएको छ । यसका महाकाव्य नायक वी.पी. को क्रान्तिकारी विचारधारा नै यसको मुख्य पक्ष हो । जननायक वी.पी. कुनै हतियारधारी क्रान्तिकारी योद्धा नभएर उनी नेपाली जनताका हक, अधिकार र स्वतन्त्रताका लागि कटिबद्ध रहेर क्रान्तिकारी विचार प्रकट गरेका छन् । उनका व्यवहार होइन कि वैचारिक क्रान्ति नै यस काव्यको मेरुदण्ड बन्न पुगेको छ । गरिब, असहाय, राणाशासकद्वारा प्रताडित सोझासाझा र स्वतन्त्रताबाट बञ्चित एवम् अशिक्षाको अँध्यारोमा रुमलिएका आम नेपाली जनताको मुक्तिका निम्ति उनले ठूलो सङ्घर्ष गरेका छन् । जहानियाँ परिवारको सञ्जालले ढाकिएको नेपाल सरकार नाममात्रको थियो नेपालीका लागि, किनकि शिक्षा आफ्ना सन्तति र भाइभारदारका निम्तिमात्र चयन गरी विदेशी शिक्षक भित्र्याई आफ्नै दरबारमा पाठशाला सञ्चालन गर्ने जङ्गबहादुर राणाजस्ताको स्वार्थपूर्ण व्यवहारले जनता शासित थिए । त्यस्तो परिस्थितिमा परिवर्तनको वाहक बनी प्रजातन्त्र भित्र्याउन अनेकौं प्रयत्न गर्ने प्रजातन्त्रका मियो बनेका वी.पी.को वैचारिक क्रान्तिकारिता नै यस महाकाव्यको शीर्षकका रूपमा आएको छ ।

युद्ध, झगडा गर्नु, शस्त्र-अस्त्र धारण गरेर मात्र क्रान्ति गरिने होइन वैचारिक क्रान्ति पनि हुन्छ भन्ने तथ्य यसले स्पष्ट्याएको छ । पुराना नीति नियमको खण्डन गरी समाजमा नवीन विचारधाराको सूत्रपात गराउनु पनि क्रान्ति हो । यही वैचारिक क्रान्ति यस काव्यमा वी.पी. को क्रान्तिकारिता बन्न पुगेको छ । सङ्घर्ष गरेर नयाँ पुस्ताको निम्ति सहज वातावरणको निर्माणका निम्ति समाजमा चलिआएको परम्परा एवं राजनीतिका नाममा शासक वर्गद्वारा शासित वर्गमाथि गरिने थिचोमिचो र अन्यायका विरुद्धमा बुलन्द आवाज उठाइ परतन्त्रका विरुद्ध स्वतन्त्रतापूर्ण परिवेशको उदय गराउने वी.पी.का मानवकल्याणकारी

चाहना र राणाविरुद्धको विद्रोह नै वास्तविक क्रान्ति चेत बनी प्रस्तुत महाकाव्यमा उभिएको छ ।

साहित्यकारहरू राष्ट्रकै आभूषण एवम् महान् निधि हुन् । सिर्जना तथा सहित्य भन्नु नै राष्ट्रका सर्जक तथा साहित्यकारहरूको महत्त्वपूर्ण योगदान हो । कुनैपनि राष्ट्रको सभ्यता, संस्कृति, रीतिरिवाज आदिको पहिचान साहित्य एवम् वाङ्मयले मात्र गराउन सक्दछ । साहित्यका विविध विधाहरू हुन्छन् । तीमध्ये महाकाव्य आँफैमा बृहत् एवम् महान् विधा हो । यस्तो महान् विधामा कलम चलाई आफ्नो क्षमता सिद्ध गरेका कतिपय सर्जकहरू प्रचारप्रसारको अवसर नपाएर अथवा त्यस्तो महत्त्वाकाङ्क्षा नराख्ने स्वभावका कारणले पनि ओझेलमा परेका हुन सक्दछन् । यसरी अवसरबाट वञ्चित भएका त्यस्ता स्रष्टालाई सीमित दायरामा मात्र रहन दिनाले समाज र राष्ट्रलाई नै नकारात्मक असर पर्न जान्छ । त्यसैले विगतदेखि नै नेपाली साहित्याकाशमा अनवरत योगदान दिँदै आएकी स्रष्टा कृष्णादेवी शर्मा (श्रेष्ठ) को पनि यस राष्ट्रका लागि छुट्टै खालको महत्त्वपूर्ण एवम् सफल योगदान र पहिचान छ । थुप्रै फुटकर रचनाका अतिरिक्त निकै छोटो समयमा उनी कविता, तीजगीत, कथा, खण्डकाव्य, गजल, महाकाव्य, उपन्यासका सर्जक हुन् । उनले थुप्रै फुटकर रचना एव् कृतिको रचना गरेकी छन् । निकै कृतिहरू प्रकाशित भएका देखिन्छन् :-

उनको सृजनशीलता निरन्तर रहेको छ । उनका प्रकाशित कृतिहरू सबै अनुसन्धेय छन् । तीमध्ये कविता विधाको सबैभन्दा महत्त्वपूर्ण तथा सर्वोच्च प्राप्तिका रूपमा महाकाव्य रहेको र उनले पनि महाकाव्यको रचना गरेकाले उक्त महाकाव्य अनुसन्धेय कृतिका रूपमा रहेको छ, तर यस महान् कृति उपर शोधलेखन कार्य भने भएको छैन । त्यसैले यसै कृतिलाई नै अनुसन्धानको विषय चयन गरिएको छ र यस शोधकार्यका लागि **क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणत्मक अध्ययन** शीर्षक दिइएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्यमा **क्रान्तिकारी विश्वेश्वर महाकाव्यको विश्लेषणात्मक अध्ययन** शीर्षक नै प्रमुख शोध समस्या हो । तिनै समस्याहरूलाई सङ्ख्यात्मक रूपमा विभाजन गरी यसरी उल्लेख गरिएको छः-

क)	कृष्णादेवी शर्मा श्रेष्ठको जीवनवृत्त र महाकाव्यकार व्यक्तित्व कस्तो रहेको छ ?

ख)	महाकाव्यमा सैद्धान्तिक पक्षको अध्ययन कस्तो रहेको छ ?

ग)	**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको अध्ययन र विश्लेषण कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको अधीनमा रही यो शोध कार्य सम्पन्न गरिएको छ ।

### १.३ शोधकार्यका उद्देश्यहरू

उल्लेखित शोध समस्या अनुरूप रहेका प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन्:-

क)	कृष्णादेवी शर्मा श्रेष्ठको जीवनवृत्त र उनको महाकाव्यकारिताको सामान्य अध्ययन गर्नु,

ख)	महाकाव्यको सैद्धान्तिक पक्षको अध्ययन गर्नु,

ग)	**क्रान्तिकारी विश्वेश्वर**को महाकाव्यको विधागत अध्ययन र विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरूको अधीनमा रही यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

यहाँ क्रान्तिकारी विश्वेश्वर महाकाव्यका सम्बन्धमा भए गरेका पूर्वकार्यको कालक्रमिक अध्ययन विवरण प्रस्तुत गरिएको छ :

**क्रान्तिकारी विश्वेश्वर** (२०६९) महाकाव्यको शुभकामना लेखमा प्रज्ञा प्रतिष्ठानका उपकुलपति बैरागी काइँलाले विश्वेश्वरको प्रजातान्त्रिक समाजवादी चिन्तन र मुक्त साहित्यिक चिन्तन, लेखनका झलक र आत्मवृतान्तहरू समेटिएको साथै वि.पी.को मृत्युपर्यन्तको नेपाली राजनीति इतिहासमाथिको सुन्दर, दृष्टिपात यो महाकाव्य हो भनी बताएका छन् (काइँला, २०६९, भूमिका) ।

प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव सनत रेग्मीले कृष्णादेवी शर्मा (श्रेष्ठ) द्वारा जननेता विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र उनको साहित्यिक कृतित्वलाई समेटेर

**क्रान्तिकारी विश्वेश्वर** (२०६९) नामक महाकाव्य तयार पारिएको भन्दै शुभकामना व्यक्त गर्दै यस कृतिमा लेखिकाले कोइरालाको पुर्ख्यौली, मातापिताको आदर्श जीवन, बाल्यकाल, विद्यार्थी जीवन, साहित्यिक यात्राको थालनी, राजनीतिक जीवनको प्रारम्भ, भारतीय स्वतन्त्रता सङ्ग्राममा कोइरालाको भूमिका, नेपालको क्रान्तिकालको क्रान्तिसङ्घर्ष, नेतृत्व, प्रवास, राष्ट्रिय मेलमिलापको कदम, जनमतसङ्ग्रह, उनका आत्मवृत्तान्त र जीवनीका साथै साहित्यिक व्यक्तित्व र साहित्यिक कृतित्वहरूका सम्बन्धमा समेत विस्तृत रूपमा प्रकाश पारेको र प्रकारान्तरले प्रस्तुत महाकाव्य स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाको सम्पूर्ण जीवन, विचार र दर्शनलाई समेटिएको काव्यात्मक जीवनी बनेको बताएका छन् (रेग्मी, २०६९ : भूमिका) ।

**क्रान्तिकारी विश्वेश्वर** (२०६९) महाकाव्यको भूमिका लेखमा नारायणप्रसाद खनालले *महाकाव्य परम्परमा क्रान्तिकारी विश्वेश्वरकी प्रसवित्री कृष्णाप्रति हार्दिक शुभकामना* शीर्षकमा **क्रान्तिकारी विश्वेश्वर** विषयवस्तुका दृष्टिले नेपाली क्रान्तिपुरुष जननायक विश्वेश्वरप्रसाद कोइरालाको जीवन चरित्रमा आधारित महाकाव्यमा रसावस्था कतै वीर, कतै शृङ्गार र आदि आंशिकरूपमा रहेको र अभिधा शक्तिका आश्रयमा रचित प्रस्तुत महाकाव्य न कुनै बौद्धिकताको उच्छलन हो न कुनै भावात्मकताको उद्रेक भनी बताएका छन् । उनले कोइरालाको आफ्नो कथा र आत्मवृत्तान्त एवम् अन्यान्य स्रोतबाट प्राप्त जानकारीका आधारमा सकलवृत्तान्तलाई छन्दबद्धताको सरल सरणिमा सरक्क प्रस्तुत गर्नु नै कवयित्रीको विशेषता हो भनी बताएका छन् । यसैबाट कोइराला कसरी क्रान्तिपुरुष हुन् ? नेपाल र नेपालबाहिर समेत कोइरालाको राजनीति समाजवादी व्यक्तित्व छरस्पष्ट भएको जानकारी प्राप्त हुन्छ भने उनका साहित्यिक योगदानको पद्यात्मक अनुभूति समेत यस कृतिबाट हुन्छ भनी बताएका छन् (खनाल, २०६९ : क-घ) ।

**क्रान्तिकारी विश्वेश्वर** (२०६९) कृतिभित्र रहेको *क्रान्तिकारी विश्वेश्वरमाथि एक दृष्टि* लेखमा साहित्यकार गोविन्दराज विनोदीले नेपालमा राणाशाहीको अन्त्य, लोकतन्त्रको स्थापना र लोकतन्त्रका लागि जनसङ्घर्षका सन्दर्भहरू प्रस्तुत गरिएकाले यसले युगबोधी विषयवस्तुलाई समेटेको छ भनी उल्लेख गरेका छन् । **क्रान्तिकारी विश्वेश्वर** इतिहास प्रसिद्ध राजनीतिक र साहित्यिक व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाका जीवनमा आधारित काव्य

भएकाले यसका नायक उदात्त चरित्रका सत्पात्र हुन् । उनमा साहस, धैर्य, औदार्य, विवकेशीलता, तर्कशक्ति युगबोधी चेतना, दूरदर्शिता, सिद्धान्त निष्ठता, नेतृत्व क्षमता साङ्गठनिक चातुर्य, पदीय उत्तरदायित्वबोध, राष्ट्रप्रेम, समानताको चाह, प्रकृतिप्रेम, सौन्दर्यप्रेम जस्ता विविधगुणहरू भएको देखाइएको छ भने उनको केही राजाप्रतिको विश्वस, आफ्नै दलका चाप्लुसे नेताहरूलाई चिन्न नसक्नु, २०१७ सालमा त्यतिठूलो षड्यन्त्र हुन लागेको पत्तो नपाउनु जस्ता कमीकमजोरीहरूलाई पनि देखाउन खोजिएको प्रतीत हुन्छ भन्दै कोइरालाले आफ्नो स्वास्थ्यको वास्ता नराखी देशका लागि मरिमेट्ने काम गरेकाले उनलाई क्यान्सर जस्तो दुःसाध्य रोगले आक्रमण गरेको हुँदा एक राष्ट्रप्रेमी, जनअधिकारका लागि सङ्घर्षशील व्यक्तित्वको बारेमा प्रकाश पार्न खोजिएको यो एक चरित्रप्रधान महाकाव्य हो भनी बताएका छन् (विनोदी, २०६९ : ङ-द) ।

धनपति कोइरालाले **जनमत** राष्ट्रिय मासिक पत्रिका (२०७० चैत्र १५) मा प्रकाशित *आलङ्कारिक दृष्टिबाट क्रान्तिकारी विश्वेश्वर महाकाव्य* शीर्षक लेखमा अलङ्कार सृष्टिमा भन्दा पूर्णतः भावसौन्दर्य प्रसाधनमा ध्यान केन्द्रित भई काव्य सिर्जना गरिएको परिप्रेक्ष्यमा पनि अलङ्कारहरू स्वतः नागिनी झैँ नर्तन गर्दै आई काव्य मनोहारिता सृजना गरिरहेको प्रतीत हुन्छ भन्दै महाकाव्यकार शर्मा (श्रेष्ठ) को यस रचनाले भावविन्यासका दृष्टिले छुट्टै स्थान राख्नुका साथै अलङ्कार विन्यासका दृष्टिले पनि छुट्टै सुन्दर कृतिको स्थान राख्दछ भनी बताएका छन् (कोइराला, २०७० : १०-१५) ।

यसै गरी **कान्तिपुर** राष्ट्रिय दैनिक (वर्ष २२, अङ्क १८२, २०७१ भाद्र ३ गते मङ्गलबार) मा प्रकाशित **भरतपुर** पत्रिकाको पृष्ठ १३ मा *महाकाव्यामा वि.पी. वृत्तान्त* शीर्षकको लेखमा साहित्यमा अराजकवादी र राजनीतिमा समाजवादी विश्वेश्वरप्रसाद कोइरालालाई मुख्य विषयवस्तु बनाइ पछिल्लो समयमा कमै लेख्न थालिएको महाकाव्य परम्परालाई नयाँ ढङ्ग प्रदान गर्दै नेपाली राजनीति र साहित्यका महापुरुषबारे लेखिएको यस महाकाव्यले नेपाली साहित्यमा गतिलो ईंटा थपेको प्रसङ्गको लेख प्रकाशित भएको (छापिएको) छ (कान्तिपुर, २०७१ : १३) ।

सिर्जना आचार्यले २०६५ सालमा पृथ्वीनारायण क्याम्पस, पोखराबाट **कृष्णादेवी शर्मा (श्रेष्ठ) को साहित्यिक कृतिको अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र लेखिसकेकी र लक्ष्मी घिमिरेले २०६७ सालमा भैरहवा बहुमुखी क्याम्पस सिद्धार्थनगर, रूपन्देहीबाट **कृष्णादेवी शर्मा**

**(श्रेष्ठ) को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र लेखिसकेकी छिन् (घिमिरे, २०६७ : १५) ।

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको समालोचना गर्ने क्रममा अर्का समालोचक बिर्खे अञ्जानले **शल्यक्रिया समालोचना** सङ्ग्रहमा *कृष्णादेवी शर्मा श्रेष्ठ र उनको क्रान्तिकारी विश्वेश्वर महाकाव्यको संक्षिप्त अवलोकन* शीर्षकको लेखमा कृष्णादेवी शर्मा श्रेष्ठको **क्रान्तिकारी विश्वेश्वर** वी.पी.को जीवनीमा आधारित ऐतिहासिक महाकाव्य हो भनेका छन् । उनले यो महाकाव्य अन्य महाकाव्यको तुलनामा फरक छ । यसले उठान गरेको प्रवृति फरक छ । यसो त वी.पी. स्वयम् पनि अन्य व्यक्तित्वभन्दा पृथक् व्यक्तित्व हुन् र उनको फरक व्यक्तित्वको फरकपनको कार्यगत नवीनताको अभिलेख बोकेर कवयित्री उपस्थित भएकी हुन् भनेका छन् । यस काव्यले समकालीन समयको नेतृत्व गर्ने र त्यो समयमा देखिएको भोक, रोग र शोकलाई नजिकबाट छाम्ने र जीवनमा उत्पन्न हुने आक्रोश, रोदन र चित्कारलाई सम्बोधन गर्न प्रयन्तशील रहने युगीन सामाजिक व्यक्तित्वलाई प्रमुख पात्र बनाएको उत्कृष्ट काव्य हो भनी बताएका छन् (अञ्जान, २०७२ : ५२) ।

यसैगरी प्रकाशित **नेपाली राष्ट्रिय** दैनिक पत्रिका (वर्ष १० अङ्क ३३३, २०७१ कार्त्तिक २२ गते शनिबार) मा प्रकाशित पत्रिकाको पृष्ठ ५ मा *क्रान्तिकारी विश्वेश्वर महाकाव्य : मेरो आँखामा* शीर्षकको लेखमा समीक्षक विजय सागरले **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य कोइराला परिवारको ऐतिहासिक तथ्य खोतलेको तथा नेपाली राजनीति एवं साहित्यिक क्षेत्रका महान् व्यक्तित्व वी.पी. कोइरालालाई नायक बनाएर लेखिएको र उनका सम्बन्धमा सम्पूर्ण तथ्य कुराहरू सबैलाई जानकारी भएका समाजका अनुकरणीय पात्रको जीवन चित्रणलाई विभिन्न छन्द तथा मधुर लयका साथ रचना गरिएको उच्च कोटीको कृति हो भनी चर्चा गरेको लेख प्रकाशन गरिएको छ ।

यसै गरी **कान्तिपुर** राष्ट्रिय दैनिक पत्रिका वर्ष २३, अङ्क ५४, २०७१ (चैत्र ३० गते सोमबार) मा प्रकाशित पत्रिकाको पृष्ठ १३ मा *फरक स्वादका दुई कृति* शीर्षकको लेखमा समीक्षक हरि अधिकारीले '**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा कृष्णादेवीले वी.पी.को जीवनको आद्यान्त वर्णन गर्ने क्रममा उनको जीवनयात्राको मुख्यमुख्य घटनाहरुको सङ्क्षिप्त बयान गरेकी छन्' भनी बताएका छन् । यसमा वी.पी.को राजनीति, दर्शन, साहित्य

साधनाका प्रमुख पक्ष आदिलाई पनि सरल गद्यमा प्रस्तुत गर्ने चेष्टा गरिएको छ भनी उल्लेख गरेका छन् (अधिकारी, २०७१ : १३) ।

यसरी **क्रान्तिकारी विश्वेश्वर** वी.पी. जस्तो सच्चा देशभक्त, अद्वितीय राजनेताको बारेमा उल्लेख गरेर सहृदयी पाठकहरूलाई वी.पी.को सच्चा राष्ट्रवादी चिन्तनको महत्त्वबोध समेत गराउने विशिष्ट ज्ञात-अज्ञात कुराहरूलाई खुलस्त रूपले देखाइएको यस महाकाव्यका बारेमा विभिन्न लेखकहरूले विविध रूपले टीकाटिप्पणी गरे तापनि यस महाकाव्यको निर्धारित अध्ययन भएको नपाइएकाले यो अध्ययन गर्न लागिएको हो ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

क्रान्तिकारी विश्वेश्वर महाकाव्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य आफैँमा औचित्यपूर्ण रहेको छ । यस महाकाव्यमा गरिने शोधकार्यले नेपाली साहित्य भण्डारको नै गरिमा वृद्धि गर्ने कार्यमा सकारात्मक योगदान पुग्ने भएको कुरा प्रमाणित पनि भएको छ । यस विश्वेश्वर महाकाव्यबारे विश्लेषण गर्नेहरूका लागि पनि यो अध्ययन थप मार्गदर्शक सिद्ध हुने भएकाले पनि यस अध्ययनको औचित्य, महत्त्व र उपयोगिता स्पष्ट भएको छ ।

## १.६ शोधको क्षेत्र र सीमा

**क्रान्तिकारी विश्वेश्र** महाकाव्यको विधागत दृष्टिले अध्ययन विश्लेषण गर्नु यस शोधको मुख्य क्षेत्र रहेको छ । **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य बाहेक शर्माका अन्य कृतिहरूको अध्ययन विश्लेषण नगरिनु र सन्दर्भमा आएका कुनै पनि सम्बद्ध कृतिको चर्चा गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख आधार बनाइएको छ साथै कृति र कृतिकारका बारेमा प्रकाशित विभिन्न

पुस्तक, पत्रपत्रिका आदिका लेख, रचना, समीक्षा, समालोचना आदिलाई पनि शोध सामग्रीका रूपमा सङ्कलन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्य गर्दा विभिन्न विधिको अबलम्बन गरिने छ । यहाँ आगमनात्मक विधिलाई नै मुख्य आधारमानी विश्लेषणात्मक अध्ययन गरिने छ, साथै विवरणात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधि पनि अपनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित, सुव्यवस्थित गर्न निम्नअनुसार विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ :

**परच्छेद एक : शोध परिचय**

यो परिच्छेद शोध परिचयमूलक रहेको छ । यसमा शोधशीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा शोधकार्यको औचित्य, शोधको क्षेत्र र सीमा, शोधविधि, सामग्री सङ्कलन विधि र शोधपत्रको रूपरेखा उपशीर्षकहरू यस परिच्छेदमा समेटिएका छन् ।

**परिच्छेद दुई : महाकाव्यिक सिद्धान्तका सापेक्षतामा क्रान्तिकारी विश्वेश्वर महाकाव्यको अध्ययन, विश्लेषण**

यस परिच्छेदमा **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको विधागत सिद्धान्तका सापेक्षतामा प्रत्येक सर्गको अध्ययन, विश्लेषण गरिएको । साथै प्रयोजन विषयवस्तुको स्रोत नायक, नायिका, भाषाजस्ता उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद तीन : महाकाव्यको सैद्धान्तिक अध्ययन**

यस परिच्छेद अन्तर्गत **क्रान्तिकारी विश्वेश्वर**का सन्दर्भमा महाकाव्यको सैद्धान्तिक अध्ययन गरिएको छ । यसरी अध्ययन विश्लेषण गर्दा महाकाव्यको स्वरूप, भाव, पात्र, परिवेश, भाषाशैली, जीवनदृष्टि, छन्द, अलङ्कार, औचित्य, विचार, शीर्षकको अध्ययन विश्लेषण गरिएको छ ।

**परिच्छेद चार : क्रान्तिकारी विश्वेश्वर महाकाव्यको अध्ययन-विश्लेषण**

यस परिच्छेदमा **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको महाकाव्यगत सिद्धान्तका सापेक्षतामा विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार एवं निष्कर्ष**

यस परिच्छेद अर्न्तगत शोध अध्ययनबाट प्राप्त निष्कर्षको उल्लेख गरिएको छ । यसमा परिच्छेदगत र समग्र निष्कर्ष निकालिएको छ । यसरी पाँच परिच्छेद कायम गरी प्रत्येक परिच्छेद अर्न्तगत छुट्टाछुट्टै शीर्षक र उपशीर्षकहरू दिई शोधकार्य सम्पन्न गरिएको छ ।

अन्तमा प्रस्तुत शोधकार्यमा आदि भागका रूपमा स्वीकृति पत्र, निर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन र विषयसूची समावेश गरिएका छन् भने अन्तभागमा परिशिष्ट र सन्दर्भ ग्रन्थसूची समावेश गरी साङ्गोपाङ्ग शोध प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद : दुई

# कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) को जीवनवृत्त र महाकाव्यकारिता

# परिच्छेद : दुई

# कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) को जीवनवृत्त र महाकाव्यकारिता

## २.१ विषय प्रवेश

कवयित्री (कवि) कृष्णादेवी शर्मा (श्रेष्ठ) महाकाव्यकारका रूपमा चिनिएकी छन् । यस परिच्छेदमा उनको जीवनवृत्त र व्यक्तित्वका आलोकमा उनको महाकाव्यकार व्यक्तित्वलाई पहिचान गर्ने प्रयास गरिएको छ ।

## २.२ जीवन वृत्त

जीवनवृत्तका गोरेटोमा व्यक्तिको स्रष्टा व्यक्तित्व प्रस्फुटित हुने र आलोकित हुने हुँदा यहाँ कवयित्री कृष्णादेवी (शर्मा) को महाकाव्यको अध्ययनको पृष्ठभूमिमा यिनको जीवनवृत्तको समेत सङ्क्षिप्त अध्ययन गरिएको छ । जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक वृत्त, उनको सिर्जना र प्रकाशनका सन्दर्भबाट यहाँ यिनको जीवनवृत्तको पहिचान गरिएको छ ।

### २.२.१ जन्म र बाल्यकाल

माता स्व. तुलसा गौडेल (रेग्मी) र पिता नारायणदत्त गौडेल (रेग्मी) की सुपुत्री कृष्णादेवी शर्मा (श्रेष्ठ) को जन्म वि.स.. २००९ साल फागुन महिनाको १५ गते भएको हो । धौलागिरी अञ्चल पर्वत जिल्ला मुडिकुवा गा.वि.स वडा नं. ५ यिनको जन्मस्थान हो । उनको न्वारनको नाम तिलोत्तमा थियो ।

सामान्य किसान परिवारमा जन्मेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) पर्वतको मुडिकुवामा जन्मेर उनी आफ्नो मामाघर ज्ञादी र उनकी निःसन्तान ठूलीआमा (भागीरथी) को घर ज्ञादी कटुवाचौपारी चापइँफाँटमा हुर्केकी थिइन् । दूधेबालकको रूपमा ६ महिनाको उमेरमा उनकी आमाको निधन भएपछि उनी ठूलीआमाको काखमा हुर्केकी थिइन् ।

हुने बिरुवाको चिल्लोपात भने झैँ उनी सानैदेखि असल थिइन् । सानैदेखि लेख्ने पढ्ने काममा पनि अगाडि सर्ने उनको बानी थियो । ठूलीआमाले रामायणका श्लोक पढेको सुनेर तिनै श्लोक कण्ठ गर्ने बानीले नै होला पछि गएर उनी शास्त्रीय छन्दका कविता रचना गर्ने प्रेरणा र प्रोत्साहन प्राप्त गरेकी थिइन् (घिमिरे, २०६७ : १०) ।

## २.२.३ शिक्षादीक्षा

छोरीलाई शिक्षा दिनु हुँदैन भन्ने गलत सोचले ओतप्रोत तत्कालीन समाजमा पनि उनी आफ्नी ठूलीआमाको प्रेरणाले शिक्षातर्फ अग्रसर हुन पाएकी थिइन् । गाउँमा विद्यालय नभएको अवस्थामा ज्ञादीमा बनारसी शिक्षक ल्याएर शिक्षा दिने उक्त केटाकटीका समूहमा बसेर उनले प्राथमिक तहको शिक्षा उत्तीर्ण गरिन् । २०२४ सालमा पर्वत कुश्मामा माध्यमिक विद्यालय खुलेपछि उनी ९ कक्षामा भर्ना भइन् । त्यहीँबाट उनले २०२५ सालमा एस.एल.सी. तह उर्तीर्ण गरीन् । ज्ञादीबाट कुस्मा गई पढ्ने ज्ञादीकी उनी एक्ली छात्रा थिइन् । तत्पश्चात् प्राइभेट पढेर २०२९ मा आइ.ए., २०३६ मा वि.ए. र २०४१ मा स्नातकोत्तर उत्तीर्ण गरिन् । निकै लगनशील शर्मा २०३१ को नयाँ शिक्षा परियोजना अन्तर्गत शिक्षा आयोगमा सफल भई नि.मा.वि. शिक्षक पदमा रही २०३१ बाट पढ्दै र पढाउँदै अटुट सेवारत रहेकी देखिन्छिन् ।

## २.२.४ पारिवारिक वृत्त

छ महिनामै आमाको न्यानो काखबाट छुटेपछि ठूलीआमाको उचित लालनपालनमा हुर्कीएकी शर्माले विवाह नगरी बस्ने सोच बनाएकी थिइन् । ठूलीआमा निःसन्तान भएकी हुँदा उनैको बुढेसकालको सहारा बन्न चाहन्थिन् । ठूलीआमाको मृत्युपश्चात् उनले अध्यापनरत विद्यालयका प्रधानाध्यापक रहेका उद्योगबहादुर श्रेष्ठसँग २०४९ माघ १ गते ४० वर्षको उमेरमा अन्तरजातीय प्रेमविवाह गर्न पुगेकी हुन् । उद्योगबहादुरले शर्मासँग दोस्रो विवाह गरेका थिए । उनकी पहिली श्रीमती तिलकुमारीका दुई भाइ छोरा जन्मिएका छन् भने शर्मा निःसन्तान भएकीले आफ्नै मामाकी छोरी सिर्जनालाई छोरीकी रूपमा हुर्काएकी छन् ।

वर्तमान अवस्थामा उनी आफ्ना पति र छोरीका साथमा प्रगतिनगर नवलपरासीमा गृहस्थी जीवन व्यतित गरिरहेकी छन् ।

## २.३ स्रष्टाव्यक्तित्व

साहित्यकार कृष्णादेवी शर्माले (श्रेष्ठ) नेपाली साहित्यका फाँटमा विशेषतः कविता विधामै केन्द्रित रहेर कलम चलाएको पाइन्छ । विभिन्न फुटकर कवितादेखि लिएर कविता सङ्ग्रह, खण्डकाव्य र महाकाव्यको रचना गर्नुले उनको कवि व्यक्तित्वलाई प्रस्ट्याएको छ । उनले युगबोधी तीजगीत, कथा, गीत, गजल साथै समीक्षात्मक लेखतर्फ पनि कलम चलाएकी छन् । पेसाले शिक्षक बनेकी उनी साहित्यका साथ-साथै निःस्वार्थ भावनाले सामाजिक कार्यमा समेत सहभागी रहँदै आएकी छन् । यसरी शर्मा (श्रेष्ठ) को सशक्त कवि व्यक्तित्व, गजलकार व्यक्तित्व, गीतकार व्यक्तित्व, कथाकार व्यक्तित्व, महाकाव्यकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्वका साथै शिक्षक व्यक्तित्व र समग्र साहित्यकार व्यक्तित्व विशेष उल्लेखनीय रहेको छ ।

कृष्णादेवी शर्मा (श्रेष्ठ)को स्रष्टा व्यक्तित्वका बारेमा यहाँ चर्चा गरिएको छ साहित्यमा प्रवेश, संलग्नता, सिर्जना प्रकाशन र पुरस्कार तथा सम्मान जस्ता विषयहरूमा चर्चा परिचर्चा भएको छ ।

### २.३.१ साहित्यिक क्षेत्रमा प्रवेश

बाल्यकालदेखि नै अध्ययन र लेखनमा रमाउने कृष्णादेवी शर्मा (श्रेष्ठ) ले लेखेका सम्पूर्ण लेखरचनाहरू प्राप्त नहोलान् तै पनि उनको रुचिको क्षेत्र भने लेखन नै हो । ठूली आमाले रामायणका श्लोक गुन्गुनाएको सुनी उनी ती श्लोक कण्ठ पार्दथिन् यसैको प्रभावले नै उनलाई साहित्यिक क्षेत्रमा प्रवेश गर्नतर्फ अभिप्रेरित गर्‍यो । उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरू माधवप्रसाद घिमिरे, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, रविन्द्रनाथ टैगोर, सेक्सपियर आदि व्यक्तित्वहरूबाट प्रभावित देखिन्छिन् । यसका अतिरिक्त उनी सामाजिक, राजनैतिक, आर्थिक रूपका घटनाहरूबाट पनि प्रभावित देखिन्छिन् । वि.सं. २०५१ मा बझाङ्बाट प्रकाशित **सुर्मा** पत्रिकामा 'साथी' शीर्षकको कविताप्रकाशनबाट उनको

साहित्य यात्राको थालनी भएको पाइन्छ । तत्पश्चात २०५६ मा सुनाखरी र लालीगुराँसको **देश** (कविता सङ्ग्रह) प्रकाशन गरी साहित्यतर्फ सक्रीय रूपमा अघि बढेको पाइन्छ (घिमिरे, २०६७ : ११) । यसरी २०५७ देखि साहित्यमा निरन्तर खटिइरहेकी कृष्णादेवी शर्मा (श्रेष्ठ) ले महाकाव्य नारी हस्ताक्षरमा आफूलाई पाँचौं स्थानमा उभ्याउन सफल बनेकी छन् ।

## २.३.२ सिर्जना र प्रकाशन

नेपाली समाजका अनगिन्ती साहित्यिक प्रतिभामध्येमा नारी प्रतिभाका रूपमा साहित्यिक व्यक्तित्व निर्माण गर्न सफल कृष्णादेवी विगतदेखि नै साहित्यका माध्यमबाट समाज र राष्ट्रका लागि छुट्टै योगदान दिन र आफ्नो पहिचान बनाउन सफल भएकी छन् । थुप्रै फुटकर रचनाका अतिरिक्त निर्क छोटो समयमा पनि निम्नलिखित कृतिहरू प्रकाशित भएका देखिन्छन् :

क) सुनाखरी लालीगुराँसको देश (कविता सङ्ग्रह- २०५७)

ख) नारायणहिटी पर्व (तीजगीत संगालो-२०५८)

ग) अव्याचारी घर (तीजगीत सँगालो-२०५९)

घ) घरबेटी भाउजू (कथासङ्ग्रह-२०५९)

ङ) प्रजातन्त्रमा प्रश्न चिह्न ? (तीजगीत संगालो-२०६०)

च) स्मृतिको एक झिल्को (खण्डकाव्य-२०६२)

छ) निर्झरिणी (गजलसङ्ग्रह-२०६२)

ज) सृष्टिसौगात (छन्दोबद्ध कवितासङ्ग्रह-२०६५)

झ) क्रान्तिकारी विश्वेश्वर (महाकाव्य-२०६९)

ञ) जूनमा चुहेको त्रास (बहरबद्ध गजलसङ्ग्रह-२०७१)

ट) आधा आकाश (सामाजिक उपन्यास-२०७२)

यसका अतिरिक्त शर्माका कविता, कथा, गीत, गजल, मुक्तक, लघुकथा जस्ता रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन भइरहेका छन् । यसर्थ उनी समाजमा कवयित्री, कथाकार, उपन्यासकार, गीतकार, गजलकार, खण्डकाव्यकार र महाकाव्यकार व्यक्तित्वका रूपमा चिनिएकी छन् ।

### २.३.३ पदक तथा सम्मान

नारी साहित्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ)ले सामाजिक क्षेत्रमा नै आफ्नो लगभग पाँचदशक उमेर बिताइसकेकी छन् । उनी विभिन्न पदक तथा सम्मानले विभूषित हुन पुगेकी छन् । उनले प्राप्त गरेका पदक तथा सम्मानलाई यसरी प्रस्तुत गरिएको छ :

- २०३२ देखि नि.मा.वि. तहको दरवन्दीमा अध्यापन गर्ने शिक्षण पेसामा सम्मानित व्यक्तित्व हुन् । जिल्लास्तरीय रूपमा पन्ध्रौँ शिक्षा दिवसको उपलक्ष्यमा प्रशंसा र नगद पुरस्कारद्वारा २०४६/११/१२ मा सम्मानित ।
- पच्चीसौँ शिक्षा दिवसको उपलक्ष्यमा दीर्घकालीन सेवा पदक र प्रमाणपत्रद्वारा २०५६-११-१२ मा सम्मानित,
- पच्चीस वर्षसम्म अनवरत रूपमा सेवा गरेवापत श्री भवानी वीद्यापीठ माध्यमिक विद्यालयको ४८ औँ वार्षिकोत्सव समारोह २०५७-२-१ मा अभिनन्दित,
- नेपाली भाषा र साहित्यमा गरेको सेवा/योगदानका लागि केवलपुरे जनमत सम्मान २०६४ काभ्रे,
- दामोदर पुडासैनी प्रतिभा सम्मान (हाम्रो मझेरी राष्ट्रिय प्रतिष्ठान, भरतपुर), २०६४
- लक्ष्मी स्मृति साहित्य समाज तथा नयाँ मौसम कावासोती नवलपरासीबाट सम्मानित, २०६४
- कालिका स्रष्टा सम्मान-२०६५, कालिका एफ.एम. प्रा.लि. भरतपुर चितवनबाट सम्मानित ।
- अलिमिया लोकवाङ्मय प्रतिष्ठान पोखरा, कास्कीबाट सम्मानित, २०६६ ।
- नवलपुर जेसिसबाट सम्मानित, २०६७ ।
- स्वर्ण महोत्सव श्री जगन्नाथ उच्च माध्यमिक विद्यालयबाट सम्मानित, २०६७ ।
- शोभा स्मृति साहित्य सम्मान, २०६७, माकर ।
- नवलपरासी महिला कल्याण बहुउद्देश्यीय सहकारीबा सम्मानित, २०६७ ।

- कालीगण्डकी साहित्य कला पुरस्कार, २०६८, स्याङ्जा ।
- जुही साहित्यिक त्रैमासिक पत्रिका, चन्द्रगढी झापाबाट २०६९ ।
- आदर्श साहित्य समाजबाट २०६९ ।
- त्रिमूर्ति निकेतन राष्ट्रिय पुरस्कार, २०६९ ।
- काठमाडौं मिलीजुली महिला सशक्तिकरण नेपाल र सहयोग नेपाल कावासोती नवलपरासीबाट २०७० ।
- विश्व नारी नेपाली साहित्य सम्मेलन कपिलवस्तुबाट २०७० ।
- त्रिमूर्ति निकेतन विश्व नारी साहित्य पदक, २०७१ ।
- देवचुली टेलिभिजनद्वारा २०७१ ।
- आदिकवि भानुभक्त द्विशतवार्षिकी चितवनबाट ।
- नेपाल सरकार संस्कृति पर्यटन तथा उड्डयन मन्त्रालयबाट स्वर्णपदक, २०६९ ।
- समर्पण साहित्य परिषद् भरतपुरबाट २०७१ ।
- लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपालद्वारा २०७२ ।

आदि लगायतका पुरस्कार तथा सम्मान प्राप्त गरेकी शर्मा (श्रेष्ठ) को साहित्यिक यात्रा अथक र अविरल रहेको छ । कृष्णादेवी शर्मा (श्रेष्ठ) समाजका विभिन्न संघसंस्थाहरुमा समेत आबद्ध भई सक्रिय रुपमा रहँदै आएकी छन् । लेखनमा पद्य विधा अँगालेर छन्दमा गरिएको सशक्त प्रस्तुति निकै प्रशंसनीय रहेको कुरा उल्लेख गरिएको छ (गहिरे, २०७२ : १८) ।

## २.४ कृष्णादेवी शर्मा (श्रेष्ठ) को महाकाव्यकारिता

वि.सं. २०५१ सालमा 'सुर्मा' पत्रिकामा 'साथी' शीर्षकको कविता प्रकाशन गरी काव्य जगत्मा प्रवेश गरेकी शर्माको साहित्यिक व्यक्तित्व व्यापक हुँदाहुँदै पनि उनी मुख्यतया कविताकै क्षेत्रमा विशिष्टता हासिल गर्न पुगेकी छन् । उनी नेपाली विषयमा नै एम.ए. गरेकी र पेसाले पनि नेपाली विषयकै अध्यापिका भएकाले उनको स्रष्टा व्यक्तित्वलाई यसले थप ऊर्जा दिएको मानिन्छ ।

साथी कविता पश्चात् उनी विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशन गराउँदै **लालीगुराँसको देश** (कविता सं. २०५७) कृतित्वका रूपमा प्रकाशित भएपछि उनी अन्य थुप्रै विधामा समेत अग्रसर भएको देखिन्छ । नेपाली नारी महाकाव्यकारका रुपमा आफूलाई पाँचौं स्थानमा उभ्याउन सफल कृष्णादेवीको समसामयिक विषयवस्तुमा आधारित सन्देशमूलक साहित्य सिर्जना गर्नु साहित्यिक र सिर्जनात्मक वैशिष्ट्य रहेको छ । कविता, कथा, महाकाव्य लगायतका थुप्रै विधामा कलम चलाउन उनी सफल देखिएकी छन् ।

उनी परिष्कृत, माझिएको भाषाशैलीका साथै अभिधा, व्यञ्जना र लक्षणाको प्रयोग गर्दै अहिलेम्म दर्जनौं फुटकर कविता २ ओटा कविता सङ्ग्रह प्रकाशन गरी सफल कवयित्रीका रूपमा स्थापित भएकी छन् । उनको २०६३ मा प्रकाशित **स्मृतिको एक झिल्को** खण्डकाव्य गुण युक्त शास्त्रीय छन्दमा आबद्ध पुर्ण आख्यानात्मक कृति रहेको छ । कविता विधाको वृहद् रूप, विशद् रूप नै महाकाव्य हो । महान् उद्देश्य, महान चरित्र र महान् कथानकको काव्यात्मक रूप नै महाकाव्य हो । नेपाली पद्यविधामा लघुरूप-फुटकर कविता ( मुक्तक), मध्यमरूप (खण्डकाव्य), हुँदै वृहत्रूप (महाकाव्य) समेत रचना गरी यिनले आफ्नो उत्कृष्ट कवित्व प्रतिभाको परिचय दिएकी छन् । उनले विविध आरोह-अवरोहहरू पार गर्दै नेपाली साहित्यप्रेमीका सामु विशाल महाकाव्य **क्रान्तिकारी विश्वेश्वर** पस्कन सफल भएकी छन् ।

नेपाली राजनैतिक धरातलको उच्चकोटीमा पुग्न सफल इतिहास प्रसिद्ध महानायक (क्रान्ति नायक) विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्तलाई विवरणात्मक रूपमा कवित्व शैलीले ओतप्रोत पारी महाकाव्यात्मक संरचनामा प्रस्तुत गरिएको यस महाकाव्यका आधारमा उनको महाकाव्यकार व्यक्तित्वका साथै महाकाव्यकारिता समेत प्रस्ट हुन गएको देखिन्छ ।

## २.५ निष्कर्ष

कवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) वि.सं. २००९ सालमा पुर्ख्यौली थलो धौलागिरी अञ्चल, पर्वत जिल्लाको मुडिकुवामा जन्म भएको हो । बाल्यकालमै आमाको मायाबाट वञ्चित हुनु परे तापनि आफ्नी ठूलीआमाको काखमा सुखमय तरिकाले नै उनको बाल्यकाल व्यतित भएको थियो । स्नातकोत्तरसम्मको शैक्षिक उपाधि प्राप्त गरी शिक्षण पेसामा संलग्न

रहेकी छन् । उद्योगबहादुर श्रेष्ठसँग वैवाहिक सम्बन्धमा बाँधिएकी कृष्णादेवीले भारतका बनारस, ऋषिकेश, गया, काशी, इलाहावाद, आसाम लगायत दक्षीण भारतमा पर्ने शान्तिवन एवम् नेपालका प्रायः धेरै जिल्लाहरूको भ्रमण गरेकी छन् । सानैदेखि कविता लेखनमा रुचिराख्ने कृष्णादेवीको २०५१ मा *साथी* पहिलो प्रकाशित फुटकर कविता हो भने *सुनाखरी* र साथै थुप्रै फुटकर लेखहरू प्रकाशित भइसकेका छन् । वि.सं. २०६९ मा **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य प्रकाशन गरी उनी नेपाली साहित्यमा पाँचौ नारी महाकाव्यकार एवम् नवलपरासी जिल्लाकै प्रथम महाकवयित्रीका रूपमा परिचित हुन पुगेकी छन् । यसरी नेपाली साहित्य जगत्मा समर्पित कवि, गजलकार, समलोचक मात्र नभएर महाकाव्यकारका रूपमा पनि प्रसिद्ध कृष्णादेवी धेरै किसिमका पदक तथा सम्मानले सम्मानित बनेकी छन् ( महाकाव्यकारबाट प्राप्त जानकारी अनुसार) ।

# परिच्छेद : तीन

# महाकाव्यको सैद्धान्तिक अध्ययन

# परिच्छेद : तीन

# महाकाव्यको सैद्धान्तिक अध्ययन

## ३.१ विषय प्रवेश

मानव सभ्यताको विकाससँगै आविष्कार गरिएको प्रथम उपज नै भाषा हो । भाषा वाक् प्रतीक हो, भाषा सञ्चारको माध्यम हो । भाषाकै माध्यमबाट यो संसारमा अनेकौं सभ्यताको उदय भएका छन् । मानव जीवनमा भाषाको उच्च स्थान रहेको छ । यदि भाषाको विकास नहुँदो हो त मानव समाज पनि कहिल्यै सभ्यताको सिढीँ चढ्ने थिएन । अझ यो संसारमा मानव र अन्य प्राणीका बीचमा फरकपन ल्याउनुमा श्रेष्ठतम स्थान भाषाको नै रहेको छ ।

साहित्य कलाको एक भेद हो । जीवन-जगत्का वास्तविकतालाई कलात्मक एवम् भावपूर्ण तरिकाले प्रस्तुत गर्ने माध्यम साहित्य हो । त्यसैले साहित्य एउटा सुन्दर कला हो । जब साहित्य भन्नाले भाषाका माध्यमबाट रचना गरिएका काव्य, कविता, कथा, उपन्यास, नाटक आदि भावपूर्ण कृति भन्ने बुझिन्छ तब साहित्य कला हो । कलाको मुख्य लक्षण नै सौन्दर्यको प्रकाशन हो । साहित्यमा सौन्दर्यको वर्णन गरिन्छ । वास्तवमा साहित्य जीवनको पर्याय हो । जीवन सबभन्दा महत्त्वपूर्ण र महत् छ, साहित्यले त्यही महत्त्वपूर्ण जीवन जिउने कलाको अन्वेषण र प्रदर्शन गर्दछ भनी उपाध्यायले बताएका छन् (उपाध्याय, २०४६ : १-५) ।

जीवन-जगत्को रागात्मक अभिव्यक्ति ललितकला हो भने त्यसै ललितकलाको एक भेदका रूपमा रहेको साहित्य-कला चाहिँ भाषाका माध्यमबाट गरिने जीवन जगत्को रागात्मक ललित अभिव्यक्ति हो । त्यसैले साहित्य एक भाषिक कला हो र यसलाई भाषिक माध्यम अङ्गाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ भनी भण्डारीले चर्चा गरेका छन् (भण्डारी, २०५४ : १) ।


साहित्य रसले युक्त हुन्छ भन्दै दयाराम श्रेष्ठका विचारमा साहित्यमा विषयबोधका साथै रसात्मक हुन्छ । यसमा हृदय मुग्ध गराउने वाक्विलास हुन्छ । अभिव्यञ्जनात्मकता

जस्ता विधिबाट उक्ति विचित्रता प्रदान गरेर हृदयग्रह्य एवम् मनोरम हृदयसम्मित अर्थ अभिव्यक्ति भएको हुन्छ भनिएको छ (श्रेष्ठ, २०६५ : ५४) ।

यसरी रसले युक्त र भावपूर्ण कोमल भाषाशैलीमा संरचित कृति नै साहित्य हो ।

## ३.२ साहित्यका भेद

साहित्य कला हो । यसको आस्वादनद्वारा मानवले मनोरञ्जन तथा ज्ञान प्राप्त गर्दछ । त्यसैले यो निकै लोकप्रिय छ । साहित्यलाई विभिन्न विधा तथा उपविधामा विभक्त गरेर अध्ययन गरिएको छ । उक्त विभाजित खण्डहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :




साहित्यका दुई भेदहरू हुन्छन् ती हुन् श्रव्य र दृश्य विधा । सुनेर, पढेर या अवलोकन मात्र आस्वादन गर्न सकिने साहित्यिक रचनाहरूलाई श्रव्य दृश्य विधाका रूपमा समाहित गरिएको छ ।

साहित्यका यी दुवै विधा शसक्त रूपमा रहेका छन् तापनि दृश्य विधाका तुलनामा श्रव्य विधा निकै फस्टाएको छ । साहित्यको यही श्रव्य विधाअन्तर्गत नै कविता विधा पर्दछ ।

### ३.२.१ कविता

कविता साहित्यको एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट रूपमा चिनिन सक्दछ । भाषाको मधुर एवम् कोमल रूप

नै कविता हो । कविता भाषिक कलाका रूपमा चिनिन्छ । यो वाङ्मयको रागात्मक वा सौन्दर्यात्मक प्रयोजनको मुख्य प्रयोग स्थल हो । यस परिप्रेक्ष्यमा कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ । साहित्यलाई विधागत सन्दर्भमा चिनाउँदा चाहिँ यो साहित्यको लयात्मक वैशिष्ठ्य भएको गद्येत्तर भेद हो भन्ने उल्लेख गरिएको पाइन्छ (त्रिपाठी, २०६० : १५) ।

धनपति कोइरालाले संस्कृत काव्यशास्त्रका छैठौँ शताब्दीका आचार्य भामहका मान्यतालाई अघि सारेका छन् । कविता साहित्यिक विधा हो । यो लयात्मक वा साङ्गीतिक प्रकृतिको हुन्छ । कवि शब्दमा 'ता' प्रत्यय लागेर बनेको कविता शब्दले प्रतिभाशाली वर्णन क्षमता भएको र जीवन जगत्बारे राम्रो ज्ञान राख्ने कविद्वारा लयमा आबद्ध भई प्रस्तुत गरिएको कलात्मक भाषिक रचनालाई अभिव्यक्त गर्दछ । पूर्वीय साहित्यले प्रारम्भ गरेको कलात्मक भाषिक रचनालाई जनाउँछ । पूर्वीय साहित्यको प्रारम्भिक कालखण्डमा छन्दका आधारमा साहित्यलाई गद्य र पद्य गरी दुई भेदमा वर्गीकरण गरिएको पाइन्छ भनी चर्चा गरिएको छ (कोइराला, सन् २०११ : ४१) ।

कविताका सन्दर्भमा चर्चा गर्दै त्रिपाठीले कविताको लघुत्तम रूप जीवनको कुनै एक क्षणको चुट्किलो र छरितो अभिव्यक्ति हो भने लघुरूपचाहिँ जीवनको कुनै खास घडीको अभिव्यक्ति हो र यो कविता अनुभूतिको एक झिल्का मात्र नभई अनुभूतिको एक झरी या एक मेहेरो हो भनेका छन् (जोशी, २०६५ : ३-४) ।

भाव अनुभूति र विचारका दृष्टिले लघुतम कविता भन्दा लघु रूप पूर्ण र विस्तरित हुनुका साथै यसले भावको परिपाक समेत प्राप्त गरेको हुन्छ । संरचनात्मक आयाम र अनुभूति विस्तारका दृष्टिले लघुकविता भन्दा लामो वृहत् कविताभन्दा छोटो आयतन भएको कविताको स्वरूपलाई कविताको मध्यम रूप मझौला रुप मानेका छन् (अवस्थी, २०४६ : ३२) ।

यसरी कवितालाई भावानुभूतिको ललित अभिव्यक्ति अनि भावको परिपाक समेत भएको रचना भनिएको छ । कविता विधा लघुतम, लघु वा फुटकर कविता, लामो कविता हुँदै बृहत् कविताका रूपमा समेत विकास भएको छ । यिनै कविता, खण्डकाव्य र महाकाव्यहरू कविताका विविध उपविधाका रूपमा रहेका छन् ।

### ३.२.२ महाकाव्य

सृष्टिको उषाकलसँगै मानव सभ्यताको विकाससँगै या वैदिक कालसँगै जसो वाङ्मयको पनि विकास हुँदै आएको हो । मानव जीवनका आरोह, अवरोह, दु:ख कष्ट आदिलाई प्रस्फुटन गर्ने माध्यम कला हो । कला ललितकला र उपयोगी कला गरी दुई रूपमा देखिन्छन् । ती मध्ये एक चाहिँ साहित्यका रूपमा देखापर्‍यो र पछि पद्यमा विकसित भयो । विस्तारै कविता महाकाव्यादिको रूपमा पूर्ण विकास भएपछि मात्र गद्यमा कविता, कथा, उपन्यास विधाको प्रादूर्भाव भएको पाइन्छ ।

साहित्यको पुरानो विधाको रूपमा चिनिने कविता विधाको उपविधा नै महाकाव्य रहेको छ ।

महाकाव्य कविताकाव्यको वृहत् रूप हो । प्राचीन संस्कृत साहित्यमा काव्यलाई नै वाङ्मय वा साहित्यको पर्यायका रूपमा लिने गरिन्थ्यो । पछि काव्य शब्दको अर्थ सङ्कुचन भई कविता विधाको प्रबन्धात्मक स्वरूपको मात्र बोध गराउने अर्थमा लिन थालियो । महाकाव्य संस्कृतको 'महान्' र 'काव्य' शब्दको योगबाट बनेको हो । महान् शब्दले महत्, विशद्, ठूलो, विशाल, महत्त्वपूर्ण, उच्चकोटिको भन्ने अर्थ वहन गर्छ भने काव्य शब्दले कविताको प्रबन्धात्मक स्वरूपको कविता रूप भन्ने अर्थ वहन गरेको छ ।

महाकाव्यलाई अंग्रेजी शब्दका लागि एपिक शब्द प्रयोग हुन्छ । यसको स्रोत ग्रीसेली भाषाको एपोस् शब्द हो । एपोस् शब्दको प्रयोग वचन, शब्द, कथन, देवता वा सिद्ध पुरुषको वाक्य जस्ता अर्थमा हुन्थ्यो । त्यसैले यो शब्द पछि गएर वक्तव्य, लोकगीत, लोकगाथा, भन्ने अर्थमा प्रयोग गरियो । प्राचीन ग्रीसमा होमर (ईशापूर्व आठौंदेखि पन्धौं शताब्दी) ले यस्तै लोकगाथाहरू सङ्कलन गरेर **इलियड** र **ओडिसी** महाकाव्य (एपोसी) को रचना गरे । सृष्टि र मानव जीवनका बारेमा मानिसले सुरुमा जे-जस्तो अनुभव सँगाल्यो त्यसैको कलात्मक, काल्पनिक रमणीय काव्यात्मक मानियो । यसरी हेर्दा ग्रीसेली भाषाको एपोस-एपोसीबाट बनेको अङ्ग्रेजी भाषाको एपिक शब्दकै समनार्थी शब्दका रूपमा महाकाव्य शब्द प्रचलनमा रहेको छ (आचार्य, २०४६ : ५४-५५) ।

**महाकवि देवकोटा र उनका महाकाव्य** कृतिको भूमिका लेखनका क्रममा महाकाव्यका सम्बन्धमा व्यक्त भएका त्रिपाठीका विचारमा महाकाव्य कम्तिमा पनि तीन सहस्राब्दी पुरानो साहित्यिक विधा हो र साहित्यका हाल चलनचल्तिका विधाहरू मध्ये स्फुट,

गीत र कथा बाहेक सबभन्दा जेठो र बूढोपूरानो विधा यही महाकाव्य हो भन्दै त्रिपाठीले महाकाव्य सम्बन्धी अवधारणा प्रस्तुत गरेको देखिन्छ (जोशी, २०६५ : २) ।

## ३.३ महाकाव्य सम्बन्धी पूर्वीय मान्यता

संस्कृत साहित्य परम्परामा महाकाव्य सम्बन्धी धारणा व्यक्त गर्ने आचार्यहरूमध्ये भामह, दण्डी, रुद्रट र विश्वनाथका धारणाहरू विशेष उल्लेखनीय छन् । पूर्वीय परम्परामा महाकाव्यका प्रथम चिन्तक आचार्य भामह (छैठौँ शताब्दी) का हुन् । उनले आफ्नो लाक्षणिक ग्रन्थ **काव्यालङ्कार**मा महाकाव्य सम्बन्धी मत सङ्क्षिप्त रूपमा यसरी प्रस्तुत गरेका छन्: उनका अनुसार "महाकाव्यको वस्तुगठन, सर्वबद्ध र पञ्चसन्धिले युक्त हुनुपर्छ । साथै यसमा शिष्ट, अग्राम्य, शब्दर्थसहितको अलङ्कृत अभिव्यक्ति हुनुपर्दछ । महाकाव्यमा मन्त्रणा, दूतप्रेषण, यात्रा, अभियान, सङ्ग्राम, युद्धसहितको नायकको अभ्युदय सम्बन्धी वर्णन हुनुपर्दछ तर अति विस्तार गरिएको हुनुहुँदैन र अर्थ प्रधानता भएको चतुवर्गको चित्रण र भव्यता वाञ्छनीय हुन्छ भनेका छन् (हिमांशु, २०६६ : ५७)।

संस्कृत साहित्यमा महाकाव्यको स्वरूपको सम्बन्धमा चर्चा गर्ने पहिलो आचार्य भामह हुन् । त्यसपछि दण्डी, रुद्रट र हेमचन्द्रले पनि महाकाव्यको स्वरूप र परिभाषाका सम्बन्धमा चर्चा गरेका कुरालाई मोहन हिमांशु थापाले प्रस्तुत गरेका छन् । आचार्य भामहले महाकाव्यमा वस्तुनिष्ठता, सर्गबद्धता र पञ्चसन्धिको निर्वाह हुनुपर्ने र दूत-सन्देश, यात्रा, युद्ध आदिको वर्णन समेत हुनुपर्दछ भनेका छन् । नायकको लागि महान् कार्यको प्रस्तुति हुनु आवश्यक छ र यसका अतिरिक्त नायकको अभ्युदय र विजयको वर्णन पनि हुनु आवश्यक छ । कलापक्षमा शिष्ट पदविन्यास र अलङ्कार योजना हुदुपर्दछ भन्ने भामहको भनाइ रहेको छ (थापा, २०६६ : ४४) ।

महाकाव्यमा कथानक कल्पित वा अकल्पित जुनसुकै भए पनि कथानक भित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्ने, युग र जीवनको विविध चित्रण भएको सर्वगुण सम्पन्न नायक द्विज कुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धमा विजय समेत हासिल गर्न सक्ने खालको हुनुपर्दछ भन्ने पूर्वीय मान्यता रहेको देखिन्छ (लामिछाने, २०५८ : ३) ।

दोषरहित, गुण, अलङ्कार, लक्षण र रीतिले परिपूर्ण वाक्य नै काव्य हो भन्ने जयदेवको विचार रहेको देखिन्छ । उनले काव्यलक्षण अव्याप्ति, अतिव्याप्ति आदि दोषहरुले पूर्ण रहेको छ भनी उल्लेख गरेका छन् (उपाध्याय, २०६४ : ९-१०) ।

केशवप्रसाद उपाध्यायका अनुसार बाह्रौं शताब्दी उत्तरार्धका संस्कृतका विद्वान् आचार्य जयदेवले महाकाव्य लक्षणमा थप नयाँ तत्त्वहरु समावेश गरी विशद बनाएको पाइन्छ ।

## ३.४ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता

पश्चिमी साहित्य शास्त्रीय परम्परामा महाकाव्यका सम्बन्धमा चर्चा गर्ने ग्रीसेली समालोचक अरिस्टोटल (ई.सं. ३४८-३२२) हुन् । उनले आफ्नो काव्यशास्त्रमा दु:खान्त र महाकाव्यको छुट्टाछुट्टै उल्लेख गरेका छैनन् तापनि दु:खान्तको विस्तृत चर्चा गर्ने क्रममा तुलनात्मक रूपमा महाकाव्यको स्वरूप र तत्त्वहरुको बारेमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । उनले आफ्नो समयावधिमा पाएका होमरका दुई महाकाव्यात्मक कृति **इलियाड** र **ओडिसी**लाई काव्य आदेश मानी यसैका आधारमा महाकाव्यीय लक्षण अघि सारेको देखिन्छ (त्रिपाठी, २०५८ : ८८) ।

होमरका इलियड र ओडिसी महाकाव्यका आधारमा दार्शनिक समालोचक अरस्तुले इ.पू. चौँथो शताब्दीतिर महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता वा सिद्धान्तको निर्माण गरेका छन् जुन हिजोआज पनि महाकाव्य सम्बन्धी पाश्चात्य मान्यताको सन्दर्भमा धेरै मात्रामा आधिकारिक नै मानिन्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरेका छन् (जोशी, २०६५ : १२५-१२६) ।

अरस्तुले महाकाव्य दु:खान्त नाटक जस्तै प्रकृति (जीवनजगत्को) अनुकरण हो भन्दै महाकाव्यमा उच्चतर पात्रको भव्य चित्रण हुन्छ भनेका छन् । यो महाकाव्य पद्यबद्ध हुन्छ । महाकाव्यमा दु:खान्त नाटकीय दृश्य विधानको सट्टा समाख्यानात्मक हुन्छ । दु:खान्त नाटकका सङ्गठित सीमित आयामका तुलनामा महाकाव्यमा विषयवस्तुगत विस्तारको विशिष्टता रहने हुँदा बृहत् स्वरूपगत विस्तार हुन्छ । महाकाव्यमा एकै (वीर) छन्दको प्रयोग गरिन्छ । महाकाव्यमा दु:खान्तीय तीक्ष्ण-तीव्र प्रभावको सट्टा सघन र गरिमामय प्रभाव सामर्थ्य रहन्छ भनेका छन् (अवस्थी, २०६४ : २५-२९) ।

महाकाव्यको विषयवस्तु अतिभव्य र अतिसामान्य दुवै किसिमका हुन सक्ने भनी समन्वयात्मक धारणा टिसियार्डले ल्याएका छन् । टिसियार्डका अनुसार जीवनको अधिकतम व्याख्या, विश्लेषण र विस्तारित पक्षसँग सम्बन्धित महाकाव्य नै उत्कृष्ट हुन्छ । स्रष्टाको इच्छा अनुसार नै महाकाव्यको रचना हुनुपर्दछ । यसरी टिसियार्डले स्वतन्त्र रूपमा सिर्जित महाकाव्यको जुनसुकै विचार, धारणा, सिद्धान्त, मूल्य, मान्यता स्वीकार्य हुन्छ भनी बताएका छन् (उपाध्याय, २०५९ : ९८) ।

## ३.५ महाकाव्य सम्बन्धी नेपाली मान्यता

हिन्दी साहित्यमा महाकाव्यको सुरुवात **पृथ्वीराजरासो** र **अहलखण्ड** दुई प्रसिद्ध महाकाव्यबाट भएको पाइन्छ । यो नागरी प्रचारिणी सभाद्वारा प्रकाशित ग्रन्थका रूपमा रहेको छ । यसैगरी मध्यकालमा प्रकाशित महाकाव्यमा पद्मावत्, गोस्वामी, रामचरितमानस हुन् । उत्तरमध्य कालमा उत्कृष्ट महाकाव्यको रचना भन्दा पनि काव्यशास्त्रको आधारमा रस, अलङ्कार, छन्द जस्ता परिपाटी प्रचलित रहे । यसकारण **रामायण, महाभारत** र **रामचरितमानस** जस्ता महाकाव्यको अनुकरणमा महाकाव्यहरू लेख्ने प्रयास भए तापनि महाकाव्य निर्माणका दृष्टिमा त्यति उर्वर नरहेको चर्चा गरेका छन् (जोशी, २०६५ : १३३-१३४) ।

हिन्दी साहित्यका समालोचक शम्भुनाथ सिंहका धारणामा महाकाव्य छन्दकथानक र विशाल तथा अलङ्कृत कथानक हुने मनोवैज्ञानिक चरित्रले युक्त भएको रसात्मकता उत्पन्न गर्न सफल यथार्थ, कल्पना र सम्भावनामा आधारित चरित्र रहेको हुन्छ जुन महत् उद्देश्य सिद्धका लागि गम्भीर घटना भएको हुन्छ भनेका छन् । उनले यस्तो युगान्तर र गरिमामय रचनालाई महाकाव्य मानेका छन् (अधिकारी, २०६६ :१८) ।

अनुवाद र मौलिकताको दोसाँधमा उभिएर भानुभक्त आचार्यले लेखेको **रामायण** (१८९८-१९१०) प्रकाशन (१९४१) पछि मौलिक महाकाव्यका रूपमा लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) प्रकाशित भयो । २४ सर्गमा संरचित यो महाकाव्य प्रकाशनपछि महाकाव्यको स्वरूपबारे सैद्धान्तिक चर्चा आरम्भ गरिएकाले यसअघि यो सम्बन्धमा त्यति उल्लेख पाइँदैन । महाकवि देवकोटाले **शाकुन्तल** नेपाली साहित्य जगत्मा महाकाव्यको

अवस्था दयनीय रहेकोले अभाव पूर्तिका लागि लेखिएको उल्लेख गरेका छन् । त्यही मूभिकामा संस्कृत शब्दको प्रचुर प्रयोग महाकाव्यका निम्ति आवश्यक उल्लेख गरेको पाइँदैन ।अर्का प्रयोगशील नेपाली महाकाव्यकार बालकृष्ण समले आफ्नो **चिसो चुह्लो** महाकाव्यको भूमिकामा महाकाव्य बारेको धारणा व्यक्त गर्दै भन्दछन्: "संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो, जसमा कविले विभिन्न छन्द, रस, अलङ्कार, शैली तथा विषयमा अफ्नो कविता प्रदर्शित गरेको हुन्छ ।" समको यस अभिव्यक्ति बाह्य तत्त्वप्रति ज्यादा दृष्टि पुगेको जस्तो देखिए पनि मूलरूपमा उनी रुढिगत महाकाव्यको विपक्षमा नै देखिएका छन् (सम, २०५९ : भूमिकाबाट) ।

वासुदेव त्रिपाठीले महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत्तर उपविधा भेद हो जसमा साङ्गीतिक भाव प्रवाहका रुपमा कविताको प्राधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन जगत्को विस्तृत कथन प्रायः सर्गबद्ध बृहत् भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यको रचनामा विपुल लयप्रवाह र विशाल भावराशि तथा समग्र जीवन जगत्को आख्यानीकरण र बृहत् भाषिक संरचनाका मुख्य चार पक्षका रुपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन् भनेका छन् ( त्रिपाठी, २०४६ : ११२) ।

महाकाव्य सम्बन्धी त्रिपाठीको चिन्तनले पूर्व र पश्चिमका काव्यचिन्तकका नौनीलाई राम्रैसँग तताएर अनि खारेर एकै ठाउँमा समेटी औषधीयुक्त ट्यावलेट बनाएको देखिन्छ । जुन ट्यावलेटले महाकाव्य विधाको सन्दर्भमा रहेका झुसिला डकारलाई निर्मूल गरिदिन्छ । यसै गरी अर्को ठाउँमा त्रिपाठीले वस्तुतः सामयिक सामाजिक धरातलमा टेकेर मानिस भावनात्मक र वैचारिक चिन्तनात्मक अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो भनी बताएका छन् (त्रिपाठी, २०२७ : १०९) ।

नेपाली साहित्यकोशका अनुसार प्रस्तुत गरिएको महाकाव्य सम्बन्धी अभिमतका अनुसार महाकाव्य कुनै पनि राष्ट्र वा जातिका महत्वका आदर्श संस्कार, संस्कृति, इतिहास, जीवनदर्शन र नीति जस्ता सम्पूर्ण राष्ट्र वा जातिद्वारा गौरव गरिने र सम्पूर्ण राष्ट्र वा जातिकै स्वाभिमानको प्रतिनिधित्व गर्ने सम्पदाहरुको संगठन भएको सर्वाङ्ग रुपको

परिमार्जित उत्कृष्ट काव्य हो भन्ने अभिमतलाई उल्लेख गरेका छन् (आचार्य, २०४६ : ५७) ।

पूर्वीय पाश्चात्य महाकाव्यको समन्वित स्वरुपमा महाकाव्य सम्बन्धी विचार राख्दै केशवप्रसाद उपाध्यायले महाकाव्य कवितामा निबद्ध यस्तो बृहत् परन्तु शृङ्खलित र सुगठित प्रबन्धात्मक वा आख्यानात्मक रचना हो जसमा प्राचीन र नवीन कुनै पनि विषयको आधारमा मानव जीवनको यथार्थ र आदर्शलाई प्रकृतिको विराट रुप र सौन्दर्यले समन्वित पारी प्रस्तुत गरिन्छ (उपाध्याय, २०४६ : ११८-११९) ।

## ३.६ महाकाव्यका तत्त्वहरू

महाकाव्यका तत्त्वहरूका बारेमा पूर्वमा सर्गबद्धता, पात्रविधान, महत् कथावस्तु, परिवेश, छन्दोबद्धता, रसाभिव्यक्ति, उद्देश्य, भाषाशैली, शीर्षक गरी महाकाव्यका नौओटा तत्त्वहरूमा विशेष जोड दिएका छन् भने पश्चिममा परिवेश, कथावस्तु, समाख्यानात्मकता, उच्चत्तर वीर, सदोष नायक, विचार तत्त्व (उद्देश्य), उच्च उदात्त शैली र छन्दोबद्धता गरी सात ओटा तत्त्वहरूमा बढी जोड दिइएको पाइन्छ (अवस्थी, २०६५ : २०) ।

नेपाली महाकाव्यका तत्त्वहरूका सम्बन्धमा वासुदेव त्रिपाठीको लय (बद्ध तथा मुक्त, विपुल लय प्रवाह), भाव (जीवनजगत्का समग्रतालाई व्यक्त गर्ने विशाल भावराशि), आख्यान, आयामको आख्यानीकरण, कथानक, पात्रविधान, स्थान काल लगायत प्राकृतिक एवम् सामाजिक परिवेश, प्रायः सर्गबद्ध सङ्कथनको भाषाशैलीगत विस्तृत संरचना मनोविचारलाई उल्लेख गरेका छन् (अवस्थी, २०६५ : ३४-३५) ।

नगेन्द्रले औदात्य नै महाकाव्यको प्राण हो भन्दै उदात्त कथानक, उदात्त कार्य वा उद्देश्य, उदात्त चरित्र, उदात्त भाव, उदात्त शैली गरी महाकाव्यका पाँच तत्त्वलाई औंल्याएका छन् । उक्त तत्त्वहरूलाई सार्वभौम तत्त्वका रूपमा सबैजसोले स्वीकारेको पाइन्छ भने कतिपयले सर्गबद्धतालाई पनि प्रमुख तत्त्वको रूपमा लिएको पाइन्छ । उक्त तत्त्वहरूको बारेमा खास मतभिन्नता नभएको हुँदा यिनैलाई महाकाव्यको प्रमुख तत्त्व मानी चर्चा गर्नु उपयुक्त देखिन्छ भनेका छन् (अधिकारी, २०६६ : ४१) ।

समष्टिमा महाकाव्यका महत् कथावस्तु, महत् पात्र, महत् परिवेश, महत् उद्देश्य, सर्गबद्धता, छन्दोबद्धता, भाषाशैली, शीर्षकीकरण र रसाभिव्यक्तिलाई महाकाव्यका तत्त्व मान्न उपयुक्त देखिन्छ ।

### ३.६.१ कथावस्तु

महाकाव्य कविताको बृहत् रूप भएको हुँदा आफ्नो लामो यात्रामा अनुभूति एक्लै हिँड्न नसकी यसले कथानकको साहारा लिएको हुन्छ । मुक्तक स्वरूपबाट प्रबन्धात्मक स्वरूपमा छुट्टिँदा नै कविताले कथानकलाई वरण गरिसकेको हुन्छ । यसैले कविता महाकाव्यको यात्रामा निस्कँदा कथानकलाई पनि सँगै लिएको हुन्छ ।

जय-पराजय, उत्थान र पतनका अनेक घटनाचक्रसँग शृङ्खलित हुँदै जाँदा एक मर्मस्पर्शी सिङ्गो महाकाव्य कलेवरको मेरुदण्ड हो । अन्य अङ्ग अङ्गहरूको आधारमिति यही हो । पश्चिमका आदि आचार्य अरिस्टोटलले महाकाव्यलाई समाख्यानात्मक काव्य भन्दै सामर्थ्यवान् कथावस्तु बिना काव्य रहन नसक्ने कुरा बताएका छन् । उनका अनुसार महाकाव्य र त्रासदीमा आकार र छन्दको भेद रहन्छ र त्यसमा आफ्नो सीमालाई विस्तार गर्ने ठूलो क्षमता रहेको हुन्छ अनि त्यसको आयाम पनि यस्तो हुनुपर्छ कि आदि र अन्त्य एउटै दृष्टिको परिधिमा आउन सकोस् भनेका छन् (मिश्र, १९९७ : २२) ।

पूर्वीय महाकाव्य मान्यतानुसार कुनै महान् घटनालाई महाकाव्यको कथावस्तु बनाइनुपर्दछ । त्यसलाई गतिशीलता एवम् परिपूर्णता प्रदान गर्न अवान्तर कथा वा अप्रधान घटनाहरू पनि समावेश गर्न सकिन्छ । साथै ती  कथा वस्तुलाई सर्गबद्ध रूपमा प्रस्तुत गरिएको हुनुपर्छ । त्यसमा जीवनको क्रम बुझाउने बीज, बिन्दु, पताका, प्रकरी र कार्य जस्ता पञ्चार्थप्रकृतिलाई मुख, प्रतिमुख, गर्भ, विमर्श र उपसंहिता जस्ता पञ्चसन्धिद्वारा संयोजित तुल्याएर महाकाव्यात्मक कथावस्तुको अङ्ग संरचनालाई सुगठित अवयवीको स्वरूप दिनुपर्छ (अवस्थी, २०६४ : २२) । यसरी महाकाव्यमा कथानक भव्य हुनुपर्ने कुरा स्वीकार गरिएको पाइन्छ ।

### ३.६.२ पात्रविधान

पूर्व र पश्चिम दुवै तिरका आचार्यहरू महाकाव्यमा महान् चरित्र हुनुपर्ने कुरामा एकमत देखिन्छन् । समालोचक नरेन्द्र चापागाईले नायक-नायिका समसामयिक युग र

जीवनको व्यापक परिवेशको प्रतिनिधित्व गर्ने सामर्थ्य भएका र भविष्यका निम्ति नव प्रेरणा दिने भव्यगुण भएका हुनुपर्ने धारणा प्रस्तुत गरेका छन् । उनका विचारमा नायक नायिकाले संवहन गरेको जीवनदर्शन कविले स्थापना गर्न चाहेको विचारसँग सम्बन्धित हुने भएकाले काव्यान्तमा त्यसको चोटिलो प्रभाव देखिनुका साथै प्रतिनायक तथा प्रतिनायिकाले सकारेको जीवनदर्शन काव्यान्तमा गौण महत्त्वको मात्र हुनुपर्दछ एवम् अन्यपात्रहरूले पनि आ-आफ्नो जीवनको झलक प्रस्तुत गरे पनि तिनबाट नायककै उद्देश्य परिपूर्ति हुनुपर्दछ भनी चर्चा गरेका छन् (नरेन्द्र चापागाई, २०५१ : ७६) ।

नेपाली समालोचक केशव प्रसाद उपाध्यायले नायक जुनसुकै वर्गबाट लिइएको भएपनि प्रतिपाद्य विषयमा नायकको भौतिक र मानसिक स्थितिको अनुकरण हुनुपर्दछ । अन्यथा गम्भीर विषयको उपस्थापन प्रभावहीन एवम् हास्यास्पद हुने विचार प्रकट गरेका छन् । नायक बनाएपछि निम्नवर्गीय चरित्रलाई पनि शिक्षा र संस्कारले सम्पन्न प्रभावशाली सङ्घर्ष क्षमता भएको निर्णायक वृद्धि भएको व्यक्तिका रूपमा उभ्याउनुपर्ने अर्को धारणा देखिन्छ (केशवप्रसाद उपाध्याय, २०४६ : ११९) । यसरी महाकाव्यको नायक उच्च र विशिष्ट रहनु पर्ने पाइन्छ ।

### ३.६.३ परिवेश

परिवेश विधान अन्तर्गत नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय, उद्यान, जलक्रीडा, सुरापान, सम्भोग उत्सव, विप्रलम्भ, विवाह, कुमारजन्म, मन्त्रदूतप्रयाणका साथै रात्री, प्रदोष, दिवस, अन्धकार, प्रातःकाल, मध्याह्न सिकार युद्धवन, भूमि, स्वर्ग, पुर, (यज्ञ) सायङ्कालीन आदि परिवेशका बारेमा मनोहर वर्णन गरिएको हुनुपर्दछ (अवस्थी, २०६४ : २२-२३) ।

### ३.६.४ उद्देश्य

पूर्वीय आचार्यहरू महाकाव्यको उद्देश्य चतुवर्ग- धर्म, अर्थ, काम, मोक्षको प्राप्तिलाई मानेका छन् । धर्म, अर्थ, काम, मोक्षलाई त्यस समयमा जे-जस्तो अर्थमा प्रयोग गरिएको भए पनि आज आएर धर्मको अर्थ कर्तव्य निर्वाह, अर्थको तात्पर्य अस्तित्व-प्रतिष्ठापन, कामको अर्थ प्रेमसिद्धि र मोक्षको अर्थ दासत्वमुक्ति वा वर्गीय मुक्तिलाई सोही अनुरूप प्रयोग गर्ने गरिएको पाइन्छ । महाकाव्यको उद्देश्यको रूपमा पूर्वीय विद्वान्हरूले लोक रञ्जकलाई

पनि लिएको पाइन्छ । रसानुभूतिद्वारा विशेष प्रकारको आनन्द हुने परिस्थितिको सिर्जना गर्नु पनि महाकाव्यको उद्देश्य हुन सक्छ भने युगबोध र जीवनबोधलाई पनि यसको उद्देश्यका रूपमा लिन सकिन्छ (चापागाई, २०५१ : ६८) ।

### ३.६.५ भाव

पूर्वीय काव्यशास्त्रमा रसका उपकरण विभाव अनुभाव आदि सबै तत्त्वहरूको आधारभूत मूल आलम्बन पक्ष भाव नै रहेको र विनाभाव कुनै पनि विचार नउठ्ने बरु उपसर्गको भेदले यिनीहरूमा रूपभेद र विधान भेद देखिन आएको पाइन्छ भने पश्चिममा आनन्दको उपकरणहरूको मूल उत्पत्ति केन्द्र भावलाई नै मानिन्छ र यसैबाट सम्पूर्ण मानसिक कार्य प्रणाली सञ्चालित रहन्छ भनी बताएका छन् (अधिकारी, २०६६ : ४४) ।

### ३.६.६ शैली

शैलीको महत्ता नै महाकाव्यको महत्ता हो । शैलीको महत्ता महाकाव्यको लागि अनिवार्य हुन्छ । महत् बिनाको महाकाव्य लेखन बालचापल्य सिद्ध हुन्छ । विकासशील महाकाव्यको शैली सरल हुन्छ र त्यो प्राय प्राक्कथन प्रधान हुन्छ । ती महाकाव्यको भव्यता र महत्ता तिनको विशालता र विचारको गम्भीरतामा हुन्छ भनेका छन् (अधिकारी, २०६६ : ४६) ।

महाकाव्यमा सरल, सहज, सुललित एवम् सुबोध पदावलीको प्रयोग गर्नुपर्ने अपरिचित दुर्बोध्य बिम्ब प्रयोग गर्न नहुने पाठकहरूका सुषुप्त भावनालाई जगाउने किसिमको प्रसाद गुणयुक्त पदावलीहरूको छनोट गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् (चापागाई, २०५१ : ?) ।

### ३.६.७ सर्गबद्धता

सर्गबद्धतालाई पूर्वीय आचार्यहरूले महाकाव्यको महत्त्वपूर्ण अङ्ग वा तत्त्व मानेका छन् । महाकाव्यमा जीवन र जगत्सम्बन्धी विस्तृत विषयवस्तु र विपुल भाव प्रवाहलाई एकैपटक अखण्ड वा परिपूर्ण रूपमा व्यक्त गर्न सकिँदैन । त्यसका खास-खास विषय वा भावलहरीहरूलाई सर्ग-सर्गका रूपमा रच्दै गएर अनेक सर्ग निर्माण गरी सिर्जनात्मक

निरन्तरता र विश्रामका आन्तरिक आबद्धताबाट नै महाकाव्यात्मक अखण्ड अभिव्यक्ति पूर्ण बन्दछ भनी उल्लेख गरिएको छ (अवस्थी, २०६४ : २०-२१) ।

### ३.६.८ छन्दोबद्धता

छन्दोबद्धता महाकाव्यको आधारभूत पक्ष हो भन्ने पूर्व र पश्चिम दुवैतर्फको धारणा रहेको छ । सर्गहरू पशिचममा एउटै छन्दमा आबद्ध गरिएको र पूर्वमा सर्गैपिच्छे भिन्न छन्द हुनुपर्दछ प्रत्येक छन्दको अन्त्यमा भने छन्द परिवर्तन गरिएको हुनुपर्दछ भन्ने देखिन्छ (अवस्थी, २०६४ : २३) ।

पश्चिममा अरस्तुले पनि महाकाव्य छन्दोबद्ध हुनुपर्दछ भनेका छन् । उनी महाकाव्यमा केवल वीर छन्दको प्रयोग मात्र रुचाउँछन् तर मुक्त छन्द अर्थात् गद्य लयमा पनि महाकाव्य रच्न सकिन्छ भनी उल्लेख गरेका छन् (उपाध्याय, २०४६ : ९७) ।

यसै गरी शीर्षकीकरण एवम् रसाभिव्यक्तिलाई समेत कतिपय विद्वान्हरुले महाकाव्यमा मुख्य-मुख्य तत्त्वहरुमध्ये समावेश गरेको पाइए तापनि वास्तवमै शीर्षकीकरण एवम् रसाभिव्यक्तिलाई महाकाव्यमा मुख्य अङ्ग मान्नुभन्दा पनि शीर्षक काव्यको छुट्टै परिचय भएको र रसाभिव्यक्ति हरेक पाठक वर्गले आस्वाद गर्ने भएकाले यसलाई तत्त्वभन्दा बाहिर राख्नु उपयुक्त मानिन्छ ।

यसरी रसाभिव्यक्तिलाई पूर्वमा महत्त्वका साथ उठाइएको छ ।

## ३.७ नेपाली महाकाव्यको विकासक्रम

नेपाली भाषाको जन्म एघारौँ शताब्दीमा भए तापनि महाकाव्य लेखनकार्य भने अठारौँ शताब्दीपछि मात्रै भएको पाइन्छ । नेपाली भाषामा उदयानन्द अर्यालद्वारा लेखिएको पहिलो वीर धाराको महाकाव्यकृति वि.सं. १८७० तिरको **पृथ्वीचन्द्रोदय** हो भने पहिलो आधुनिक महाकाव्यकृति लक्ष्मीप्रसाद देवकोटाकृत **शाकुन्तल** हो । वि.सं. २००२ लाई आधारबिन्दु मानेर शाकुन्तलभन्दा अगाडिको समयलाई नेपाली महाकाव्य पूर्व आधुनिक काल र शाकुन्तलभन्दा पछिको समयलाई आधुनिक युग गरी नेपाली महाकाव्यको विकासक्रमलाई मुख्य २ भागमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ ।

### ३.७.१ नेपाली महाकाव्यको पूर्व आधुनिक युग (सुरुदेखि २००१ सम्म)

उदयनन्द अर्यालको **पृथ्वीचन्द्रोदय** (वि.सं. १८७०) तिर नेपाली भाषामा लेखिएको पहिलो महाकाव्य प्रयास देखिन्छ । यहाँदेखि लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** (२००२) महाकाव्य प्रकाशन अगाडिको पूर्व आधुनिक समयलाई प्राथमिक काल र माध्यमिक काल गरी विभाजन गर्नु उपयुक्त हुन्छ (ढुङ्गेल, २०६२ : २६४) ।

#### ३.७.१.१ प्राथमिककाल (सुरुदेखि वि.सं. १९४० सम्म)

नेपाली महाकाव्यको आधुनिक युगको पूर्वार्द्ध अर्थात् प्राथमिक कालमा उदयानन्द अर्यालकृत **पृथ्वीचन्द्रोदय** (१८७०) देखापर्छ । यो नेपाली भाषामा लेखिएको प्रथम महाकाव्यीय प्रयास हो । पृथ्वीनारायण शाहको वीरताको चित्रण रहेको करिब चारसय श्लोक संरचना भएको अपूर्ण छ तथापि मौलिक महाकाव्यका रूपमा यसको ऐतिहासिक महत्त्व रहेको छ । यसपछि भानुभक्त आचार्यको रामायण र पतञ्जली गजुन्यालको धीरादेश, पाताञ्जल, तीर्थावती जस्ता रचना पाइन्छ । पूर्वार्द्धका यिनै महाकाव्य देखापर्छन् यी वीर तथा भक्तिरस पूर्ण छन् ।

नेपाली साहित्यमा महाकाव्य त्यति धेरै लेखिएका छैनन् र जति लेखिएका छन् ती पनि सबै प्रकाशित हुन सकेका देखिँदैनन् । नेपाली साहित्यको प्रथम महाकाव्य भानुभक्तको **रामायण** हो जुन आदिकवि भानुभक्तद्वारा रचिएको नेपाली साहित्यमा महाकाव्य परम्पराको श्रीगणेश भानुभक्तको रामायणबाट भएको हो **रामायण** सरल, सरस भाषामा लेखिएको **रामायण**को ऐतिहासिक र साहित्यिक मात्र होइन धार्मिक, सांस्कृतिक र आध्यात्मिक मूल्य महत्त्व पनि अतुलनीय रहेको चर्चा गरिएको छ (जोशी, २०६५ : १३६-१३७) ।

#### ३.७.१.२ माध्यमिक काल (वि.सं. १४१-२००१ सम्म)

नेपाली महाकाव्यको पूर्व आधुनिक युगको उत्तरार्धमा विभिन्न धारा र प्रवृत्तिका महाकाव्यहरू देखा पर्दछन् । यस अवधिका महाकाव्यकार र तीनका महाकाव्यहरू तथा पुराणका **महाभारत** कथामा आधारित र यात्रावर्णनमा आधारित रहेका छन् ।

होमनाथ खतिवडाकृत **कृष्ण चरित्र** (१९५०-६० तिर), कृष्णप्रसाद रेग्मीकृत **देवी भागवत** (१९५६), शिखरनाथ सुवेदीकृत **वृहत् कृष्ण चरित्र** (१९९५) र शम्भुप्रसाद ढुङ्गेलकृत **कृष्णचरित्र** (१९७८) जस्ता कृतिहरू लेखिएका देखिन्छन् ।

त्यसैगरी यस चरणका अन्य कृतिहरूमा रमाकान्त बरालकृत **अद्भूत रामायण** (१९४५), वैयाकरण नेपालद्वारा रचित **किष्कन्धा काण्ड** (१९४८), भोजराज भट्टराईकृत **आनन्द रामायण** (१९५३), सुब्बा होमनाथ खतिवडाकृत **रामाश्वमेघ** (१९६०), त्यसैगरी महाभारत कथामा आधारित कृतिहरूमा सुब्बा होमनाथ खतिवडाकृत **सभापर्व** (१९६० तिर), हरिविक्रम थापाकृत **कर्णपर्व** (१९६०), कृष्णप्रसाद रेग्मीकृत **वनपर्व** (१९६२), रेवतीरमण पराजुलीकृत **विश्वजित लीला** (१९६६), पहलमान सिंह स्वाँरकृत **किष्किन्धा काण्ड** (१९६७), डिल्लीशमशेर थापाको **युरोपयात्रा** (१९६७) आदि प्रमुख छन् । यसैगरी चन्द्र शमशेरको **युरोपयात्रा** वर्णनसित सम्बन्धित पद्याख्यान पनि देखा परेको छ, बैजनाथ सेढाइकृत **चन्द्रमयुख, भूचन्द्रचन्द्रिका** (१९७०), पमप्रसादकृत **रामाश्वेध** (१९७६), बाबु माधवप्रसाद शर्माको **कृष्णचरित्र ठूलो-असली** (१९८१), रामजीप्रसाद उपाध्यायको **देवीभागवत** (१९८६), नरेन्द्र रिमालको **महाभारत अठारपर्व** (१९८६), पतञ्जलि गजुर्‍यालको **धीरदेश पातञ्जल** ( १९९३) जस्ता बृहदकार र प्रायशः अनुदित पद्यकृति फेला पर्दछन् (ढुङ्गेल, २०६२ : २६४) ।

यस अवधिमा प्रायः **रामायण, कृष्णचरित्र** र **महाभारत**का पद्याख्यानहरूको नेपाली अनुवाद तथा भावानुवाद र रुपान्तरणमा आधारित महाकाव्य समकक्षीकृति रचना भएको देखिन्छ । यसका अतिरिक्त यात्रावर्णन विषयक मौलिक महाकाव्य लेखनको चेष्टा वा प्रयत्न पनि भएको देखिन्छ तर पूर्ण मौलिक आधुनिक महाकाव्यका निम्ति भने आधुनिक युगलाई पर्खनुपर्ने हुन्छ ।

### ३.७.२ नेपाली महाकाव्यको आधुनिक काल

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित **शाकुन्तल** (२००२) प्रथम आधुनिक नेपाली महाकाव्य हो । **शाकुन्तल** (२००२) देखि यताको अवधि नेपाली महाकाव्य कालको आधुनिक काल हो । यसकाललाई पूर्वार्द्ध (२००२-२०१६) वा प्रथम चरण र उत्तरार्ध वा २०१७ देखि

यताको द्वित्तीय चरण गरी प्रमुख दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ (ढकाल, २०७१ : २३) ।

### ३.७.२.१ आधुनिक नेपाली महाकाव्यको पूवार्ध : प्रथम चरण (२००२-२०११)

महाकवि देवकोटाको **शाकुन्तल** (२००२) प्रकाशनदेखि उनका अवसान पूर्वको समय नेपाली आधुनिक महाकाव्यको पूर्वार्द्ध चरण मानिन्छ । यो युगलाई देवकोटा युग पनि भनिन्छ । यस युगमा देवकोटाका ६ ओटा महाकाव्य प्रकाशित छन् । उनले स्वच्छन्दतावादी भावधारालाई महाकाव्यमा भित्र्याएका हुन् । यो समय महाकाव्य विकासको उत्कर्ष काल पनि हो । यस युगका केन्द्रीय प्रतिभा समेत देवकोटा रहेका छन् । यस युगमा स्वच्छन्दतावादी धारा, परिष्कारवादी धारा प्रमुख रूपमा देखा पर्छन् । स्वच्छन्दतावादी धारामा देवकोटाका महाकाव्यहरू: **शाकुन्तल** (२००२), **सुलोचना** (२००३), **महाराणाप्रताप** (२००३-२००४), यस्तै सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५) पहिलो परिष्कारवादी महाकाव्य देखा पर्दछ । त्यस्तै लेखनाथको **तरुणतपसी** (२०१०), बालकृष्ण समको **चिसो चूल्हो** (२०१५) उल्लेख्य छन् । **वनकुसुम** (२००२ रचना-२०५२ प्रकाशन), **पृथ्वीराज चौहान** (२००३-२०४९), **प्रमिथस** (२००७-२०२८) देखिन्छन् । अन्यमा गोविन्द भट्टराईको **पृथ्वीमहेन्द्र** (२०१९), मोदनाथ शास्त्रीको **भानु** (२०२४), हरिहर शास्त्रीको **उषा विनोद** (२०२४), **रम्भा** (२०२५), **घाम झुल्कियो** (२०२६), देवकान्त पन्तको **सीता सवयम्वर** (२०३६), **गणेशमान** (२०५८), हुँदै कृष्णदेवी शार्मा श्रेष्ठको **क्रान्तिकारी विश्वेश्वर** (२०६९) आदि उल्लेख्य रहेका छन् ।

यी सबै आधुनिक नेपाली महाकाव्यहरु स्वच्छन्दतावादी धाराको निरन्तरताका कडी हुन् । नेपाली महाकाव्यमा स्वच्छन्दतावादी धारा अत्यन्त उर्वर देखापर्छ । यो धाराको अवधि महाकाव्यको विकासयात्रामा सङ्ख्यात्मक र गुणात्मक दृष्टिले स्वर्णकाल मानिन्छ । यस धाराका महाकाव्यमा मानवतावादी विद्रोहात्मक, भाव पनि पाइन्छ ।

### ३.७.२.२ आधुनिक नेपाली महाकाव्यको उत्तरार्ध : द्वित्तीय चरण (२०१७-अहिलेसम्म)

देवकोटा पछिको युगलाई आधुनिक नेपाली महाकाव्यको उत्तरार्ध या द्वित्तीय चरण भनिन्छ । यस चरणमा प्रगतिवादी, प्रयोगवादी र समसामयिक धारा प्रमुख रूपमा रहेका

छन् । देवकोटाको **प्रमिथस** (२००७) प्रगतिवादी धाराको उद्‌बोध रहेको छ । त्यस्तै मोदनाथ प्रश्रितको **मानव** (२०२३), **देवासुर सङ्ग्राम** (२०३०), रामप्रसाद ज्ञवालीको **आँसीका फूलहरू** (२०५३) आदि रहेका छन् । जगदीश शमशेर राणाको **नरसिंह अवतार** (२०३७) बाट प्रयोगवादको शुरुवात महाकाव्यका क्षेत्रमा भएको हो । साथै मोहन कोइरालाको **निलो मह** ( २०४१), **गजपथ** (२०५९) आदि उल्लेख्य छन् ।

यसैगरी नेपाली कवितामा २०३० सालदेखि समसामयिक धाराको सुरुवात भएको भए तापनि महाकाव्यमा समसामयिक महाकाव्य धारा २०४६ सालपछि नै शुरु भएको देखिन्छ । गोपाल पराजुलीको **पृथ्वीमाथि आलेख** (२०४६), **हिमालमाथि आलेख** (२०५३), **देशमाथि आलेख** (२०५५), **शब्दशताब्दी** (२०५७), **समयको प्रस्थान** (२०५८) र **नयाँ ईश्वरको घोषणा** (२०६०) आदि महाकाव्यहरू नै यस उत्तरप्रयोगवादी धाराका प्रतिनिधि रचनाहरू हुन् भनिएको छ (अवस्थी, २०६४ : ७८) । यसरी महाकाव्यको विकासक्रमको आधुनिक कालको यस समसामयिक धारामा थुप्रै हस्तीहरूले महाकाव्यको सिर्जना गरी काव्यभण्डारको श्रीबृद्धि गरिरहेका क्रममा **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य लिएर महाकाव्यकार कृष्णदेवी शर्मा (श्रेष्ठ) देखापरेकी छन् । साहित्य जगत्‌मा नारीसिर्जनाहरू आधा आकाश ओगट्न सफल भइसकेको यस विश्व परिप्रेक्ष्यमा नेपाली साहित्यकारका रूपमा नारी हस्तीहरू पनि शसक्त बनिरहेका छन् । महाकाव्य क्षेत्रमा कलम चलाउने नारी महाकाव्यकारमा इन्दु पन्त **यातना** (२०१४), बुनु लामिछाने **यातना** (२०६०), विद्रोही इन्द्रकुमारी (२०६४), सावित्री सङ्गम थापा-**जीवनधारा** (२०५५), इन्दिरा घिमिरे (२०४२) **आदर्श पुष्पा** (२०६४) र कृष्णादेवी शर्मा (श्रेष्ठ) (२००९) **क्रान्तिकारी विश्वेश्वर** (२०६९) गरी यी पाँच जना मात्र उल्लेख रहेको कुरा नारायणप्रसाद खनाले **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको भूमिकामा उल्लेख गरेका छन् ।

यसरी समसामयिक युगमा देखापरेकी महाकाव्यकार कृष्णादेवी शर्मा (श्रेष्ठ) नेपाली साहित्यमा पाचौँ महिला महाकाव्यकारका रूपमा स्थापित हुन पुगेकी छन् ।

### ३.७.२.३ निष्कर्ष

यसरी पूर्वीय संस्कृत महाकाव्य चिन्तन परम्परामा भामह, दण्डी, रुद्रट र विश्वनाथ यी चार आचार्यहरूका धारणा विशेष उल्लेखनीय रहेका छन् । यिनीहरूले प्रतिपादन गरेका महाकाव्यका अभिलक्षणाहरूलाई नियाल्दा महाकाव्य कम्तिमा पनि आठसर्गमा सर्गबद्ध रहेको

छन्दोबद्ध, पञ्चसन्धिले युक्त, अलङ्कृत भाषिक संरचना भएको ख्यात वा कल्पित विषयवस्तुको उपयोग गरी महान् वा सत्पात्रको चरित्र चित्रण गरिएको, चतुवर्गको अभिव्यक्ति र रसभाव निरन्तरता कायम राखी नायकको अभ्युदय वा सुखान्तताको विशद अभिव्यक्ति हो भन्ने निष्कर्ष निस्कन्छ । पश्चिममा महाकाव्य चिन्तन परम्परा अरस्तु, हड्सन, टेसो, टिसियर्ड यी चार विद्वान्हरूका धारणा विशेष उल्लेखनीय रहेका छन् । पूर्वीय र पाश्चात्य दुवैतर्फका विद्वान्हरूको महाकाव्यगत मान्यतालाई तुलना गर्दा धेरैजसो महाकाव्य मान्यताहरू मिल्दाजुल्दा नै रहेका छन् । संस्कृत  विद्वान्हरूका तुलनामा अरस्तुका महाकाव्यगत मान्यता कतै थोरै खुम्चिएको त कतै धेरै नै फैलिएको देखिन्छ । अझ टेसोको मतलाई हेर्ने हो भने पाश्चात्य महाकाव्य चिन्तन निकै फराकिलो बन्दै गएको पाइन्छ । स्रष्टाको इच्छानुसार महाकाव्य सिर्जन गर्न सकिने विचार पनि व्यक्त भएको छ ।

पूर्व-पश्चिमका र नेपाली विद्वान्हरूले दिएका महाकाव्यका तत्त्वहरूको तुलनात्मक अध्ययन गर्दा कथावस्तु पात्रविधान, परिवेश, उद्देश्य, सर्गबद्धता, छन्दोबद्धता र भाषाशैली गरी सातवटा तत्त्वहरु मुख्य रहेका छन् ।

यसै गरी आधुनिक नेपाली महाकाव्यको विकासक्रममा पुरानो परम्पराका साथै नवीन शैली र नयाँ परम्परामा महाकाव्य लेख्ने काम निरन्तर रूपमा नै चलिरहेको छ । समय परिवर्तन र परिस्थिति अनुकूल विभिन्न मोडमा महाकाव्य रचना गर्ने काम अद्यापि भई नै रहेको छ ।

यसरी **पृथ्वीचन्द्रोदय**बाट **शाकुन्तल** हुँदै आधुनिक कालमा प्रवेश गरेको महाकाव्य लेखन परम्परामा प्राथमिक कालको पूर्वार्धमा **पृथ्वीचन्द्रोदय, रामायण** र **धीरादेश पातञ्जल तीर्थावली** जस्ता तीनओटा मौलिक महाकाव्य देखा पर्दछन् । प्राथमिक-माध्यमिक कालमा **कृष्णभक्ति, रामभक्ति, महाभारत** जस्ता पद्याख्यान पाइन्छन् । आधुनिक कालका केन्द्रीय प्रतिभा देवकोटा नै मानिन्छन् । साथै आधुनिक कालमै स्वच्छन्दतावादी, परिष्कारवादी, प्रगतिवादी, प्रयोगवादी, समसामयिक महाकाव्य धारामा लेखनकार्य जारी नै रहेको पाइन्छ ।

यही सन्दर्भमा आधुनिक नेपाली महाकाव्य लेखनको समसामयिक धाराामा देखापरेकी महाकवयित्री कृष्णादेवी शर्मा (श्रेष्ठ) को **क्रान्तिकारी विश्वेश्वर** नवीनतम जीवनवृत्तपरक महाकाव्यका रुपमा आएको छ । अतः विभिन्न महाकाव्यीय मान्यताका आधारमा प्रस्तुत महाकाव्यको अध्ययन पछिल्लो परिच्छेदमा गरिएको छ ।

# परिच्छेद : चार

# क्रान्तिकारी महाकाव्यको विश्लेषण

# परिच्छेद : चार

# क्रान्तिकारी विश्वेश्वर महाकाव्यको अध्ययन-विश्लेषण

## ४.१ विषय प्रवेश

प्रस्तुत परिच्छेद **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको विश्लेषणमा केन्द्रित छ । महाकाव्यका विधागत तत्त्वहरू-संरचना, कथावस्तु, पात्रविधान, परिवेश चित्रण, भावविधान, उद्‌देश्य, लयविधान, भाषाशैली, रस, अलंकार, शीर्षकीकरणका आधारमा यहाँ **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको विश्लेषण गरिएको छ ।

## ४.२ संरचना

प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य उन्नाइस सर्ग वा खण्डअन्तर्गत विभाजित विभिन्न उपखण्डहरू रहेका छन् । यसको सुरुमा पाँच श्लोकको प्रारम्भ (मंगलाचरण) र अन्त्यमा दुई श्लोक उपसंहारका रूपमा रहेका छन् । जम्मा २६६० श्लोकको संरचना प्राप्त यस महाकाव्यमा प्रत्येक सर्ग उल्लेख गरिएको छ । सबै सर्गहरू समान आकारका छैनन् । सर्गगत आयामलाई हेर्दा एकदेखि उन्नाइस सर्गसम्मका श्लोकसम्बन्धी अवस्थिति यसप्रकार रहेका छन् :

| सर्ग | श्लोकसङ्ख्या |
|---|---|
| १ | ९६ |
| २ | १४८ |
| ३ | १३५ |
| ४ | १२३ |
| ५ | १३४ |
| ६ | १५२ |
| ७ | ११९ |

| | |
|---|---|
| ८ | ९६ |
| ९ | १२९ |
| १० | १०३ |
| ११ | १५९ |
| १२ | १०४ |
| १३ | १३५ |
| १४ | १०४ |
| १५ | १४८ |
| १६ | २२० |
| १७ | २४७ |
| १८ | १८६ |
| १९ | ११५ |
| जम्मा १९ सर्ग | २६६० श्लोक |

(साभारः विनोदी : **क्रान्तिकारी विश्वेश्वर** भूमिकाबाट)

सोह्र ओटा छन्दको प्रयोग गरी रचिएको यस महाकाव्यमा अनुष्टुप् छन्दका श्लोक बढी मात्रामा रहेका छन् । प्रत्येक छन्दको अन्त्यमा छन्द परिवर्तन गरिएको छ र त्यसमा अर्को सर्गको वर्णनबारेको सङ्केत पनि प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत महाकाव्य संरचनाका दृष्टिले स्वतः महाकाव्यीय कोटीमा पर्दछ । यसमा उन्नाइस सर्ग र २६६० (दुईहजार छ सय साठी) श्लोक रहेका छन् । पूर्वीय महाकाव्य सिद्धान्त अनुसार प्रारम्भमा मङ्गलाचरण प्रस्तुत गरिएको छ र प्रत्येक छन्दको अन्त्यमा छन्द परिवर्तनका साथै अर्को सर्गको वर्णनबारे सङ्केत गरिएको छ । पूर्वीय मान्यताकै आधारमा रही इतिहास प्रसिद्ध नायक छनोट गरिएको छ । पाश्चात्य मान्यतानुसार नायकका कार्य घटनावलीकै आधारमा कथा शृङ्खलित छ । विभिन्न छन्दको प्रयोग प्रायः एउटै छन्दका सर्गहरूको व्यवस्था, काव्य नायकको वंश र इतिवृत्तात्मक वर्णन, वीर रसको प्राधान्य जस्ता पञ्चसन्धियुक्त गुणहरू भएकाले यो महाकाव्यात्मक गुणयुक्त कृति रहेको छ ।

## ४.३ कथासार

प्रस्तुत महाकाव्यमा काव्य नायक विश्वेश्वरप्रसाद कोइरालाको जीवनवृत्त नै यसको कथानक रहेको छ । यसमा वी.पी. को पुर्ख्यौलीको चर्चाबाट कथानक सुरु गरिएको छ । पुर्ख्यौली बसोबास कोइरालाफाँट, लमजुङ, मकवानपुर हुँदै दुम्जामा बसाइँ सरेका, दामोदर कोइरालाले ब्राह्मणवृत्ति छाडी क्षात्रवृत्ति अपनाउनु, राजकाजतर्फ आकर्षित हुनु, वी.पी.का पितामह नन्दिकेश्वर जागीरमा डिठ्ठा हुनु, काठमाडौंमा गई वस्नुजस्ता परिवर्तनका नयाँ पाइलाहरूको चर्चा गरिएको छ । प्रथम राणाशासक जङ्गबहादुरको राज्यकालको वर्णन, उनीहरू अङ्ग्रेजसँग मिलेर देश विगार्न लागेको कुराको सङ्केतको उल्लेख नन्दीकेश्वरले गरेका छन् । राणाशासकको निरङ्कुशता झन्झन् झाँगिदै गएको छ । जङ्गेको मृत्युपश्चात् रणोद्धीपले बालकराजा सुरेन्द्रको राजगद्दी माथि आँखा गाड्दछ । यस्ता विविध प्रपञ्च देख्न नसकी नन्दिकेश्वर आफ्नो गाउँ फर्कने निर्णय गरी कविता समेत कोरेका छन् । उनका चौथा सन्तानका रूपमा वी.पी.का पिता कृष्णप्रसादको जन्म भएको छ । कृष्ण राम्रो लालनपालनमा हुर्की वैवाहिक सम्बन्धमा गाँसिन पुग्छन् । उनकी पहिली श्रमितीको दुःखद निधन भएपछि दोस्रो विहे गरी उनीबाट मातृका, नलिनी लगायत ३ सन्तान पैदा हुन्छन् । पुनः उनले शहरिया परिवेशकी दिव्यासँग तेस्रो विवाह गर्दछन् । दिव्याबाट वी.पी. को जन्म हुन्छ । कृष्णप्रसादका जीवनका घटनाक्रम राजनीतिप्रतिको उनको मोह, सामाजिक कार्यको चर्चा सङ्गै वी.पी. को जन्म शल्यक्रियाद्वारा भएको प्रसङ्गको उल्लेख गरिएको छ । उनको जन्मसँगै उत्तः सामाजिक परिवेशमा क्रान्तिको बीज रोपी वी.पी.ले पहिलो पाइला यस धर्तीमा राखेका छन् । वी.पी.को बाल्यकालको वर्णन, चन्द्र शमशेरले निमुखा वर्गमाथि अन्याय गरेको देखेपछि कृष्णमा चन्द्रप्रतिको विद्रोही भावले जन्म लिएको छ । उनी चन्द्रको राजनीतिप्रति विद्रोही बन्दछन् । एक सच्चा नागरिकको पूर्ण कर्तव्य लापकका रूपमा कृष्ण यहाँ देखिएका छन् तर चन्द्रलाई त्यो विद्रोह असैह्य भइ कृष्णको सर्वस्व हरण गर्दछ । सर्वस्व हरण चन्द्रेद्वारा भएपछि कृष्ण निर्वासित जीवन बिताउन पुग्दछन् तर पनि चन्द्रेले माफी मागी फिर्ता आऊ भनेको मान्दैनन् किनकि उनी स्वाभिमानी छन् । यसरी कृष्णको निर्वासित जीवनमा वी.पी. को दुःखमय बाल्यकालको चित्रण गरिएको छ । वी.पी. प्रकृतिप्रेमी स्वभावका हुन्छन् । अध्ययनमा रुचि दिने गर्दछन् । वी.पी. सत्यवादी र निर्भीक स्वभावका

हुन्छन् । निकै सङ्घर्षका साथ कृष्णले टेढीमा किनेको जग्गा सबै जलमग्न भई बाढीको प्रकोपले ठूलो क्षति पुऱ्याउँछ । कृष्णको यस्तो विपद् कालमा अध्ययन गर्न वी.पी. लाई निकै गाह्रो पर्दछ । वी.पी. एकसरो मात्र कपडाको भरमा निकै सङ्घर्ष गरी बनारसमा अध्ययन गर्दछन्, वी.पी.को बाल्यकाल अभावै अभावमा व्यतित भएको हुन्छ तर पनि उनी होनाहार प्रतिभाका धनी बन्न पुग्दछन् । वी.पी. ले **रामायण**, **महाभारत** जस्ता ग्रन्थको पनि अध्ययन गरेका छन् । आफ्ना पिताले मातृका सङ्गै बसेर अध्ययन गर्ने कुरा गर्दा वी.पी. स्वनिर्णयले बनारस गई अध्ययन गर्दछन् । बनारसमा अभावयुक्त कष्टहरूको सामना गर्दै उनी आफ्नै खुवी र प्रतिभाका कारण अध्ययन गर्दछन् । १२ वर्षको कलिलो उमेरमा स्वनिर्णय गर्न सक्ने वी.पी. साहसी र स्वाभिमानी स्वभावका देखिएका छन् । उनको व्यक्तित्व दिनप्रतिदिन विकसित हुँदै गएको छ । हुने विरुवाको चिल्लो  पात भनेझैं वी.पी. सानै देखि असल गुणका खानी थिए । उनी गरीब, लगनशील विद्यार्थी भएकाले विद्यालयबाट आंशिक छात्रवृत्ति समेत प्राप्त गरेका थिए । उनी ९ कक्षामा पढ्दादेखि नै कविता लेखेर साहित्यमा रुचि बढाएका थिए । १० कक्षामा पढ्दा **हंस** नामक पत्रिकामा उनका गद्य गीत, कविता, कथा छापिन्थे । साहित्यमा रुचि भएका वी.पी. राजनीतिमा समेत प्रवेश गर्दछन् । उनी साहित्य र राजनीति दुई धारमा बगिरहेका छन् ।

उनमा आध्यात्मवादको ठूलो प्रभाव परेको देखिन्छ । साथै उनी फ्रायडेली शैली, चेखवेली प्रवृतिबाट प्रभावित थिए भन्ने कुरा उनका रचनामा देखिने चेखवको मनोवैज्ञानिक प्रवृत्ति र फ्रायडका यौनमनोविश्लेषणात्मक शैलीबाट प्रमाणित भएको छ । १५ वर्षकै कलिलो उमेरमा म्याट्रिक पास गरेका छन् । त्यसैवर्ष उनी आतङ्ककारी समूहमा समातिई चारमहिनाको जेल जीवन बिताउँछन् । पछि उनी आतङ्ककारी नभएको प्रमाणित हुनासाथ मातृकासँगै दुई भाइ एकैसाथ छुट्छन् ।

बनारसमा पत्रिका बेचेर आफ्नो गुजारा चलाई अध्ययन गरिरहेका वी.पी.ले राजनीति विषयमा स्नातक र कानून विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरे । उनमा मार्क्सवादी, समाजवादी चिन्तनको प्रभाव परेको थियो । उनले स्वनिर्णयमै बनारसमा सुशीलासँग विवाह गर्दछन् । विवाहमा आमाबुवाको संलग्नता रहेन । उनी स्वनिर्णय गर्ने क्रान्तिकारी विचारका थिए । घरमा बुबाआमालाई सुशीला त्यति मन नपरेपछि उनले आफूसङ्गै बनारस लगे र पढाए । समय बित्दै गएपछि सुशीला अति सुन्दर र तीव्र बौद्धिक क्षमताकी धनी भइन् ।

राणा विरुद्ध जनजागृतिको समयमा प्रकाशित धरणीधर कोइरालाको नैवेद्य "जाग जाग ......." श्लोकको कविताले समाजमा क्रान्ति चेतना जन्माएको फलस्वरूप मकैवर्प, हलोक्रान्ति, प्रजापरिषद्को स्थापना जस्ता क्रान्तिकारिता कार्यले नेपाली भू-भागमा जनजागरणको विकास हुन थाल्दछ । भारतीय स्वतन्त्रता सङ्ग्राममा वी.पी.को सहभागिता रहन्छ । उनी राणा विरुद्धको विद्रोह समयमा नेपालमा क्रान्ति ल्याउन र राणामुक्त राष्ट्र निर्माण गर्ने उद्देश्यमा लागेको देखिन्छ । काँग्रेसको गठन भएपछि गणेशमान सिंह र वी.पी. का बीच मित्रता भयो । भारतको पटनामा भएको सम्मेलनमा उनी महामन्त्रीसमेत बनेर उनको नेतृत्वमा काँग्रेस गठन गराए । तत्पश्चात सबै मजदुरहरू उत्रेर हड्ताल गरेको आन्दोलनमा वी.पी. गिरफ्तार भए । त्यसपछि पटक-पटकको क्रान्तिमा उनी जेल जीवन भोग्न बाध्य भएका थिए । कतिपय क्षणमा उनी भूमिगत बनेर क्रान्ति गर्दा पनि समातिएका छन् । उक्त समयमा जेल बस्दा उनी अनसन बसी स्वास्थ्य अवस्था बिग्रेपछि मोहनशमशेरले माग पूरा गर्ने बताएपछि अनसन तोडे तर नेपाली काँग्रेसमाथि भने राजाद्वारा षड्यन्त्र हुन गयो ।

यसरी अथक प्रयासरत रही क्रान्ति गर्दागर्दै वि.सं. २०१५ मा आमचुनाव भए पश्चात् वी.पी. नेपालकै प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्दछन् । उनी पूर्णरूपमा देश विकासमा सक्रिय रहेका छन् । धेरै पदमा रहेरै ठूलो जिम्मेवारी वहन गरेका छन् । त्यससमयमा उनका मित्र सुवर्णशमशेर पनि उपप्रधानमन्त्री थिए । मित्रद्वयको शासनकाल निकै सुव्यवस्थित र सक्रिय समेत रहेको थियो तर आफ्नै दाजु मातृकाले वी.पी. विरोधी र राजा समर्थक क्रियाकलापहरू देखाउँदा वी.पी. प्रति राजाको कुदृष्टि पर्न थाल्दछ र राजा महेन्द्रद्वारा वी.पी.को मन्त्रीमण्डल र संसद विघटन गराई वी.पीलाई पुनः जेल पठाइन्छ र अन्य राजनीतिक पार्टीहरू माथि समेत प्रतिबन्ध लगाइन्छ । त्यस समयमा वी.पी. आठवर्ष लामो समय जेलमा बस्न बाध्य भएका छन् । उनले जेलमा बन्दी भएको अवस्थामा थुप्रै किसिमका साहित्यिक सिर्जना गर्दछन् जसमा **नरेन्द्रदाइ, तीन घुम्ती, सुम्निमा, बाबु-आमा र छोरा, हिटलर र यहुदी** प्रसिद्ध उपन्यासहरू रचना गरेका छन् । उनका रचनामा मनोविज्ञानको गहिरो भाव र विश्लेषण पाइन्छ । आठवर्षपछि रिहाइ हुँदा उनलाई घाँटीको समस्या हुन्छ । उपचारका निम्ति भारत जान्छन् र फर्केर नेपाल आउँदा देशमा शसस्त्र क्रान्ति छाएको बेला क्रान्तिको असफलता पछि पुनः उनी भारत निर्वासिन भएका छन् ।

केही समयपश्चात् मेलमिलापका निम्ति पुनः नेपाल आई जनमत सङ्ग्रहमा आफ्नो अग्रणी भूमिका निर्वाह गर्दछन् । आम निर्वाचनमा सहभागिता बनेको पाइन्छ । यस्ता थुप्रै राजनैतिक उचारचढावहरू उनको राजनैतिक जीवनमा आइपर्दछन् ।

सिङ्गो नेपाल र नेपाली जनताका हकहितका लागि सधैँ क्रान्ति गर्ने राष्ट्रप्रेमी वी.पी. मेलमिलापको नीति लिएर भारतबाट नेपाल आउँदा उनलाई सूर्यबहादुर थापा जस्ता व्यक्तित्वबाट देशद्रोही भन्ने लाञ्छना लगाइन्छ । उनको स्वागतार्थ विमान स्थलमा सबै उभिएका अवस्थामा विमानबाट उनी अवतरण गर्नासाथ देशद्रोहीको आपराधिक संज्ञामा उनी समातिन्छन् । उनलाई कडा भन्दा कडा कारवाहीको माग समेत राखिएको छ । ज्यानको बाजी लगाएर उनी नेपालको अस्तित्व बचाउनका निम्ति फर्केका थिए । उनी प्रजातन्त्रलाई बचाई नेपाली जनतालाई स्वतन्त्र गराउनमा सधैँ अग्रसर थिए । उनले अदालतमा आफ्नो बयान आफै दिएका छन् । यस्ता निर्भीक, स्वाभिमानी, सत्यवादी, स्वभावका देशभक्त वी.पी.को अन्त्यमा रिहाइ हुन्छ र उनी घाँटीको उपचारका लागि अमेरिका प्रस्थान गर्दछन् ।

राष्ट्रिय नेतृत्वको तहबाट सम्मानित हुने वी.पी.लाई फटाहा पञ्चको खेलले सधैँ दुःखमात्र दिइरह्यो । तर पनि उनी कहिल्यै हार नमानी देशको स्वाभिमान र देशवासीका हक, हित, अधिकारका निम्ति अथक प्रयासरत भई लडिरहे, सङ्घर्ष गरिरहे र क्रान्ति गरिरहे ।

### ४.३.१ कथानकको विश्लेषण

प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा प्रजातान्त्रिक समाजवादका अग्रणी नेता क्रान्तिनायक विश्वेश्वरप्रसाद कोइरालाको जीवनगाथालाई काव्यात्मक रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो महाकाव्य कवितात्मक भाषामा लेखिएको वी.पी. को जीवनगाथा हो । यसमा उनको जीवन वृत्तात्मक कथानक आदि, मध्यर अन्त्यका शृङ्खलामा अघि बढेको छ । उक्त शृङ्खलालाई यसरी देखाइएको छ :

#### ४.३.१.१ आदि भाग

महाकाव्यको आरम्भ प्रसङ्ग कथानकको आदिभाग हो । यस भागमा मङ्गलाचरण, वी.पी. को पुर्ख्यौली स्थल कोइराला फाँटको वर्णन, वी.पी. का पितामह नन्दिकेश्वरको

राजनैतिक अस्थिरताप्रतिको खेद, वी.पी.का पिता कृष्णप्रसादको चर्चा, वी.पी.को जन्म, बाल्यकालीन वर्णन गरी सर्ग एकदेखि सर्ग पाँचसम्म कथानकको आदिभाग रहेको छ ।

### ४.३.१.२ मध्यभाग

यसखण्डमा कथानकको चरमोत्कर्ष अवस्थाको चर्चा रहेको पाइन्छ । यसमा कोशी किनारमा बसोबास गर्दाको अवस्थाको चित्रण, वी.पी. को प्रकृतिप्रेमको चित्रण, वी.पी. को जीवन राजनीतिमा प्रवेश तथा उनको जीवनका मुख्य-मुख्य राजनैतिक घटनावली, अवस्थाहरू, वि.सं. २००७ सालमा जहानिया निरङ्कुशतालाई चिर्दै प्रजातन्त्र भित्रिएको कुरा एवम् आम निर्वाचनमा वि.सं. २०१५ मा वी.पी. प्रधान मन्त्री बनेका, देशमा सुधार गरेका, उनको पटकपटकको क्रान्ति उनले भोग्नुपरेको जेलजीवनका बारेमा चर्चा, साथै उनका उत्कृष्ट साहित्यिक रचनाका बारेमा चर्चा परिचर्चा गरिएको छ र उनको आत्मवृत्तान्तको प्रस्तुति, उनका साहित्यिक योगदान आदि सङ्गै कथानकको मध्य भागले बिटमारेको छ । कथानकको यस भागमा सर्ग छदेखि सर्ग अठारसम्म रहेको छ ।

### ४.३.१.३ अन्त्यभाग

प्रस्तुत महाकाव्य वी.पी.को जीवनगाथा भएको हुँदा उनको जीवनको अन्तिम अवस्था नै यसको कथानकको अन्त्य भाग (चरण) हो । यसमा वी.पी.का प्रजातान्त्रिक समाजवादी चिन्तन, घाँटीका क्यान्सरका कारण शैयामा परेका समयमा आफन्तजन एवम् सुशीलासँगको विलौना, उनको देहावसान भएको दुःखद स्थितिको चित्रण एवम् उनीद्वारा प्रतिपादित राष्ट्रियता लोकतन्त्र र समाजवादको चिन्तनलाई जीवन्तता दिनु नै उनीप्रतिको श्रद्धाञ्जली हुने धारणा सहित महाकाव्यको अन्तिम सर्ग उन्नाइस मात्र उल्लेख छ ।

## ४.४ पात्रविधान

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्य इतिहासप्रसिद्ध साहित्यिक व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाका जीवनीमा आधारित महाकाव्य हो । यस महाकाव्यका मुख्यपात्र विश्वेश्वरप्रसाद कोइराला हुन् ।सहायक पात्रहरूमा वी.पी. का पितामह नन्दिकेश्वर कोइराला, वी.पी. का

पिता कृष्णप्रसाद कोइराला, चन्द्र शमशेर, सुवर्ण शमशेर, मोहन शमशेर, राजा महेन्द्र, मातृका कोइराला जनक आदि छन् र नारी सहायक पात्रका रूपमा दिव्या र सुशीला रहेका छन् । गौण पुरुष पात्रहरूमा जङ्गबहादुर राणा, राजा वीरेन्द्र, सूर्यबहादुर थापा, रणोद्धीप, कमलराज रेग्मी, डाक्टर मित्र, कृष्णप्रसादका अन्य मित्रहरू, सिपाही-सेनाहरू, गणेशमान, नेहरू, विजय शमशेर, जयप्रकाश, गिरीजा कोइराला, धरणीधर आदि थुप्रै पात्रहरू रहेका छन् । दिव्या र सुशीला बाहेकका उपस्थित सबै नारीपात्रहरू गौण पात्रका रूपमा उभिएका छन् ।

## ४.४.१ विश्वेश्वरप्रसाद कोइराला

विश्वेश्वरप्रसाद कोइराला (वी.पी.) यस **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यका केन्द्रीय एवम् प्रमुख पात्र हुन् । उनको जीवन चित्रण भएको हुनाले नै उनी यस काव्यका नायक र प्रमुख पात्र पनि हुन् । वी.पी. का पिता कृष्णप्रसाद र पितामह नन्दिकेश्वरको निर्भीकता, राजनीतिक निष्ठा र जनताप्रतिको समुन्नतिको चाहनाको प्रभाव नायक वी.पी. मा स्पष्ट देखा पर्दछ । इतिहास प्रसिद्ध राजनीतिक र साहित्यिक व्यक्तित्व विश्वेश्वर उदात्त चरित्रका सत्पात्र हुन् । उनमा साहस, धैर्य, औदार्य, विवेकशीलता, तर्कशक्ति, युगबोधी चेतना, दूरदर्शिता, सिद्धान्तनिष्ठता, नेतृत्वक्षमता, सांगठनिक चातुर्य, पदीय उत्तरदायित्व बोध, राष्ट्रप्रेम, समानताको चाह, प्रकृतिप्रेम, सौन्दर्यप्रेम, कुलीनता, जस्ता समस्त गुणले उनी पूर्वीय मान्यताका आधारमा यस काव्यमा स्थापित पात्र हुन् भन्न सकिन्छ । उनको स्वभाव धीर छ । उनी राष्ट्रनेता, राजनैतिक एवम् साहित्यिक ख्याति कमाएका व्यक्तित्व भएकाले उनी उदात्त चरित्रका देखापर्दछन् । उनी क्रान्तिकारी चेतना भित्र्याउन सफल एवम् महान व्यक्ति हुन् । फलस्वरूप काव्यको शीर्षक पनि क्रान्तिकारी विश्वेश्वर अर्थात् उनको क्रान्तिकारी चरित्रको व्याख्यान गरिएको छ । देशमा विद्यमान राणाकालीन तथा पञ्चायतकालीन सामन्ती चरित्रका प्रतिनिधि पात्रहरूले गरेका शोषण, दमन, उत्पीडन, अन्याय र राजनैतिक अस्थिरता अत्याचार जस्ता क्रूरताका विरुद्धमा सबै देशवासीका हकहितका निम्ति उपस्थित हुन सक्ने, प्रजातन्त्र पश्चात्को पहिलो जनमतद्वारा निर्वाचित प्रधानमन्त्री समेत बनेर क्रान्ति चेतना भित्र्याएका छन् । देशमा छोटो समयकै प्रधान मन्त्री

कालमा पनि थुप्रै किसिमका सुधारहरू गरेका समाज सुधारक व्यक्तित्वका रूपमा उपस्थित छन् । उनी समाज परिवर्तनका लागि गतिशील पात्र हुन् । उनी क्रान्तिकारी, निर्भीक र दूरदर्शी क्षमता भएका असल एवम् कुशल राजनीतिज्ञ हुन् । उनको जीवन र जगत्लाई हेर्ने आफ्नै मान्यता, मूल्य र आदर्श थियो । त्यही आदर्शले वी.पी. लाई कालजयी, युगान्तकारी र परिवर्तनगामी नेतृत्व प्रदान गर्‍यो । समतामूलक नेपाली समाजको निर्माणमा जुटेका यी महान् व्यक्ति साहित्यमा अराजकवादी र राजनीतिमा प्रजातन्त्रतावादी अवधारणाका हिमायती हुन् । प्रतिभा र आदर्श दुवै व्यक्तित्व भएका वी.पी. नेपाली साहित्य तथा राजनीतिका शिखर पुरुष हुन् र उनी एक व्यक्ति अनेक व्यक्तित्व भएका पुरुष हुन् ।

## ४.४.२ कृष्णप्रसाद कोइराला

कृष्णप्रसाद कोइराला यस **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यका सहायक पात्र हुन् । उनी काव्यनायक वी.पी. का पिता छन् । उनी निर्भीक, निष्ठावादी र जनताको उत्थानमा लागि पर्ने एक कुशल राजनीतिज्ञ हुन् । उनी कुलीन परिवारका व्यक्ति हुन् । उनले समाज परिवर्तन र न्यायको अपेक्षा गर्दै सङ्घर्षरत जीवन बाँचेका घटनावली यसमा उल्लेख गरिएका छन् । उनी असल व्यापारी र सम्पन्न व्यक्तित्व छन् । सुरुमा राणाप्रधानमन्त्री चन्द्रशमशेरसँग मित्रता हुन्छ । चन्द्रको नराम्रो व्यवहार देखेपछि चन्द्रद्वारा शोषित वर्गका हितका निम्ति क्रान्ति गर्न पुग्छन् । गरीब वर्गमाथि सामन्ती शासनले थिचोमिचो पार्न खोजेको अवस्थामा मजदुर वर्गका थोत्रा, चिथरा भोटो, टोपी, लगौँटी उपहार दरबारमा चन्दशमशेरका निम्ति पठाउनुले उनको क्रान्ति चेतनालाई प्रष्ट्याउँछ (सर्ग ४, श्लोक १०७) । त्यसैले परिणाम स्वरूप उनी निर्वासित जीवन बिताउन बाध्य भएका छन् । उनको स्वाभिमान कहिल्यै झुकेको छैन । धेरै समयपछि चन्द्रशमशेरले माफी मागेर नेपाल फिर्ता आउनका लागि आमन्त्रण गर्दा पनि उनी चन्द्रेका सामु झुकेनन् र माफी नमाग्ने निर्णय गरेर एक स्वाभिमानी धीर, निर्भीक र असल व्यक्तित्वका रूपमा काव्यमा देखिएका छन् । उनी समाजसुधारक व्यक्ति हुन् । उनले विराटनगरमा सबैभन्दा पहिलो विद्यालय र अस्पताल आफ्नै लगानीमा खोलेर सञ्चालन गरेका छन् । उक्त अस्पतालमा राम्रो उपचार परिपाटी थियो भने विद्यालयमा सबै विद्यार्थीका निम्ति निःशुल्क पढ्न र भोजन गर्न पाउने

व्यवस्था मिलाएका थिए (सर्ग २, श्लोक १०४-१०५ । व्यापारका सन्दर्भमा बनारस जानेआउने क्रममा सभ्य व्यक्तिहरूसँग उनको सङ्गत हुन्थ्यो । छरितो, फुर्तिलो जिउज्यानका कृष्णका व्यवहारदेखि सबै प्रभावित हुन्थे ।

### ४.४.३ नन्दिकेश्वर कोइराला

नन्दीकेश्वर यस महाकाव्यका अर्का सहायक पुरुष पात्र हुन् । उनी काव्यनायक विश्वेश्वरका पितामह हुन् । नन्दीकेश्वरको निर्भीकता, राजनैतिक निष्ठा र जनताको समुन्नतिको चाहना जस्ता गुण वी.पी.मा देखिएको हो भन्ने तथ्य यस काव्यमा उल्लेख छ । यसर्थ पनि नन्दिकेश्वर निर्भीक र जनहित चाहने स्वभावका थिए भन्ने प्रमाणित हुन्छ । उनी पुरोहित पुर्ख्यौली पेसाको परित्याग गरी जागिरका लागि जान्छन् र डिठ्ठा पद हासिल गर्दछन् । पछि दुम्जा छोडी काठमाडौं बसोबास गर्न थाल्छन् । तत्कालीन समयमा राणाशासनको सुरुवात भएको थियो । उनी काठमाडौं दरबारमा डिठ्ठा भई काम गर्दा जङ्गबहादुर राणा प्रधानमन्त्रि थिए । राणाहरूको अंग्रेज मोह र अंग्रेजहरूसँगको सम्बन्ध देखेर उनी मनमनै छट्पटिन्थे भन्ने प्रमाण काव्यमा व्यक्त छ (सर्ग १, श्लोक ३८-४०) । उनी रचना गर्ने कवि पनि थिए आफ्ना मनमा उकुसमुकुस भएका ती राष्ट्रवादी भावनालाई उनी रचनाका माध्यमबाट व्यक्त गर्दथे (सर्ग १, श्लोक ८३) । शक्तिशाली राण प्रधानमन्त्री जङ्गबहादुरको अन्त्यपछि उसकै भाइ रणोद्धीपको समयमा बालराजा सुरेन्द्रको राजगद्दीमा नजर लगाएको र उक्त राजबल धराशायी पार्ने उद्देश्यले विभिन्न प्रपञ्च षड्यन्त्र रचेको कुरा आफ्नी पत्नी राज्यलक्ष्मीसँग गरेका छन् । राणाको त्यो गतिले देशको हालत बिग्रने हो कि भनेर मनमा ठूलो पीडा भएको बताएका छन् ।

यसरी राष्ट्रप्रतिको अगाध प्रेम भावना उनका मनमा रहेका छन् र राणाहरूको नराम्रो शासन व्यवस्था देखेर देशको भविष्यप्रति समेत चिन्तित रहेका छन् ।

### ४.४.४ दिव्या कोइराला

दिव्या यस महाकाव्यमा उपस्थित नारी पात्र मध्ये एक हुन् । यिनी काव्यनायक वी.पी. की माता हुन् । उनी यस महाकाव्यकी सहायक नारीपात्र हुन् । धेरै उमेर पुगेका

कृष्णप्रसाद कोइरालाकी तेस्री श्रीमती बन्न पुगेकी कलिली दिव्याले बहुविवाह गर्ने प्रचलनमा हुने महिला हिंसाको प्रतिनिधि पात्रको भूमिकामा देखाएकी छन् । धनी, सम्पन्नशाली देखेपछि जस्तोसुकै वृद्धलाई आफ्नी कलिली छोरी विवाह गराइदिने, बहुविवाहका लागि स्वीकृति प्रदान गर्ने हाम्रो नेपाली समाजको दर्पण बनेर प्रस्तुत महाकाव्यमा दिव्या उभिएकी छन् । दिव्या असल, सुशील, सुन्दर छिन् । आफ्ना श्रीमान्सँग घुम्ने, राम्राराम्रा शृङ्गार गर्ने उनका इच्छा घरको कोठाभित्र मात्र सीमित हुन्छन् । वी.पी. जन्मनुपूर्व अस्पतालमा परीक्षण गराउन जानुले घरायसी परम्परालाई नाघेको सङ्केत गरेको छ जसले उनीभित्रको क्रान्ति चेतना देखाएको छ । महिला शसक्तीकरणको अभियानका कुराहरू कृष्णप्रसादसँग गरेर चन्द्रशमशेर अनि उनकी रानीलाई चिट्ठी लेख्न कृष्णप्रसादलाई प्रेरित गर्ने सक्षम र शिक्षित वर्गकी नारी पात्र हुन् ।

दिव्या सहरिया परिवेशमा हुर्केकी भए पनि सुशील असल संस्कारको विकास गर्न चाहने जस्ता राम्रा गुणहरूले निपुण देखिन्छिन् ।

## ४.४.५ चन्द्रशमशेर राणा

चन्द्रशमशेर राणा जहानिया राणाप्रधानमन्त्री मध्येका एक हुन् । उनी शोषक वर्गका प्रतिनिधि पात्र हुन् । उनी यस काव्यमा सहायक पात्रका रूपमा उपस्थित रहेका छन् । नेपालको कालो युग, अशिक्षाको युग भनेर चिनिने राणाकाल चन्द्रशमशेर जस्ता शोषक एवम् अवसरवादी कै कारण यस्तो बन्न पुगेको हो । उनले कृष्णप्रसादको क्रान्तिकदम स्वरूप उनको सर्वस्वहरण गरी निर्वासित जीवन बिताउन बाध्य बनाएको तथा वी.पी. लगायत कृष्णप्रसादका, दिव्याका कारुणिक जीवनका कारकका रूपमा चन्दशमशेरलाई खलपात्रका रूपमा समेत स्वीकार्नु उचित देखिएको छ । बाहिर भद्र नौनी बन्ने र भित्र-भित्र प्रपञ्च रच्ने दुष्ट चन्द्र शमशेरको विशेषता रहेको, राणाहरू कहिले पो उदारवादी हुन सक्छन् र तिनीहरू त निठुर हृदयका देखिन्छन् भनिएको छ (सर्ग ५ : १८) ।

यसरी चन्द्रशमशेर राणा प्र.म. भएर पनि आफ्नो नाम कमाउनका लागि समाजमा नामी बन्नुका निम्ति समाज सुधारका कार्यहरू समेत गरेका छन् । जस्तै : त्रिचन्द्र कलेजको स्थापना गर्नु हो ।

## ४.४.६ मातृका कोइराला

सानैदेखि पढ्न लेखनमा तेजिलो स्वभावका मातृका कोइराला काव्यनायक वी.पी. का दाजु हुन् । महाकाव्यमा परिश्रमले आर्जेको शिक्षालाई दुरूपयोग गर्ने बुद्धिजीवी वर्गका प्रतिनिधिका रूपमा मातृका रहेका छन् । वी.पी. प्रधानमन्त्री भएका बखतमा राजा महेन्द्रसँग मिली आफ्नै वी.पी. प्रति विरोधी खेल खेलाउने मातृकाले त्यस समयमा साँच्चै आफू सौतेनी दाजु भएको प्रमाणित गरेका छन् । उनी यसकाव्यमा सहायक पात्रका रूपमा उपस्थित छन् ।

यसरी प्रमुख पात्र, सहायक पात्रहरू तथा गौणपात्रहरूको उपस्थितिले यस महाकाव्यमा धेरै घटना क्रमलाई अगाडि बढाउन सघाएका छन् । केन्द्रीय पात्रको भूमिकामा स्वयम् क्रान्तिकारी विश्वेश्वर नै छन् भने सहायक पात्रका रूपमा नन्दिकेश्वर, कृष्णप्रसाद लगायतका धेरैको उपस्थिति एवम् गौण पात्रको पनि उपस्थितिले बोझिलो बनाइएको छ । वी.पी. का पिता कृष्णप्रसाद नै वी.पी. लाई राजनीति प्रवेशमा प्रेराणा प्रदान गर्ने पात्र रहेका छन् । किनकि कृष्णप्रसादले राजनीति मै आफ्नो जीवनकाल व्यतित गरेका छन् । अतः आफ्ना पितामह र पिताकै अर्थात् पुर्ख्यौली प्रेरणाले नै वी.पी. मा राजनैतिक विचारधाराले जन्म लिएको हो भन्नु उपयुक्त देखिन्छ ।

## ४.५ परिवेश चित्रण

प्रस्तुत महाकाव्यमा प्रयुक्त परिवेशलाई आन्तरिक र बाह्य परिवेशका रूपमा अध्ययन गरिएको छ । परिवेश नै देशकाल र पर्यावरणको अवस्था हो । कुनै पनि घटना वा कथानक सिर्जना हुनुमा परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । जस्तो देश उस्तै भेष भनेझैँ परिवेश नै कथानकको बीजाङ्कुरण हुने ठाउँ हो । प्रस्तुत महाकाव्यमा प्रयुक्त परिवेश विधानलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

### ४.५.१ बाह्य परिवेश

प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको बाह्य परिवेश भनेको नै राणाकालीन परिवेश हो । नेपालमा जहानिया राणाशासनले जरो गाडेर सामन्त र शोषक वर्गको

बाहुल्यता रहेको समाजको निर्माण गराएको थियो । यसमा राणाकालीन परिवेश राणाप्रधानमन्त्री जङ्गबहादुरको पालादेखि मोहन शमशेरको पालासम्मको वर्णन पाइन्छ । यसले सम्पूर्ण राणायुगलाई समेट्ने प्रयास गरेको छ । त्यतिखेरको परिवेशदेखि नेपालमा प्रजातन्त्रको स्थापना र पञ्चायती शासनको वर्णन छ । विगतदेखि झण्डै २०३९ साल सम्मको मुलुकको अवस्था वर्णन भएकाले तत्कालीन पारिवेशिकतालाई जनाउँछ । निरङ्कुश राणाकालीन अवस्था, बिथोलिँदो राजनैतिक अवस्थाले गर्दा नै कृष्णप्रसाद राजनीतिक प्रसङ्गमा चन्द्रशमशेरद्वारा अपमानित भई निर्वासित जीवन बिताउन बाध्य भएका छन् । सम्पन्नशाली उनको परिवार निर्वासित भई बस्दा राम्रो भोजन नभएरै कोइराला परिवारले जीविका चलाउनु धौ धौ हुनु पनि राजनैतिक परिवेशको परिणति हो । आतङ्क, डर एवम् त्रास, राम्रो काम गर्ने व्यक्ति राणाको आँखाको कसिङ्गर बनी जेल जानुपर्ने परिवेशको अभिव्यक्ति यहाँ गरिएको छ । काठमाडौं, सुन्दरीजल, थापाथली दरबार, बनारस, कोसी, टेढी, विराटनगर मोरङ, दुम्जा, कोइरालाफाँट आदि यसमा प्रयुक्त परिवेश रहेका पाइन्छ ।

### ४.५.२ आन्तरिक परिवेश

जहानिया राणाशासनको चपेटामा पिल्सिन बाध्य भएका नेपाली समाजका व्यक्तित्वहरूको पीडा, शोषित वर्गले झेल्नुपरेका भोकमरी, अशिक्षाको कालो भुमरीले ढाकिएको नेपाली समाज अनि शासक वर्गद्वारा दण्डित भई जेल जीवन बाँच्न बाध्य राजनीतिक व्यक्तित्वहरूका पीडा, रोदन एवम् दुःखद अभिव्यक्तिपूर्ण वातावरण, अशान्ति, पीडा र त्रासयुक्त समाज नै यस महाकाव्यका आन्तरिक परिवेश हुन् ।

यसरी प्रस्तुत महाकाव्यमा नेपालको राणाकालीन समाज तथा राजनैतिक पर्यावरण लगायत कोइरालाफाँट, दुम्जा, काठमाडौं, मोरङ, विराटनगर, टेढी, कोशी, बनारस, अमेरिका आदिस्थलहरू बाह्य परिवेशका रूपमा उल्लेखनीय छन् भने तत्कालीन अशान्तिमय, द्वन्द्वमय, पीडामय र त्रासमय समाज एवम् राजनैतिक आर्थिक अवस्था यस काव्यका आन्तरिक परिवेशका रूपमा चित्रित छन् ।

## ४.६ भाव विधान

यहाँ **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको कथ्य विषय वा भाव सन्दर्भ देशभक्ति भावना, प्रकृति चित्रण, राजनीतिक अवस्था, सामाजिक अवस्था धार्मिक तथा साँस्कृतिक

अवस्था, आर्थिक अवस्था, शैक्षिक अवस्था, यथार्थको प्रकटीकरण, समाजवादी चिन्तन र आशावादी जीवनदर्शन रहेकाले त्यसलाई क्रमिक रुपले अध्ययन गरिएको छ ।

### ४.६.१ देशभक्तिको भावना

प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा देशभक्तिको भावना अभिव्यक्त भएको पाइन्छ । जहानिया राणाको निरङ्कुशतावादी शासनद्वारा जनतामाथि गरिएको दमन र अन्याय अत्याचारको विरोध गरिएको छ । यस महाकाव्यका नायकपात्र वी.पी. पूर्णरूपमा राष्ट्रप्रेमी व्यक्तित्व छन् । उनका राष्ट्रवादी भावना काव्यका अधिक श्लोकहरूमा छचल्किएका छन् । वी.पी. जेलमा अनसन बसेको अवस्थामा स्वास्थ्य अवस्था कमजोर हुँदा पनि उनी आफ्नो माग पूरा गर्न तर्फ अडिग रहन्छन् । म केवल राष्ट्रका निम्ति हुँ मेरो सर्वस्व भन्नु नै मेरो राष्ट्र हो । यो राष्ट्रहित हुने कार्य गर्दा मेरो स्वास्थ्य बिग्रन्छ भने पनि बिग्रियोस् मलाई कुनै दुःख छैन भनी वी.पी.ले भनेका छन् (सर्ग १५ : १२२) । वी.पी.ले राष्ट्र, राष्ट्रियतालाई सर्वस्व ठानेका छन् र देशका निम्ति मर्नु आत्मगौरव हो भनेका छन् ( सर्ग १५, श्लोक १२४) ।

यस काव्यमा सहायक पात्र कृष्णप्रसादमा पनि राष्ट्रवादी भावना उजागर भएको देखाइएको छ । उनी जनताको स्वाभिमानका निम्ति चन्द्रशमशेरसँग प्रतिकार गर्न सक्षम भएका थिए । उनको त्यो क्रान्ति दुःखद जीवनको कारक बन्दा पनि उनले गर्वले शिर ठाडो पारेका छन् । उनी एक कुशल राजनीतिज्ञ साथै राष्ट्रप्रेमी व्यक्तित्व छन् ।

नेपाली जनताका लागि राणाकालीन अवस्था थाप्लाको भारी बनेको छ । यस राजनैतिक परिपाटीलाई तोड्न क्रान्तिकारी विचारका व्यक्तित्वको खाँचो परिरहेको अवस्थामा वी.पी. जस्ता इमान्दार, देशभक्त राजनेताको वर्णन गरेर पाठकलाई-भावकलाई वी.पी. को राष्ट्रवादी चिन्तनको महत्त्वबोध यसले गराएको छ । वी.पी. ले आफ्नो स्वास्थ्यको समेत कुनै वास्ता नराखी देशका लागि मरिमेटेर अथक रूपमा क्रान्ति गरेका छन् । यसरी एक राष्ट्रप्रेमी र जनअधिकारका लागि सङ्घर्षशील व्यक्तित्वको बारेमा प्रकाश पार्न खोजिएको यस चरित्र प्रधान महाकाव्यमा राष्ट्रप्रेमको भावनाले सर्वोत्कृष्ट स्थान प्राप्त गर्न सकेको छ । आफ्नो कुनै प्रवाह नगरी जेलमा अनसन बसेर मोहन शमशेरलाई सर्त मान्न बाध्य बनाएका

वी.पी. को क्रान्तिकारी कदमबाट नै प्रजातन्त्र भित्रिएको, निरङ्कुशतायुक्त जहानिया राणाशासन कालको अन्त्य गराउने वी.पी. मा राष्ट्रभक्तिको भावना नै प्रबल देखिन्छ ।

प्रजातन्त्रको आगमन वी.पी. का क्रान्तिकारी कदमको देन हो भनी सम्पूर्ण नागरिकले वीर वी.पी. जप्दै नारा लगाउनु, (सर्ग ११ : १४४), उनको कल्याणकारी कदम निष्ठा बनी उर्लनु, जनताको हित नै जीवनका उद्देश्य हुनु (सर्ग १२ : ३) नै उनका देशभक्तिका द्योतक हुन् । सारा नेपालीका खातिर क्रान्ति गर्नु, बारम्बार जेलमा यातना भोग्नु, तर पनि हार नमान्नु, जेलमै अनसन बस्नु, आफ्ना सर्त पूरा गराउनु जस्ता उनका राष्ट्रभक्ति भावना नै प्रजातन्त्रका र देशविकासका मुहान हुन् । प्रजातन्त्रका बाहक वी.पी. का प्रतिभाको र स्वाभिमानको प्रशंसा मोहन शमशेरले समेत खुलेरै गर्दथे र भन्दथे "तिमी आधुनिक नेता हौ" (सर्ग ११, श्लोक १५८) । जसरी काँडैकाँडाको बोटमा फुलेको गुलाब राम्रो देखिन्छ त्यसरी नै सामन्तको अँध्यारो युगमा क्रान्तिरूपी चन्द्रमा बनी उदाएको वी.पी.को राष्ट्रवादी भावना र सत्यवादी निष्ठा सुन्दर देखिन्छ । मेरो देश मलाई प्राणभन्दा प्यारो लाग्छ, त्यसैले देशका निम्ति मर्नु परे पनि मलाई दुःख छैन भन्ने राष्ट्रप्रेमी भाव झल्किएको छ (सर्ग १५, श्लोक ४६) ।

यसरी प्रस्तुत महाकाव्यले राष्ट्रियताको सबाललाई निकै जोडतोडका साथ उठाएको छ । आफ्नै राज्यमा स्वतन्त्र भई बाँच्न नपाउने परिस्थितिका सर्जक राणाप्रति घोर विरोध गरिएको छ र नेपाली जनताका निम्ति प्रजातान्त्रिक पद्धति स्थापना गरी देश विकास र सुधारका कार्यतर्फ लागि परेका थुप्रै घटनाहरूका आधारमा यो महाकाव्य देशभक्ति भावनाले ओतप्रोत बनेको छ ।

## ४.६.२ प्रकृति चित्रण

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा प्रकृतिको चित्रण गरिएको छ । यसमा विश्वेश्वरप्रसाद कोइरालाको पुर्ख्यौली स्थलको वर्णन गर्ने क्रममा प्रकृतिको चित्रण गर्दै कोइराला बाजे नाउँले प्रसिद्ध रहेको कोइरालाफाँट फक्रेको सुन्दर फूल जस्तै छ भनिएको छ (सर्ग १ : ८) । लमजुङ्को दुराडाँडाको फेदीमा रहेको सुन्दर कोइराला फाँट कोइरालाको वंशजथलो हो उक्त थलो कालान्तरमा दुराडाँडाको पखेरो भास्सिएर विनाश भएको प्रसङ्ग समेत महाकाव्यमा उल्लेख छ ।

कृष्णप्रसाद कोइराला र दिव्या कोइरालाका सन्तानका रूपमा वी.पी. कोजन्म भएको थियो । उनको जन्ममा स्वागतार्थ अग्ला हिमालहरू हर्षित भए अनि ती हरिया पहाडहरू हर्षित भए, घना जङ्गलका वृक्षहरूपनि खुसीले गद्गद् भएर पालुवासरी मुस्कुराएका कुरा एवम् चोकचोकमा सयपत्री फुलेर वातावरण रमणीय बनाएको चर्चा गरिएको छ (सर्ग ४ : ४७) । वी.पी. लाई स्वागत गर्दै प्रकृति शीतका थोपा बनेर धर्तीमा झरेकी छन् भने इन्द्रेणी स्वर्ग छोडेर मर्त्यलोकमा झरी धर्तीलाई अझ सुन्दर बनाएको प्रसङ्ग छ (सर्ग ४ : ४८) ।

कोशी तटको टेढी गाउँ पनि प्रकृतिको लोक हो भनिएको छ । जतातत‍ै टम्म हरिया बगैँचा अनि ती बगैँचाका वृक्षमा फलफूलले झुलेका हाँगाहरू हुने, कृषियोग्य जमिन भएकाले बालीनाली प्रशस्तै फाँटभरी देखिने दृश्यहरू, ती सुन्दर, घना वृक्षहरू चिर्दै उज्यालो प्रकाश गाउँमा पस्दाको त्यो सुन्दर नगरको चर्चा रूपको गरिएको छ (सर्ग ६ : १३) ।

यसरी टेढी गाउँको अनुपम प्राकृतिक मनमोहक दृश्यावलीको वर्णन यस काव्यमा गरिएको छ । उक्त रमणीय स्थानमा वी.पी. को मन असाध्यै रमाएको छ । नेपाल सिङ्गो मुलुक नै प्राकृतिक सुन्दरतामा विश्वमा चिनिएको मुलुक हो । यहाँ अनेकौँ सुन्दर दृश्यहरू हिमाली शृङ्खला अनि तरेली परेका पहाड र घना र हरियो वनको सुन्दर मनै तान्ने दृश्यको चित्रण पनि कवयित्रीले गरेकी छन् ।

नेपालमा प्रकृतिको जादु छ यहाँका हरेक परिवेश हेर्न लायक छन् । हरेक दृश्यले हाम्रो आँखालाई एकटक बनाइदिन्छन् । ती हिमालका पाखामा फुल्ने सेता बुकी अनि पहाडका माथमा फुल्ने लालीगुराँस, खोला-नाला, झरना, ताल आदिको दृश्यको जति वर्णन गरे पनि कमै लाग्ने प्रसङ्ग उठाइएका छन् (सर्ग ११ : ७) ।

यस काव्यमा ठाउँठाउँमा प्राकृतिक चित्रणका छनकहरू रहेका छन् । नेपालीका हरेक हर्ष र उमङ्गमा रमाउन साथ दिने हाम्रो प्रकृति नै हाम्रा खुसीका मुहान हुन् । प्रकृति नहुँदो हो त हामी सुन्दरताको अर्थ पनि नबुझ्ने हुन्थ्यौँ भनिएको पाइन्छ ।

यसैगरी समाजवादका वाहक एवम् महान् नेता वी.पी. को देहावसान पश्चात्को शोक सन्तप्त नेपालको पर्यावरणीय चित्रण पनि कवितामा उल्लेख गरिएको छ । वी.पी.को अभावको अनुभूति यो जगत्ले गरेको, धरती आकाश पनि रोएको, यहाँका पत्थर, माटो, सम्पूर्ण सृष्टि नै बिलौना गरिरहेको प्रसङ्ग छ (सर्ग १९, श्लोक ३५) । नेपाल भूमिमा

नवयुगको प्रवर्तन गर्ने महान् नेताको देहावसानमा नेपाल जननी शून्य भएकी अनि एउटा सुपुत्र गुमाउनु परेकोले धेरै शोक विलाप गर्दछिन् भने पिता समानका आकाश र पर्यावरणीय सबै वस्तुहरू पनि शोकमग्न भएको दर्दपूर्ण भाव कवितामा प्रकृतिका माध्यमबाट आएका छन् ।

यसरी हेर्दा प्रस्तुत महाकाव्यको पूर्वार्धमा वी.पी. को पुर्ख्यौली भूमिको प्राकृतिक रूपको चित्रण पाइन्छ भने उत्तरार्धको अन्त्यतिर आइपुग्दा उनको देहावसानमा रोइरहेको धर्तीका साथमा सारा देशवासी विलाप गरिरहेको दुःखद रूपको चित्रण गरिएको छ ।

## ४.६.३ राजनीतिक व्यवस्था

प्रस्तुत महाकाव्यमा वि.स.. १९१४ देखिको राणाकालीन जङ्गबहादुरको पालादेखि यताको देशको राजनीतिक अवस्थाका बारेमा उल्लेख भएको छ । राणाकालीन सामन्तवादी राजनैतिक परिवेश तथा पञ्चायती शाशक वर्गद्वारा गरिएको दमन जस्ता परिवेशको वर्णन छ । काव्य नायक वी.पी. मा क्रान्तिचेतनाको प्रादूर्भाव नै राजनैतिक पक्षबाट भएको छ किनकि देशमा राजनैतिक अस्थिरता एवम् निरङ्कुश कडा शासनले जनता पीडित भएको अवथाले नै राष्ट्रभक्तमा विद्रोहको भाव जागृत हुन्छ । सामाजिक एवम् राजनैतिक परिप्रेक्षले वी.पी. मा पनि क्रान्तिकारिता जन्मिएको हो । उनको चाहना नेपालको शासन जनतामुखी होओस् भन्ने मात्र थियो । वी.पी. ले सामन्तवादी समाजमा समाजवाद भित्र्याउन चाहेकाले फलस्वरूप उनी शासक वर्गका निम्ति आँखाको कसिङ्गर बन्न पुगेका छन् । उनमा धीरता भएको हुनाले नै अथक प्रयास गरिरहे । पटक पटकको जेलको यात्रा, पीडा, यातना सहेर पनि लक्ष्य प्राप्तिका निम्ति खटिए । फलस्वरूप राणाशासनका विरुद्धमा क्रान्ति गरी वि.सं. २००७ सालमा बहुदलीय प्रजातन्त्र प्राप्त भएको प्रसङ्गले राजनैतिक पक्षलाई प्रष्ट्याएको छ । यसकाव्यमा राजनैतिक पक्षको चित्रण प्रशस्त गरिएको छ । वी.पी. राजनेता हुन् र उनी नै यस काव्यका नायक हुन् । उनको जीवनवृत्त यसकाव्यको कथानक हुनुले पनि यस कुराको पुष्टि गरिरहेको छ । वी.पी. राष्ट्रवादी भावनाका भएकाले उनी देशको अस्तित्व जोगाउन, गौरव बढाउन अनि नेपाली जनतालाई शान्तिपूर्ण वातावरणमा हुर्काउनमा तल्लीन रहे । उनी आफ्नो व्यक्तिगत जीवन बाँचेनन् र बाँच्ने कहिल्यै चेष्टा पनि गरेनन् ।

यसैगरी पञ्चायती निरङ्कुश राजतन्त्रात्मक शासन व्यवस्था सम्बन्धी राजनैतिक परिघटना र प्रजातन्त्र पुर्नस्थापना पछि पनि जनविद्रोह गर्नुपरेको राजनैतिक परिघटनाबाट शान्तिकालमा प्रवेश गरेको घटनाक्रम यस महाकाव्यमा पाइन्छ ।

वी.पी. का पितामह एवम् पितामा पनि राजनैतिक निष्ठापूर्ण भाव अभिव्यक्त भएको पाइन्छ । उनका पिता आजीवन राजनीतिमै संलग्न रहेका थिए । वी.पी. ले वि.सं. २०१५ मा प्रधानमन्त्री भएपछि थुप्रै सुधारका कार्यहरू गरेका थिए । वि.सं. २०१६ मा उनले बिर्ता उन्मूलन गरेर वनविनाश हुने, वन्यजन्तु संरक्षण र 'हरियो वन नेपालको धन' लाई जगेर्ना गर्ने महान् कार्य गरे । उनले जहानिया राज्यभित्रका रजौटा जो सल्यान, खुमरी, दुल्लु कार्यालयमा एवम् अदालतमा थिए ती सबैका पद खारेज गरिदिए । नेपाली रूपैयाँलाई ने.रु. को प्रचलन बसाले साथै भारतीय रूपैया र नेपाली रूपैयाको सटही दर कायम गरे । उनैले कायम गरेको दर आजसम्म पनि कायम रहँदै आएको छ । उनले औद्योगिक सुधारका कार्यहरू गरेर स्याङ्जा, बाग्लुङ, पाल्पामा घरेलु केन्द्र र तालिमको प्रबन्ध मिलाए । उनैका पालामा चिनी, चुरोट, कागज र सिमेन्ट उद्योगहरू खोलिए । यस्ता थुप्रै समाज सुधार गर्ने वी.पी. लाई राजा महेन्द्रले मन पराएनन् र उनका विरुद्धमा रणनीति निर्माण गरे । मातृका कोइराला पनि आफ्नै भाइका विरुद्ध अनेक प्रपञ्चको रचना गर्दछन् । यस्तै कारण जनताका आँखाका नानी वी.पी. लाई सत्ताबाट हटाउने कार्य गरियो । उनको मन्त्रीमण्डल नै तोड्ने र उनलाई जेल पठाउने कार्य गरियो ।

यसरी यस महाकाव्यमा वी.पी. को जीवनका उतार चढावमा राजनैतिक प्रभाव रहेका थुप्रै प्रसङ्गहरू रहेका छन् । त्यस्तै बालक राजा सुरेन्द्र विधवा आमाको साथमा राजगद्दीमा बसेका समयमा रणोद्दीप जस्ताले सत्ताको लोभ गर्नु अनेक प्रपञ्च रच्नु, घटना घटाउनु, जनहितका लागि पाइला उठाएका कृष्णको चन्द्रद्वारा सर्वस्वहरण हुनु जस्ता प्रसङ्ग राजनैतिक चित्रणका रूपमा आएका छन् ।

### ४.६.४ सामाजिक परिवेश

प्रस्तुत महाकाव्यमा शहरिया तथा ग्रामीण समाजको चित्रण रहेको छ । नेपालको राजनैतिक सामाजिक पर्यावरण नै यस महाकाव्यको सेरोफेरो हो । काव्यको उठानमा कोइरालाफाँट, दुम्जा गाउँको सामाजिक चित्रण छ । विभिन्न जात, धर्म, पेसा, भेषभूषा,

भाषा आदि पक्षहरूको मिश्रणबाट नेपाली समाजको निर्माण भएको एवम् समाजमा शासक वर्ग र शोषित वर्गसमेत रहेको चर्चा पाइन्छ । यहाँ निरङ्कुश शासनले नेपालका सबैखाले वर्गका व्यक्तिहरू माथि मनपरी थिचोमितो गरेको अवस्था देखाइएको छ । नेपालमा जङ्गबहादुर राणाको पालादेखिकै समाजको चित्रण यस काव्यमा उतारिएको छ । शिक्षाको उज्यालो ज्योतिबाट वञ्चित भएको नेपाली समाज आफ्नो इच्छाले काम गर्न नपाएको समाज, मानवीय हक हितका लागि आवाज उठाउन नपाउने र प्रतिबन्धात्मक समाजको चित्रण यहाँ छ । राणाका विरुद्धमा आवाज उठाउँदा कृष्णप्रसादले निर्वासित जीवन बाँच्न बाध्य भएको प्रसङ्ग, क्रान्तिकारी विचारधारा अघिसार्दा पटकपटक जेलजानुपरेको विश्वेश्वरको अवस्थाको चित्रण यस काव्यमा चित्रित भएको छ । नारीलाई पुरुष सरह अधिकार नदिइएको चित्रण पनि यहाँ उल्लेख गरिएको छ । आफ्ना पतिका साथमा सहकार्य गर्ने, घुम्ने रमाउने दिव्याका इच्छा मनभित्रै कुण्ठित भइरहन्छन् (सर्ग २, श्लोक ५६) । गर्भवती अवस्थामा अस्पताल जाँच गराउन जाँदा अचकाली भयो भन्ने रुढीवादी र अशिक्षित समाजको समेत चर्चा छ । एवम् क्रान्तिकार्यमा अग्रणी भएका कारण अज्ञात जेल राखिएका वी.पी.को कुनै खबर नपाउँदा मनभित्र पीडा राखी रातदिन रोएरै समय व्यतित गर्ने सुशीलाको अवस्थाले नारी जतिसुकै विज्ञ, ज्ञाता भएरपनि केवल चुलो चौको मै सीमित रहनुपर्ने नेपाली समाजको प्रतिबिम्ब प्रस्तुत गरिएको छ । यसमा पितृसत्तात्मक समाजको सामाजिक परिवेशको चित्रण प्रस्तुत गरिएको छ ।

यसरी यस काव्यमा वी.पी. जस्ता व्यक्तित्वको दुःख, कष्टमय जीवन चित्रण देखाउनुले तत्कालीन समाजमा रहेका अन्य पिछडिएका वा असाह्य व्यक्तित्वको जीवन झनै नाजुक अवस्थामा गुज्रिएको समाजको चित्रण उतारिएको छ भने अर्कोतर्फ समाज उत्थानका लागि लागिपर्ने वी.पी. जस्ता जागरुक युवाहरूका नवीन विचारधारा लगायत देश विदेशका उन्नतिशील पक्षहरूबाट राम्रा कुराको अनुशरण गरी समाज विकासको बाटोतर्फ लम्किरहेको अवस्थाको पनि चित्रण गरिएको छ ।

### ४.६.५ धार्मिक तथा सांस्कृतिक अवस्था

प्रस्तुत महाकाव्यमा धार्मिक तथा सांस्कृतिक परिवेशको चित्रण प्रस्तुत गरिएको छ । धर्म नै हाम्रा संस्कार हुन् । धनी वर्गले धर्मलाई आफ्नो स्वार्थ सिद्धिका निम्ति प्रयोग गर्ने

गर्दछन् । धर्म नै शोषक वर्गहरूले शोषित तथा श्रमजीवी वर्गमाथि रजाइँ गर्ने सजिलो माध्यम हो । धर्मका नाममा बालविवाह, अनमेल विवाह, बहुविवाह गरी नारी दमनका कार्य भएका छन् । धर्म, संस्कार हाम्रा परिचय हुन् । यिनको जगेर्ना गर्नुमा नै अस्तित्वको बचाउ गर्नु हो । वी.पी. का पिता कृष्णप्रसादमा धार्मिक भावना जागृत भई कालीमन्दिर निर्माण गराए र मेला लगाए । उक्त कार्यबाट सामाजिक सद्भावनाको विकास समेत भएको उल्लेख गरिएको छ (सर्ग ४ : ३०) । समाजसेवा नै धर्म हो भन्ने अभिप्रायले कृष्णप्रसाद एवम् वी.पी. मा जनहित, मानवसेवाको भावनाको विकास भएको समेत काव्यमा उल्लेख छ ।

वी.पी. ले रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थको गहन अध्ययन गर्दथे र त्यसबाट उनमा सत्यवादी एवम् उपकारी भावना एवम् कर्तव्य परायण जस्ता असल गुणका विकास भएको छ । वी.पी. व्यक्तिगत सुख र शान्ति त्यागेर सदा परहितका कार्यमा समर्पित भएका छन् । असल व्यक्ति र असल समाज निर्माण गर्ने उनको उद्देश्य पूरा पनि गर्दछन् । यी सम्पूर्ण कार्य वहन हुनुमा धार्मिक आस्थाको प्रभाव देखिन्छ ।

कृष्णप्रसादले विराटनगरमै पहिलो विद्यालय र अस्पताल निर्माण गरी समाज सेवाको काम गर्दछन् । सहज उपचार पद्धति र विद्यालयमा निःशुल्क पढ्न र खाजा खान पाउने व्यवस्था लागु गर्दछन् । यसरी पुण्य प्राप्त हुने कार्यमा संलग्न कृष्णप्रसादमा धर्मप्रति आस्था रहेको देखाइएको छ ।

यसरी हेर्दा नजिकको कोशी तटमा धार्मिक मेला लगाउने, राधा कृष्णका मूर्ति झिलिमिली पारी उत्सव मनाउने जस्ता धार्मिक कार्यहरू भएको पाइन्छ । नेपाली समाजमा तत्कालीन विद्यमान धर्म र संस्कारका पक्षमा चर्चा गर्ने काम यस काव्यमा भएको छ ।

### ४.६.५ आर्थिक अवस्था

प्रस्तुत काव्यमा श्रम गरेर खाने श्रमिक, मजदुर, ग्रामीण किसान, भरियाहरूको आर्थिक अवस्था अत्यन्त नाजुक र जर्जर रहेको कुरा उल्लेख छ । त्यतिमात्र होइन धन र वैभवले सम्पन्न कृष्णप्रसादको पनि राणाप्रधानमन्त्री चन्द्रशमशेरद्वारा सर्वस्व हरण गरिएपछि निर्वासित बनी बनारस पुगेका छन् । त्यहाँ उनले पत्रिका बेचेर गुजारा समेत गरेको विवशताको चित्रण गरिएको छ । धेरै जनाको उनको परिवार ठूलो थियो तर बिहान बेलुका भोजन गर्ने अन्न नहुँदा चना खाएर भोक मेटाउने प्रयत्न गरेको कोइराला परिवारको

दयनीय अवस्थाको चर्चा छ । बालक वी.पी. बिरामी हुँदा महङ्गो उपचार गर्न नसकी घाउको पीडा सहनु परेको दुःखद स्थितिको समेत चित्रण छ । टेढी गाउँमा बल्लतल्ल बास र खेतीयोग्य जमिनको जुगाड गरेका थिए । तर ठूलो भरीले कोसी तट फ्याँकिदिएको पुनः कष्टपरक जीवन व्यतित गर्नुपरेको, वी.पी. ले पनि बनारसमा गई आफैले काम गरेर अध्ययन गरेका स्थितिको चर्चा छ ।

प्रस्तुत क्रान्तिकारी विश्वेश्वर महाकाव्य वी.पी. को जीवन वृत्तात्मक भएको हुनाले उनकै जीवनका पक्षलाई बढी समेटिएको छ उनको अवस्थाले समाजका अन्य व्यक्तिका पीडादायी अवस्था समेत प्रदर्शन गरिरहेका छन् किनकि यो नै समाजको यथार्थीकरण हो । तत्कालीन अवस्थाका मानिसहरूको आर्थिक अवस्था धेरैको कमजोर थियो भन्ने देखाइएको छ ।

ग्रामीण किसानहरूको आर्थिक अवस्था अत्यन्तै नाजुक र जर्जर रहेको थियो । बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपबाट किसानहरू क्षतविक्षत भएका थिए । सरकारले राहत दिनुको सट्टा उल्टै सत्ताको आडमा शोषण गरेका कुराहरू यहाँ उल्लेख छन् । दरबारमा अर्थतन्त्रको इति मात्र भइरहेको हुन्छ । राणाहरू विदेशी मदिरा र शृङ्गारमा मोजमस्ती गरेरै धन खर्च गर्दछन्, दरबारभित्र इन्द्रको स्वर्ग निर्माण गर्दछन् तर दरबार बाहिरको दर्दनाक पीडाको रागले छोपिएको, अशिक्षाले रुमलिएको त्यो धमिलो आकाशले ढाकेजस्तो अँध्यारो समाजलाई कहिल्यै देख्न चाहेनन् । अदालत, प्रहरी, भूमिकरका नाम बोकेका सामन्तीका प्रतीक बनी जनशोषण गर्दथे (श्लोक १३, सर्ग ५१-५२) । देशमा उन्नति, प्रगतिका मुहानहरू फुटाउने तर्फ कहिल्यै सोच्न पनि सकेनन् त्यस्तो बिग्रदो देशको अर्थतन्त्रमा वी.पी. प्रधानमन्त्री र सुवर्ण समशेर अर्थमन्त्री भएपछिको समयमा धेरै सुधारका कार्यहरू गरिएका थिए (सर्ग १३, श्लोक १०) । घरेलु तथा ठूला उद्योगका लागि पाइला चालिएका थिए । विर्ता उन्मूलन गरिएको, सिंचाइ परियोजना कार्य सफल पारिए, देश विदेशबाट करछुट गराए अनि सहयोग समेत प्राप्त गरे (सर्ग १३, श्लोक ४१) । यसरी वी.पी. ले अठार महिने कार्यकालमा पनि थुप्रै सुधारका कार्यहरू गरेका थिए । उनले शिक्षा र स्वास्थ्य क्षेत्रका शाखाहरू पनि धेरै ठाउँमा विस्तृत गराए । यसरी छोटो कार्यकालमै पनि जनताका दुःख निवारण र स्वरोजगारका थुप्रै अवसरहरू खडा गराएर राष्ट्र विकासका कार्य गरेका प्रसङ्गहरू यस महाकाव्यमा उल्लेख छ ।

### ४.६.७ प्रशासनिक अवस्था

प्रस्तुत महाकाव्यमा तत्कालीन सत्ताको प्रशासनिक अवस्था अत्यन्तै निकृष्ट र पक्षपातपूर्ण थियो भन्ने देखाइएको छ । सर्वसाधारण जनताप्रति गरिएको शोषण, दमन, उत्पीडनको सुनुवाई गर्ने कुनै निकाय नै नभएको र नीतिगत नियम भन्दा पनि सत्तासीन व्यक्तिको निर्णय नै सर्वेसर्वा हुने तत्कालीन प्रशासनिक अवस्था देखाइएको छ ।

समाज सुधारका कृष्णप्रसादले निर्वासित जीवन बिताउन बाध्य हुनु, राणा तथा पञ्चायती शासकका आँखी बनेका क्रान्तिकारी वी.पी. पटकपटक जेलमा बन्दी हुनु, वी.पी. लाई सहयोग गरेबापत अन्य व्यक्तिलाई समेत जेल चलानी गर्नु, वी.पी. जस्ता व्यक्तिलाई देशद्रोहीको आक्षेप लगाउँदा समेत निष्क्रिय भई बस्ने सत्तावादी प्रशासनिक अवस्थाको चित्रण छ । भूमिगत रूपमा क्रान्ति गरिरहेका वी.पी. समातिएपछि उनलाई नजरबन्द गरियो, आफन्तसँग भेट्न दिइएन, न कुनै खबर, न कुनै सूचना, पढ्ने सुत्ने अवसरबाट वी.पी. लाई वञ्चित गरिएको थियो । न त आफ्नो मनको वह पोख्नका लागि लेख्ने कापी र कलम नै दिइयो । यसरी सत्ताको आडमा नियम विपरित एकोहोरो यातना मात्र दिँदै उनलाई बन्दी बनाउनु कमजोर प्रशासनिक अवस्थाकै कारण हो भन्न सकिन्छ ।

राष्ट्र विकासको उद्देश्यमा वी.पी. तल्लीन रही कार्यनिर्वाह गरिरहेका थिए । राजा महेन्द्र वी.पी. को ईर्ष्या गर्दथे । जनतालाई हातमा लिने कार्य राजा स्वयम्ले नै गरेको आभाष पार्दथे । मन्त्री मण्डलको कार्यसमित राजाले नै खटाउँथे । जनप्रिय बन्ने हेतुले राजाले सेना प्रहरी आदिका तलब वृद्धिसमेत गराए (सर्ग १३, श्लोक ११५-११६) । राजनीति कमजोर हुँदा भ्रष्टाचार बढिरह्यो, उद्योग कलकारखानाहरु प्रशस्त खुलेनन् प्रजातन्त्रका नाममात्र बोकी नेताहरु त्यसै छक्क पर्ने प्रजातान्त्रिक सरकार नाम मात्रको भएको कुराको चर्चा गरिएको छ (सर्ग १३, श्लोक १२३-१२४) ।

जनप्रिय बन्न चाहने राजतन्त्रले मन, वचन र कर्मले राष्ट्रका निम्ति खटिएका वी.पी. को सरकार ढल्यो । यस्तो प्रपञ्च मात्र रच्ने कमजोर राजनैतिक व्यवस्थाको चर्चा यस काव्यमा गरिएको छ । देशको संविधानलाई देखावटी कानुन मात्र बनाएर सम्पूर्ण दल स्वार्थ बने । राष्ट्रहितका निम्ति कार्य गर्ने सच्चा राष्ट्रभक्तलाई हतकडी लगाएर नागरिकको रक्षक कानुनलाई भ्रष्टाचारीको टेक्ने लौरो बनाएको चर्चा यहाँ गरिएको छ (सर्ग १४, श्लोक ३५) । राष्ट्रका कुशल सञ्चालक बन्नुपर्ने राजा महेन्द्र निरङ्कुशतावादी खलनायक बनेर शाही सेनालाई आफ्नो दाहिने हात बनाई प्रजातन्त्र उखेल्ने कार्य गरे (सर्ग १४ : श्लोक ३७-

४०) । यसरी राष्ट्र र राष्ट्रबासीका सुरक्षाका निम्ति खटिनुपर्ने देशको कानुन अथवा प्रशासनिक अवस्था स्वार्थी प्रवृत्तिले भरिपूर्ण राजाको एकलौटी अधिकार बनेको कमजोर प्रशासनिक अवस्था यस महाकाव्यमा उल्लेख गरिएको छ ।

### ४.६.८ शैक्षिक अवस्था

प्रस्तुत महाकाव्यमा शिक्षासँग सम्बन्धित प्रसङ्गहरू उजागर गरिएको छ । शिक्षा धनीवर्गका लागि मात्र दिइएको अवस्थाका चित्रण छ । गरीब तथा किसानका छोराछोरीहरू शिक्षाको उज्यालो प्रकाशबाट वञ्चित भएका छन् । गाउँमा विद्यालय खोलिएका थिएनन् । यस्तो विकराल शैक्षिक अवथाको यहाँ चित्रण गरिएका छ । कृष्णप्रसादले विराटनगरमा पहिलो विद्यालय खोलेको प्रसङ्गले पनि गाउँमा विद्यालय नभएको पुष्टि गर्दछ । कृष्णप्रसाद, वी.पी. बनारस गई शिक्षा आर्जन गरेको तथ्य स्पष्टै छ । यसरी ग्रामीण भेगका बालबालिका शिक्षाबाट वञ्चित रहेको, कतैकतै सञ्चालित भएका विद्यालयहरूमा पनि राम्रो व्यवस्था नभएको समेत चर्चा गरिएको छ ।

शिक्षा दिएपछि जनता जागरुक हुन्छन् अनि हक अधिकार खोज्न थाल्दछन् भन्ने कु-भावना राणाले राखेका छन् । राणा जङ्गबहादुर बेलायत भ्रमणबाट फर्केपछि दरबारमा नै दरबार स्कुल स्थापना गराई आफ्ना छोराछोरी र भाइभारदारका सन्तती मात्र पढ्न पाउने र अन्य कोही पनि भर्ना हुन नपाउने गरी विदेशी शिक्षकहरू झिकाएर अध्यापन गराइन्थ्यो । त्यस किसिमका विचारधाराबाट बगेका राणाहरूमा शैक्षिक सुधार गर्ने, शैक्षिक विकास गर्ने भावनाको विकास हुनु भनेको 'आकाशको फल आँखा तरी मर' सरह नै थियो । जहानिया राणा शासकको दमनबाट पिछडिएको समाजमा २००७ सालमा प्रजातन्त्र भएपछि पनि पञ्चायती हैकम जमाउन चाहने राजावर्गद्वारा समाजमा विकास, उन्नति हुन दिएनन् । शिक्षा, स्वास्थ्यका क्षेत्रमा विकास गर्ने वी.पी.को कार्यको विरोध मात्र गरिरहे । यस्तो स्वार्थले जरो गाडेको समाजमा राम्रो शिक्षा प्राप्त गर्ने जनताको अधिकार खोसिएको थियो । त्यसैले तत्कालीन समाजका व्यक्तिहरु शिक्षाको उज्यालो प्रकाशबाट बञ्चित रहनुपरेको थियो । समाज उत्थानका निम्ति आवाज उठाउने व्यक्ति शासक वर्गका आँखाको कसिङ्गर बन्ने गर्दथे । त्यसैले शिक्षाको विकास हुन सकेको थिएन । जनताका निम्ति विद्यालय स्थापना गराउने, घरेलु सीप सिकाउने तथा उद्योग खोल्ने, विर्ता प्रथा उन्मूलन गर्ने राजनैतिक चलनमा पारदर्शीता ल्याउने, जनहक र अधिकारका कुरामा जनतालाई सहभागिता गराउने

वी.पी. को शासन नरुचालने, प्रजातन्त्रको घाँटी निमोठ्ने समाजमा शैक्षिक उन्नति हुनु अकल्पनीय नै थियो । यसरी शिक्षाको अभावले नेपाली जनता पिछडिएका थिए । मानव हक, अधिकारबाट वञ्चित भएका थिए ।

शिक्षा प्राप्त गर्ने अवसर राणाशासकबाट बञ्चित भए तापनि जागरुक नेपाली समाजका सचेत व्यक्तित्वहरूबाट विदेशी शिक्षकहरू ल्याई समूहमा बालबालिका भेला गराई शिक्षा दिने वातावरण तयार गरेका थिए । कतिपय व्यक्तित्वहरू बनारसजस्ता ठाउँमा गई शिक्षा लिने गर्दथे । त्यसरी स्वस्फूर्त प्रयासबाट वा देशविदेशका निम्ति तत्कालीन अवस्थामा शिक्षा आर्जन गर्ने प्रयास गरिएको यथार्थता महाकाव्यमा उल्लेख गरिएको छ ।

## ४.६.९ यथार्थको प्रकटीकरण

प्रस्तुत महाकाव्य अन्य काव्यको तुलनामा पृथक छ किनकि यहाँ विश्वेश्वरप्रसाद कोइरालाका जीवन चरित्रलाई काव्यगत रूपमा सरसर्ती प्रस्तुत गरिएको छ । यस काव्यमा जति पनि श्लोक रचिएका छन् ती यथार्थ बोध गराउने मात्र नभई यथार्थ घटनावृत्त नै हुन् भन्ने देखिन्छ । नेपालको राजनैतिक, सामाजिक अवस्थाको वास्तविकताको चर्चा यस महाकाव्यमा गरिएको छ ।

यथार्थको प्रकटीकरण गर्नु प्रस्तुत महाकाव्यको उद्देश्य पनि रहेको छ । महान् नेता, इतिहास प्रसिद्ध नेता वी.पी., साहित्यकार वी.पी. का बारेमा जनमानसमा ज्ञात भएका वा ज्ञात नभएका त्यस्ता थुप्रै घटनावृत, विषयवस्तुका बारेमा छर्लङ्ग्याउने कार्य यसले गरेको छ । जलाई यथार्थको प्रकटीकरण भन्न सकिन्छ ।

कोइरालामा राजनीतिप्रतिको निष्ठा पुर्ख्यौली पहिचान भएको कुरा, आफ्नै दाजु मातृकाद्वारा वी.पी. पदच्यूत हुन पुगेको एवम् लामो समय जेल बस्नुपरेको कुरा, दुई छाक राम्रोसँग खान नपाई वी.पी. को बाल्यकाल बितेका कुरा, एकसरो कपडामा वर्षौं अध्ययन गरेका कुराहरू नै यथार्थ प्रकटीकरण हुन् । यसरी वी.पी. का जीवन वृत्तलाई प्रष्ट पार्ने कार्य यस महाकाव्यले गरेको छ । यसमा काव्यनायक वी.पी.को मात्र नभइ शान्तिपूर्ण वातावरण निर्माण गरी देशको विकास गर्न चाहने राष्ट्रप्रेमी सम्पूर्ण जनताले ठूलो दुःख कष्ट भेलेका पक्षहरु उठाइएका छन् । नेपाली माटोमा सामन्तको आगो दन्किइरहेको, अन्योलता छाएको र

सोझा-साझा नेपाली जनतामाथि अत्याचार र भ्रष्टता बढेको शाश्वत प्रसङ्ग उजागर गरिएका छन् (सर्ग १६, श्लोक ४-५) ।

वी.पी.को अध्यक्षतामा नेपालमा सशस्त्र क्रान्ति भएको समयमा भू.पू. सैनिक, विद्यार्थी प्रमुख योद्धा बनेर क्रान्ति गरे । उक्त क्रान्तिकारी आन्दोलनमा कयौं नेपाली युवाहरु मारिएका थिए भने कयौं युवाहरु जेलमा थुनिएर दुःखपूर्ण जीवन बाँच्नुपरेका घटनाहरु यस काव्यमा चित्रण गरिएको छ । नेपालको तराई जनकपुर, जलेश्वर, महोत्तरी, चितवन, परासी, कास्की, स्याङ्जा र बाग्लुङका बमकाण्डमा थुप्रै नेपाली युवाले ज्यान गुमाउनुपरेको थियो । त्यस्तै सोलु, ओखलढुङ्गाको काण्ड झन् भीषण थियो, जहाँ तीन दर्शन नेपाली यौटा पनि ज्यूँदो नरहेका वास्तविकताको यहाँ चर्चा गरिएको छ । यसरी थुप्रै नेपाली जनताले आन्दोलनको भयावह अवस्थामा पीडा खप्नुपरेको, कतिपय युवा जङ्गलमा गोली खाएर पल्टदै मरेका कुरा एवम् कप्तान यज्ञ थापा मारिएका दर्दनाक पीडाहरु समेत उल्लेख गर्नुले महाकाव्यमा यथार्थ पक्षको प्रकटीकरण गरिरहेका छन् ।

## ४.६.१० समाजवादी चिन्तन र आशावादी जीवनदृष्टि

यस महाकाव्यमा समाजवादी चिन्तन र आशावादी जीवनदृष्टिको अभिव्यक्ति पाइन्छ । यस काव्यमा समाजवादको निर्माण कसरी भएको थियो भन्ने प्रसङ्गको चर्चा छ ।

पहिले मानिस प्राकृतिक अवस्थामा थियो तेरो मेरो भन्ने भावना केही थिएन । सोच्ने क्षमता बुद्धि हुँदै गएपछि सुखको खोजमा मानिस तल्लीन हुन लाग्यो, रुखका हाँगामा बस्ने मानिस ओढारमा बस्न सिक्यो यसरी सिक्दा सिक्दै मानवले सभ्य र भव्य समाजको निर्माण गर्न पुग्यो । यसरी मानवमा वौद्धिक क्षमताले अग्रगामी रूप लिँदै अगाडि बढेर मानव समाजको सिर्जना भएको कुरा यहाँ उल्लेख गरिएको पाइन्छ (सर्ग १८ : ३-६) ।

पछि त्यही मानिसमा जग्गा जमिनमा तेरोमेरो भन्ने द्वन्द्व चल्न थाल्यो । एकाधिकारको विकासले मानिसलाई प्राकृतिकबाट कृत्रिम बनायो । यस्तोमा फेरि श्वास-प्रश्वासका निम्ति हावा पानी निःशुल्क भएको र अन्य सबै स्वामित्व हरेक मानिसको बराबर हुनुपर्ने धारणाका रूपमा समाजवादी चिन्तनले जन्म लिएको चर्चा गरिएको छ (सर्ग १८ : १२-१४) । मानिसले कृत्रिम रूपमा निर्माण गरेका एकाधिकारी स्वामित्वलाई त्यागेर सबै

मानव एकै हौँ, हामीमा सानो ठूलोको भावना हुनुहुँदैन भन्ने अभिमत बोकी समाजवादको निर्माण भयो भन्ने चर्चा गरिएको छ ।

यसरी सबैमा आर्थिक समानता राख्ने उद्देश्य बोकेको समाजवादको पालना गरी वी.पी. क्रान्तिमा अघि बढेका छन् । यसै समाजवादी चिन्तनबाट नै प्रजातन्त्रको जन्म भएको हो । निजी उद्योगलाई प्रोत्साहन गरेर अनि शोषण-दमन रोकेर नै राष्ट्रमा विकास हुन्छ । राज्यले कर लिँदा श्रमिक सङ्घकालाई एकाग्रमा राख्ने हो भने मात्र अर्थतन्त्रमा न्याय हुने कुरा उल्लेख गर्दै यही कुरा प्रजातन्त्रमा लागुहुने सङ्केत पनि यहाँ गरिएको छ । प्रजातन्त्र र समाजवाद एक अर्काका पूरक हुन् भनिएको छ । यस्ता सकारात्मक सोचको विकासले नै समाज समतापूर्ण बन्ने आशावादी दृष्टि प्रस्तुत गरिएको छ । भारतका नेता जयप्रकाश, नरेन्द्रदेव, राममनोहर रायसँगको मित्रताले नै वी.पी. मा समाजवादको चेत अङ्कुरण भएको थियो । यसैले त उनी नेपाल र नेपाली जनताको स्वतन्त्रताको लागि, समाजवादी धारणाको निम्ति क्रान्ति गरे र प्रजातन्त्र स्थापना कार्यमा सफल बने ।

विभिन्न अध्ययन र कार्यानुभवद्वारा वी.पी. ले आफ्नो जीवनको अन्तिम क्षणहरूमा समेत सुनौलो नेपालको परिकल्पना गर्दै विभिन्न सम्भावनाका पाटाहरू केलाउने नैतिक सन्देश दिएको कुरा काव्यमा उल्लेख गरिएको छ ।

उनले नेपालमा जे-जे का सम्भावना छन् तिनै कुरामा विस्तार गर्दै जानुपर्छ भनेका छन् । कृषिको विकास गर्नाले कृषक तथा श्रमिक वर्गको विकास हुन्छ । जब समाजमा गरिब वर्ग सम्पन्न हुँदै जान्छन् अनि मात्र समाज सम्पन्नशाली बन्नेछ भनेका छन् । सयमा नब्बे जना दुःखी गरीब, खान नपाएका छन्, ती व्यक्तिहरूलाई आधारभूत आवश्यकता पूरा गराएरै, तिनलाई खुसी पारेरै मात्र देशको विकास हुन्छ भनेका छन् (सर्ग १८ : १५५-१६३) । सडकमा धुलो खेल्ने केटाकेटीलाई उचित लालनपालन र शिक्षा दिनु पर्छ, उर्वर भूमिलाई अझ उर्वर बनाउनु पर्छ, नदीनालालाई सदुपयोग गर्नुपर्छ अर्काको राम्रो देखेर कोही पनि लोभिनु हुँदैन । आफैले राम्रो गर्ने प्रयत्न गर्नुपर्छ भन्ने आशावादी जीवनदृष्टि उनले व्यक्त गरेका छन् (सर्ग १८ : १६५-१६७) । घाँटी हेरेर हाड निल्नुपर्छ, आम्दानी हेरेर घरको जग बसाल्नु पर्दछ, पहिला देशभरिका गाउँ समृद्ध पार्नुपर्छ, शिक्षा, स्वास्थ्य र सिंचाइ सुविधा सहज रूपमा उपलब्ध बनाउनु पर्छ, । अन्ध परम्परा हटाई प्राविधिक सीपको विकास

गराएमा, थुप्रै यस्ता प्रयासले समुन्नत राष्ट्रको निर्माण छिट्टै गर्न सकिने सुनौलो भोलिको सङ्केत गरेका छन् ।

यसरी यस महाकाव्यमा वी.पी. का समाजवादी चिन्तन र आशावादी जीवनदृष्टि प्रगाढ बनेर देखिएका छन् । वी.पी.का प्रजातन्त्र दिगो पार्ने, जनतालाई शिक्षा, स्वास्थ्य निःशुल्क गर्ने, गरिब भोका-नाङगालाई उचित बास-गासको व्यवस्था मिलाउने, असाहाय र बेरोजगारलाई जीवन धान्ने भत्ताको व्यवस्था मिलाउने, आदि कार्यहरू गरी दीनहीन समाज परिवर्तन नगर्दासम्म राष्ट्रको विकास हुन सक्दैन। यदि यी सबै पक्षलाई द्रुत रूपमा सुधार गर्‍यौँ भने मात्र समुन्नत देश निर्माण हुनेछ र वी.पी. का अपूर्ण उद्देश्यहरू पूरा हुनेछन् भन्ने चर्चा गरिएको छ ।

यसरी प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको कथ्य विषय वा भावमा देशभक्तिको भावना, प्रकृति चित्रण, राजनीतिक अवस्था, सामाजिक तथा साँस्कृतिक अवस्थाको चित्रण, धार्मिक, शैक्षिक अवस्थाको चर्चा र समाजवादी चिन्तन र आशावादी जीवन दृष्टिका उपर्युक्त आधारमा चर्चा गरिएका यिनै विषयवस्तु वा भावमा वी.पी.को जीवन चित्रण यस महाकाव्यमा गरिएको छ ।

## ४.७ उद्देश्य

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यले नेपाललाई विदेशी संस्कारको बिगबिगीबाट मुक्त गराउन चाहेको छ (सर्ग १: ३८), राणाहरू गिद्ध बनेर राजहाँस निलेको, मानिसले नै मानिसलाई गिद्धलेझैं चिलेको र देख्नै नसकिने अत्याचारको अन्त्य चाहनु (सर्ग १:४०), निरङ्कुशताले ढाकेको जहानिया राणाशासनको अन्त्य गरी समाजवादी प्रजातन्त्र प्राप्तिका निम्ति क्रान्ति गर्नु र असल समाज अनि स्वाधीन, स्वच्छन्द, शान्त, सौम्य, सभ्य र समाजवादी राज्यव्यवस्था स्थापना गर्ने उद्देश्य यस महाकाव्यले लिएको देखिन्छ । यस महाकाव्यले वी.पी. जस्ता इमान्दार, देशभक राजनेताको वर्णन गरेर पाठकलाई वी.पी. को राष्ट्रवादी चिन्तनको महत्त्वबोध गराउने महान् उद्देश्य राखेको छ साथै यसको अर्को उद्देश्य तत्कालीन यथार्थको प्रकटीकरण पनि रहेको पाइन्छ ।

यस काव्यले बी.पी. को जीवनका कतिपय ज्ञात/अज्ञात पाटाहरूलाई यथार्थरूपमा देखाउने काम गरेको छ अतः यो सोद्देश्यमूलक कृति बनेको छ । नेपाली जनताको जनसङ्घर्षका बाबजुद देशमा शान्ति छाड्न सकेको, देश विकासको बाटोमा अगाडि बढ्न सकेको चर्चा गरिएको छ साथै राष्ट्र उन्नत गराउनका निम्ति ग्रामीण भेक तथा घरेलु सीप र सिर्जनाको विकास गर्नुपर्छ । निमुखा वर्गको उन्नति बिना देश विकास सम्भव हुँदैन भन्ने राजनैतिक सन्देश काव्यले पस्केको छ ।

## ४.८ लय वा छन्द विधान

यस **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य छन्दोबद्ध महाकाव्य हो । यस महाकाव्यमा अनुष्टुप् छन्दका श्लोक बढी मात्र हैन सम्पूर्ण काव्य नै अनुष्टुप् छन्दमा बगेको छ भन्न सकिन्छ । अन्य छन्दका कविताले दालभातमा तरकारी, अचारको स्वाद दिएका छन् । अन्त्यानुप्रासको राम्रो संयोजनका साथै मध्यानुप्रास, आद्यानुप्रास, छेकानुप्रास र यमकको प्रयुक्ति पनि कताकति देखापर्दछ । रूपक, उपमा, दृष्टान्त, स्वभावोक्ति, उत्प्रेक्षा, सन्देह, शङ्कर अलङ्कारहरु पनि देखिन गएको छ । यसमा सकेसम्म भावनालाई प्रवाहमय र बोधगम्य बनाउने प्रयास गरिएको छ ।

यस महाकाव्य १९ सर्गमा संरचित छ । यस १९ सर्गमा १६ ओटा छन्दको प्रयोग गरी रचना गरिएको छ । यसमा प्रयुक्त छन्दहरूको स्थितिलाई यसरी प्रष्ट्याउन सकिन्छः

| क्र.सं. | छन्द | श्लोक सङ्ख्या |
|---|---|---|
| १ | अनुष्टुप | २४५६ |
| २ | इन्द्रबज्रा | ९६ |
| ३ | उपेन्द्रबज्रा | ३० |
| ४ | शार्दूलविक्रीडित | २९ |
| ५ | भुजङ्गप्रयात | १२ |
| ६ | शिखरिणी | ८ |
| ७ | वंशस्थ | ८ |

| | | |
|---|---|---|
| ८ | वसन्ततिलका | ५ |
| ९ | स्रग्विणी | ३ |
| १० | इन्दिरा | ३ |
| ११ | शालिनी | २ |
| १२ | इन्द्रवंशा | २ |
| १३ | स्रग्धरा | २ |
| १४ | मन्दाक्रान्ता | २ |
| १५ | उपजाति | १ |
| १६ | रथोद्धता | १ |
| जम्मा | १६ छन्द | २६६० श्लोक |

यसरी वी.पी. कोइरालाको आत्मकथासँगै आत्मवृत्तान्तदेखि लिएर अन्य विविध सन्दर्भ स्रोतहरुबाट प्राप्त यथार्थ जानकारीलाई विशेष आधार बनाई सम्पूर्ण वृत्तान्तलाई छन्दभित्र कैद गरी अभिव्यक्त गरिएको प्रस्तुत काव्य छन्द प्रयोगका दृष्टिले उत्कृष्ट देखिएको छ । यसमा विविध छन्दहरुको प्रयोग र एउटै छन्दमा समेटिएका सर्गहरुको व्यवस्था गरिएको छ ।

## ४.९ भाषाशैली

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्य कविताको भाषामा लेखिएको विश्वेश्वरप्रसाद कोइरालाको जीवनगाथा हो । भाषाशैलीय दृष्टिले यसमा शिष्ट-मानक भाषाको प्रयुक्ति देखिन्छ । यसमा सामान्य पठित साक्षर व्यक्ति/पाठकका निम्ति समेत अनुकूल हुने भाषिक प्रयोग गरिएको छ । भाषामा कतिपय छन्द मिलाउने प्रयासमा व्याकरणिक विचलन देखिए पनि कविता दुर्बोध्य चाहिँ छैन । तसर्थ सरल, सरस, काव्यिक भाषा र वर्णनात्मक शैलीविन्यास यसका भाषा-शैलीय विशेषता रहेको पाइन्छ ।

यसमा कतैकतै कवयित्री स्वयम् भावविभोर भएर वर्णन गरिएको पनि आभास हुन्छ । कतिपय ठाउँमा उखान र वाक्यपद्धतिको पनि प्रयोग गर्न खोजिएको छ । कहीँकहीँ छन्द मिलाउन खोज्दा भाव भङ्ग भएझैँ प्रतीत भए पनि सकेसम्म भावनालाई प्रवाहमय र

बोधगम्य बनाउने प्रयास गरिएको छ । महाकाव्य जस्तो कृतिमा जुन सावधानी अपनाइनु पर्ने हो, भाषिक परिष्करणमा र विचारको वा चिन्तनको गहिराइमा पुग्नुपर्ने हो त्यो अलि नपुगेझैँ लागे तापनि काव्यप्रतिको निष्ठा र साधनाको बेजोड सङ्गम पाइनु निश्चय नै कवयित्रीको विशेष खुबी हो । ठूलाठूला कविहरूलाई पनि कठिन हुने महाकाव्य सृजना गरी साङ्गोपाङ्ग प्रस्तुत गर्नु कवयित्री कृष्णादेवीको महनीय कार्य हो (गोविन्द, भूमिकाबाट) ।

पूर्वीय साहित्य मान्यतालाई पालना गर्दै रचना गरिएको प्रष्ट हुने यस महाकाव्यमा थुप्रै सुन्दर, मननीय भावहरू अभिव्यक्त भएका छन् । मङ्गलाचरणदेखि उन्नाइसौँ सर्गसम्मका कतिपय अभिव्यक्तिले हाम्रो मनोमस्तिष्कमा गहिरो छाप पार्दछन् । अतः यो काव्य भाषाशैलीय दृष्टिकोणबाट सफल काव्य देखिन्छ । यो नेपाली महाकाव्यको फूलबारीमा फूलेको एउटा सुन्दर फूल हो भन्ने लाग्दछ ।

थुप्रै सुन्दर मननीय भावना अभिव्यक्त भएको प्रस्तुत महाकाव्य भाषिक परिष्करण र विचारका दृष्टिले बेजोड छ भन्न सकिने थुप्रै आधारहरू छन् । अध्ययन, अनुसन्धान र बडो मिहिनेतका साथ लेखिएको यस महाकाव्य भावनालाई प्रवाहमय र बोधगम्य बनाउनेतर्फ लेखकले निकै प्रयत्न गरेको देखिन्छ । वर्णनको सजीवता र रमणीयताको सिर्जना गरी वैचारिक केन्द्रीयतामा पुग्न कविले गरेको साधनालाई हामीले सलाम गर्नैपर्छ । रूपक, उपमा, दृष्टानन्त, स्वभावोक्ति, उत्प्रेक्षा, सन्देह, अलङ्कार पनि पर्न गएकाले नारी भइकन पनि पुरुषकेन्द्री समाजमा आफ्नो हैसियत समानान्तर ढङ्गले प्रस्तुत महाकाव्य तृतीय पुरुष शैलीमा संरचित सरल र सरस भाषामा लेखिएकाले आम मान्छेहरूले सजिलै बुझ्न सक्छन् ( अञ्जान, २०७२ : ५३-५४) । अतः भाषिक रुपमा महाकाव्य सरल, सहज र सरस एवम् स्वाभाविक रुपको काव्यिक भाषासँगै सुललित, वर्णविन्यासात्मक शैलीले युक्त रहेको छ ।

## ४.१० रस

प्रस्तुत महाकाव्यमा विभिन्न रसको प्रयोग गरिएको छ । यसमा अङ्गी रसका रूपमा वीररस र सहायक रसमा करुण रस, शान्त रस, विप्रलम्भ शृङ्गार रस आदि आंशिक रूपमा प्रयुक्त देखिन्छन् ।

यस महाकाव्यमा उल्लेख गरिएका विषयवस्तुका आधारमा नेपाली क्रान्तिपुरुष जननायक वी.पी.को समग्र जीवन चरित्र भएको हुँदा नायक उनै वीर पुरुष रहेका छन् । अतः उनको वीरता वर्णनका हरेक सन्दर्भमा वीररस अभिव्यक्त भएको देखिन्छ ।

## ४.१०.१ वीररस

रक्त हो नदी नेपाली, मृत्तिका मांशपिण्ड हो
हड्डी पहाड हुन् मेरा, भुल्छु नेपाल के म त्यो

(सर्ग १६ : ७९)

माता सङ्कटमा पर्दा दुख्दैन जुन सन्तति
त्यस्ता कपूत धेरैमा हुन्न राष्ट्रियता रति

(सर्ग १६ : ८०)

धेरै सामन्तले चाल खेलिरहे स्वराष्ट्रमा
प्रतिगामीहरू साथ लड्ने शक्ति छ है ममा

(सर्ग १६ : ८२)

उपर्युक्त श्लोकमा प्रतिगामीहरूसँग लड्ने साहस ममा छ किनकि मेरो शरीरका हड्डी नेपाल आमाका काखमा अवस्थित पहाडसरी बलिया छन् भन्ने भाव व्यक्त गएिको छ । नेपाल आमा सङ्कटमा पर्दा छोराको मन दुख्दैन भने त्यो बहादुर कदापी हुन सक्दैन ती कपूत हुन् भन्ने राष्ट्रभक्तिको भावले छोपिएको श्लोकलाई आधार मानेर हेर्दा वीररसको प्रयुक्ति राम्रोसँग भएको छ । प्रस्तुत महाकाव्य उत्साह भाव प्रधान भएकाले प्राय महाकाव्य भरि नै यस्ता वीररस प्रधान श्लोकहरू प्रयुक्त भएका छन् ।

म हुँ यो राष्ट्रको निम्ति मेरो सर्वस्व राष्ट्र हो
बिग्रियोस दुःख क्यै छैन देशकै लागि स्वास्थ्य यो ।

(सर्ग १५ : १२२ श्लोक)

राष्ट्र राष्ट्रियता भन्दा, प्यारो शरीर ठान्दिनँ
यो देह राष्ट्रकै निम्ति, हुँदा विकल्प मान्दिनँ ।

(सर्ग १५ : ५०)

मेरो राष्ट्र मेरो सर्वेसर्वा हो, म राष्ट्रकै निम्ति हुँ, राष्ट्रहितका कार्य गर्दा यो मेरो देह, स्वास्थ्य बिग्रे पनि मलाई कुनै परवाह छैन भन्ने वी.पी.मा त्यागपूर्ण भावना जागृत हुनुले वीररस छचल्किएको स्पष्ट हुन्छ । सामाजिक नेतृत्वका साथ अलगसोच, अलग चिन्तन र शैलीका पृथक दृष्टिकोण बोकेका इतिहास नायकका कार्यका चर्चा परिचर्चा गर्ने क्रममा वीररसको प्रयोग काव्यमा प्रशस्त गरिएको छ ।

## ४.१०.२ करुण रस

मैया हेर कपाल झर्छ यसरी क्यान्सरै दुष्ट छ
लाग्यो रोग असाध्य यो हुन गयो प्रारब्ध झन् रुष्ट छ
तिम्ले गर्नु छ कार्य एक अब लौ सान्दाजुलाई भनी
तिम्रै साथ लिई रमेर अब ता बस्छिन् सुशील पनि

(सर्ग, १९ : ४०)

भन्दै नेत्र भरेर अश्रुजलले, दुःखी अचाक्ली बनी
मेरो हात लगेर सुम्पनु भयो मैया ल लेऊ भनी
साह्रै कष्ट हुँदा कठै ! बदनमा, चिन्ता यही प्राणको
मिथ्या नै त रहेछ जीवन हरे ! आज्ञा भयो जानको ।

(सर्ग, १९ : ४१)

यस श्लोकमा क्यान्सर जस्तो भयावह रोगको सिकार बन्न पुगेका वी.पी. जीवनको अन्तिम अवस्थामा शैयामा रहेर आफ्नी अर्धाङ्गीनी सुशीलाको चिन्ता गरिरहेको, उनलाई अन्तर आत्मामा भएको वास्तविक पीडा कारुणिक प्रसङ्गका रूपमा यहाँ आएको छ । यसमा करुण रसको प्रयोग भएको पाइन्छ ।

तल्लो तलामा जलको डुवान
तीन्-तीन मैन्हा जलमा निमग्न
छोपेर धर्ती जलको छ बास
यस्तो अनौठो स्थलमा निवास

(सर्ग ७ : ४०)

यसमा कारुणिक प्रसङ्ग छ । निर्वासित भएर बस्दा बल्लतल्ल अनेक प्रयासले कोशी तटमा जग्गा किनेर बसोबास गर्न थाल्दछन् तब त्यहाँ प्राकृतिक प्रकोपले वर्षायाममा घरबास उजाडिन पुगेको प्रसङ्ग चित्रण गरिएको छ ।

कुर्ता धोती थियो वस्त्र, फेर्ने थिएन क्यै रति
खैरा देखिन्थे ती पाउ, धुलाले छोपिँदा अति

(सर्ग ८ : २४)

टालेको खद्दरी कुर्ता, पाउपोसबिना हुने
वी.पी. को दुःख पढ्दा त मन यो धर्धरी रुने

(सर्ग ८ : २५)

बनारसमा पढ्न बस्दाको उनको दुःखमय अवस्थाको उजागरले काव्यमा अझ कारुणिकता थपेको छ । एकसरो फाटेको, टालेको कपडाको भरमा वर्षौं गुजारा गर्नुपर्ने उनको कारुणिकता मर्मस्पर्शी देखिन्छ । साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ भने कङ्गाल पनि अमीर हुन्छ । बौद्धिकताको मापन सम्पत्तिसँग होइन उसको आदर्शसँग गर्नुपर्छ । यस्तो सत्यता हुँदाहुँदै पनि उनका कारुणिकताको चित्रण गर्नु, यथार्थताको प्रकटीकरण गर्नु जस्ता कार्यले करुणरसलाई काव्यमा प्रशस्त प्रयोग गरिएको छ ।

### ४.१०.३ शान्त रस

जिन्दगी दुई मार्ग वी.पी. ले अपनाउँदा
पूर्ण सफलता पाए, प्रतिभाका धनी हुँदा (सर्ग ९ : ४९)
सिर्जना गर्न पनि लागे, लगाए प्रतिभा अब
राजनीति नगर्ने के, त्यो वरासत हो जब (सर्ग ९ : ५०)

प्रस्तुत श्लोकमा शान्त रसको चित्रण छ । वी.पी. एक व्यक्ति अनेक व्यक्तित्व भएका पुरुष हन् उनले राजनीति र साहित्य दुई धारमै सफल जीवन बाँचेका तथ्य चित्रण गरिएको छ ।

थियो जेठ गते एक, दुई हजार सोह्रको
वी.पी. प्र.म. भए भन्ने, सर्वत्र सूचना भयो (सर्ग १३ : ४)

वी.पी. नेपालको पहिलो आमचुनावका प्रथम जननिर्वाचित प्रधानमन्त्री हुँदाको प्रसङ्गको चित्रणमा शान्तरस रहेको छ । उनका निश्चित आदर्शप्रतिको प्रतिबद्धताले राजनीतिमा प्रवेश गरेका र सफलता प्राप्त गरेका प्रसङ्गमा शान्त रस उजागर गरिएको छ ।

## ४.११ अलङ्कार

**क्रान्तिकारी विश्वेश्वर** महाकाव्यमा शब्दालङ्कार तथा अर्थालङ्कारलाई यसरी चर्चा गरिएको छ ।

### ४.११.१ शब्दालङ्कार

शब्दमा चमत्कार हुने अलङ्कार शब्दालङ्कारमा शब्द र ध्वनिको चमत्कारपूर्ण प्रयोगबाट काव्य सौन्दर्य पैदा हुने भएकाले पर्यायवाची शब्दको प्रयोग गर्दा यसमा असर पर्दछ । यसमा अनुप्रास, यमक, श्लेष भए पनि यस काव्यमा प्रयुक्त शब्दालङ्कारको प्रस्तुति यसप्रकार छः-

#### ४.११.१.१ छेकानुप्रास

उही क्रममा अनेक व्यञ्जन वर्णको पुनरावृत्तिमा प्रयुक्त छेकानुप्रास प्रयोग गरिएको कवितांश :

राणाहरूको मसहूर बानी, लाग्थ्यो कटै ती जनमाझ ग्लानि
बन्थे सधैं नन्दि अवाकदर्शी, दानी दयावान् कूलका महर्षि

(सर्ग १ : ४२)

प्रस्तुत श्लोकमा राणाहरू, मसहूर, लाग्थ्यो ग्लानि, बन्थे नन्दि, दानी-दयावान्मा ह्, ग्, न्, द् को एकपटकमात्र पुनरावृत्ति भएको छ ।

#### ४.११.१.२ अन्त्यानुप्रास

कविताको प्रत्येक पङ्क्तिको अन्त्यमा आउने वर्णहरूका बीचमा समानता हुँदा बन्ने अन्त्यानुप्रास अलङ्कारको राम्रो समायोजन यस काव्यमा पाइन्छ । यसको प्रयोग गरिएको कवितांश :

सुखले कर्म बिर्सन्छ, दुःखले पथ बन्दछ
यसैले दुःखग्राही त्यो, युगपुरुष बन्दछ

(सर्ग ६ : ९५)

फुले झैँ गुर्दौली मगमग छ बास्ना कति मिठो
गुलाबी त्यो वाना वचन सुरिलो सुन्दर ठिटो
खुलेको त्यो छाती विषय सबमा पोख्त छ कति
कसोरी गन्नु ती नभ सकल तारा गण जति

(सर्ग १ : १०)

बन्दछ-बन्दछ, मिठो-ठिटो तथा कति-जति पदहरूको प्रयोग गरी अन्त्यानुप्रासको राम्रो संयोजन गरिएको छ । यस महाकाव्य भरि यस्ता अन्त्यानुप्रास युक्त पद्यहरूको प्राचुर्य रहेको छ ।

## ४.११.२ अर्थालङ्कार

यसमा अर्थ नै प्रमुख रहने हुँदा पर्यायवाची शब्द प्रयोग गरे पनि कुनै असर पर्दैन । यस्ता अलङ्कारहरूमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त, सङ्कर आदि प्रमुख रहेका छन् ।

## ४.११.२.१ उपमा

दुई व्यक्ति वा वस्तु (उपमान र उपमेय) को सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ । यसको प्रयोग यहाँ यस्तो देखिन्छ :

पछि फल दियो वृक्ष सानैमा हुन्छ लायक
विश्वेश्वर बनी निस्के राष्ट्रियता प्रबोधक

(सर्ग ७ : ११६)

यस पद्यले भविष्यमा फल दिनसक्ने वृक्ष सानैमा हलक्क बढेको र चिल्लो पातयुक्त भएजस्तै विश्वेश्वर पनि सानैबाट सुशील, निडर एवम् राष्ट्रियता जगाउन सक्ने हैसियत राख्ने बुद्धिमानी बालकका रूपमा देखा परेको तथ्यलाई देखाइएको छ ।

### ४.११.२.२ रूपक

रूपक अलङ्कारले कवितामा व्यङ्ग्य सृष्टि गर्नमा उल्लेखनीय भूमिका खेल्दछ । यस काव्यमा यसका सुन्दर छटा काव्यभरि सर्वत्र देखापर्दछ । यसको उदाहरणः

फूल जीवन हो फुल्छ माटोमा रोपिएपछि

फुलेर फक्रँदै जान्छ मल पानी पिएपछि

(सर्ग १९ : ६)

यहाँ जीवन र फूलका बीच अभेदारोप गरी अन्त्यमा फूलको जीवनपद्धतिसँग मानवीय जीवनलाई अभिव्यक्त गरिएको छ ।

यसप्रकार उत्प्रेक्षा, स्वभावोक्ति, अतिशयोक्ति आदि अलङ्कारसहितको उल्लेख गरिएको छ ।

यसप्रकार प्रस्तुत महाकाव्यमा बिम्ब र प्रतीक प्रयोगका रूपमा रहेको शब्दालङ्कारका साथै अर्थालङ्कारको सुन्दर संयोजन गरिएको छ । यस्ता अलङ्कारहरूमा उपमा, उत्प्रेक्षा समासोक्ति, स्वभावोक्ति, दृष्टान्त, सङ्कर आदि मुख्य रहेका छन् (कोइराला, २०७० : १०-१५) ।

## ४.१२ शीर्षकीकरण

**क्रान्तिकारी विश्वेश्वर** यस महाकाव्यको शीर्षक राखिएको छ । काव्य वा महाकाव्यको शीर्षक नायकको नामसँग जोडेर चलनअनुसार यसको शीर्षक राखिएको छ । विश्वेश्वरप्रसादको नामको अगाडि क्रान्तिकारी शब्द जोडेर **क्रान्तिकारी विश्वेश्वर** शीर्षक बनेको छ । विश्वेश्वरको नामको अगाडि जोडिएको क्रान्तिकारी विशेषताले विश्वेश्वरको क्रान्तिकारी प्रवृत्तिको प्रतिनिधित्व गर्दछ र केही हदसम्म यस काव्यले पूरा गरेको पनि छ । विश्वेश्वरलाई क्रान्ति नायकका रूपमा त्यति प्रखर रूपमा प्रस्तुत गरिएको पाइँदैन तर पनि उनका क्रान्तिकारी विचारधाराले चरमचुली नछोए पनि क्रान्तिकारिता झल्किएको भने पाइन्छ । यस महाकाव्यमा वर्णनको सजीवता र रमणीयता पाइन्छ । यो काव्य तृतीय पुरुष काव्य शैलीमा रचिएको पाइन्छ ।

क्रान्तिको अर्थ नवीन विचारको निम्ति सङ्घर्ष गर्नु हो वा सूत्रपात गर्नु हो, सामाजिक यथास्थितिबाट परिवर्तन वा उन्नति पथमा लम्कने चेष्टा गर्नु हो । वी.पी. नेपाल राष्ट्रका राष्ट्रनेता, समुन्नत राज्य निर्माणका तपस्वी, असाह्य तथा निमुखा वर्गका हकहितका निम्ति सङ्घर्षरत व्यक्ति हुन् । त्यसैले समुन्नत राज्य निर्माणका निम्ति, असाह्यका उत्थानका निम्ति तथा सीप सिर्जना र स्वरोजगारमा स्वाबलम्बी हुनुपर्ने राष्ट्रका मजबुत स्तम्भ मानिने युवा वर्गका सुनौला अवसरका निम्ति अर्थात् समग्रमा भन्नुपर्दा सिङ्गो नेपाल र सम्पूर्ण नेपाली जनताको उज्ज्वल भविष्यका निम्ति सदैव क्रान्ति गर्ने असल विचार र सत्कर्मका धनी वी.पी. को चरित्र र नाम यस महाकाव्यको शीर्षक हुनुले शीर्षक सार्थक बनेको छ । वी.पी.को सत्यवादिता, निर्भीकता, पारदर्शीता, कर्तव्यपरायण र राष्ट्रवादिता नै क्रान्तिकारी चेतनका द्योतक हुन् । उनका क्रान्तिकारी विचार केवल याचना, कामना, प्रार्थनामा मात्र सीमित रहेनन् । उनले क्रान्तिकारिता कै कारण जीवनलाई सफलताको शिखरमा पुऱ्याए । अविचालित भई गरिएको प्रयासले प्रजातन्त्र भित्र्याउन सफल बनेका छन् । प्राप्तिमा मियो बनी कार्य गरेका प्रसङ्गको चर्चा काव्यमा गरिनु शीर्षकीकरणका दृष्टिले उपयुक्त देखिन्छ ।

## ४.१३ निष्कर्ष

प्रस्तुत महाकाव्य उन्नाइस सर्गमा फैलिएको छ । यसमा अनुष्टुप्, शिखरिणी, वसन्ततिलका, इन्द्रबज्रा आदि सोह्र ओटा छन्दको सदुपयोग गरी रचिएका दुईहजार छ सय साठी (२६६०) श्लोकहरू रहेका छन् । यसमा विश्वेश्वरप्रसाद कोइरालाको जीवन वृत्तान्तलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । विवरणात्मक पद्धति भएरै पनि आदि, मध्य र अन्त्यको शृङ्खला छ । यसमा राणाशासनकाल प्रजातन्त्रकाल, जनमत सङ्ग्रह काल, पञ्चायत कालको राजनैतिक, सामाजिक आस्थाको चर्चा रहेको छ । यसले राणाशासनकालको सुरुदेखि २०३९ साल सम्मको क्रमलाई अर्थात् नेपालमा १०४ वर्षे निरङ्कुश एकतन्त्रीय जहानिया राणाशासनको अन्त्यसङ्गै भएको लोकतन्त्रको स्थापना पश्चात् फेरि षड्यन्त्रमूलक ढङ्गले गरिएको लोकतन्त्रको हत्यासङ्गै भएको निर्दलीय पञ्चायती तानाशाही अत्याचारी शासन व्यवस्थाको स्थापना र त्यसको विरुद्धमा लोकतन्त्रको

प्राप्तिका लागि गरिएको जनसङ्घर्षका युगीन विषय सन्दर्भहरू समेटेको छ । तत्कालीन मुलुकको अवस्थालाई महाकाव्यले जनाएको छ । विश्वेश्वरको जीवनगाथा भएकाले यसको केन्द्रीय पात्रका रूपमा क्रान्ति नायक विश्वेश्वरप्रसाद रहेका छन् । सहायक पात्रका रूपमा उनका पितामह नन्दिकेश्वर, पिता कृष्णप्रसाद, चन्द्रसमशेर, मातृका, त्रिभुवन, महेन्द्र आदि रहेका छन् । नारीपात्रमा दिव्या र सुशीलाको विशेष चर्चा छ र अन्य नारीपात्र गौण छन् । अन्य पुरुष पात्र जस्तै जङ्गे, गिरिजा, कमलराज रेग्मी, इन्दिरा गान्धी, सूर्यबहादुर थापा, मातृका कोइराला आदिको उपस्थिति छ भने गौणपात्रहरूमा कृष्णप्रसादका साथीहरू, वी.पी. का भाइबहिनीहरू, गणेशमान, नेहरू, जयप्रकाश, प्रहरी सेना आदिको उपस्थितिमा कथानक अघि बढेको छ ।

यस काव्यमा जहानिया राणाशासककालको निरङ्कुशतामा बाँधिएको नेपाली समाजको चित्रण छ । राम्रो काम गर्नसमेत त्रसित हुनुपर्ने जनताको अवस्थाको चित्रण गरिएको छ र विश्वेश्वरको जीवन गाथा भएको हुँदा उनका जीवनका उतार-चढावका राजनैतिक पक्षको प्रभाव एवम् उनमा जागृत क्रान्तिकारी भावनाको उद्बोधन गरिएको छ । कृष्णप्रसाद कोइरालाको कुशल राजनीतिक विचारधारा एवम् भूमिकाको चर्चा गरिएको छ । राणाका विरुद्धमा पाइला चाल्दा निर्वासित जीवन बाँच्नुपरेका अवस्थालाई प्रष्ट्याउने कृष्णप्रसादको जीवनकालका प्रमुख घटना यसमा उभ्याइएका छन् । अर्काको चाप्लुसी गर्न नचाहने स्वाभिमानी र बहादुर नेपालीको एकदिन विजय हुनेछ भन्ने कुराको पुष्टि कृष्णप्रसादको जीवनले प्रमाणित गरेको साथै मानव नै समाजका कुचालक (राणाहरू) र मानव नै समाजका चालक (विश्वेश्वर) हुन्छन् भन्ने कुराको उल्लेख स्पष्टसँग यसमा गरिएका छन् । गरिब, निमुखा, भोका श्रमिकसँग सरकारी नाममा कर उठाइनु महिलाको दमन सुधारका कार्यहरू हुन नसक्नु, सरकारद्वारा जनताका छोराछोरीहरू पढ्नका लागि विद्यालय नखोलिएको अवस्था, सामाजिक विसङ्गति, नेपाल अराजकताको बाटोतर्फ ढल्पलाएको राजनैतिक गतिको चित्रण नै यसका घटनाका कारक बनेका छन् । वी.पी. को सानैदेखिको क्रान्ति गर्ने भावना, विशिष्ट सिद्धान्त र आदर्शले उनी वास्तविक क्रान्तिनायक बनेर उभिएका छन् । उनी नेपाली राजनीतिका युगपुरुषका रूपमा स्थापित कुशल सङ्गठक, परिचालक अभिनेता र लोकतन्त्रको मियो बनेर चिनिएका व्यक्ति छन् । परतन्त्रात्मक राज्यव्यवस्थालाई परास्त गरी स्वतन्त्रतात्मक राज्य व्यवस्था सञ्चालनका निम्ति पाइला

चालेका प्रजातान्त्रिक समाजवादी विचारधाराका धरोहर वी.पी. का कुशल कार्यको चर्चा गरी उनको सफलताको व्याख्यान समेत यसमा गरिएको छ । निरङ्कुशतावादी पराधीनता हटाई स्वतन्त्रात्मक स्वाधीनताका लागि समाजवादको चिन्तनलाई अगाडि सार्ने, प्रजातन्त्र ल्याउने उद्देश्यमा काव्य प्रकट भएको छ । यसमा अनुष्टुप् छन्दको अधिक प्रयोग भएको र अन्य इन्द्रबज्रा, शार्दूलविक्रीडित, उपेन्द्रबज्रा, शिखरिणी, भुजङ्गप्रयात, आदि गरी १६ ओटा छन्दको प्रयोग तृतीय पुरुषात्मक कथन ढाँचा वर्णनात्मक शैली, वीररसको अभिव्यक्ति, कतिपय अप्रचलित शब्दहरूको प्रयोग आदि भाषाशैलीगत विशेषताहरू रहेका छन् । शोषक वर्गको चङ्गुलबाट मुलुक र जनतालाई उन्मुक्ति दिलाउने **क्रान्तिकारी विश्वेश्वर** शीर्षक सार्थक देखिएको छ ।

# परिच्छेद पाँच

# उपसंहार

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ सारसङ्क्षेप

**पहिलो परिच्छेद** : शोधपत्रको परिचयसँग सम्बन्धित छ । यसमा विषय परिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य एवम् महत्त्व, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोधको सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखा सम्बन्धी शीर्षक र उपशीर्षकहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद** : पूर्वीय चिन्तन अनुसार महाकाव्य कम्तिमा आठसर्गमा वृतबन्ध गरिएको, छन्दोबद्ध र पञ्चसन्धिले युक्त, अलङ्कृत, भाषिक संरचना भएको, ख्यात वा कल्पित विषयवस्तुको उपयो गरी महान् वा सत्पात्रको चरित्र चित्रण गरिएको चतुवर्गको अभिव्यक्तिमा रसभाव निरन्तरता कायम राखी नायकको अभ्युदय वा दुःखान्तताको विशद् चित्रण गरिएको महाकाव्य हो ।

पौरस्त्य, पाश्चात्य एवम् नेपाली महाकाव्य सम्बन्धी विद्वान्हरूका विचारहरूको निचोडमा कथावस्तु, पात्रविधान, परिवेश, उद्देश्य, सर्गबद्धता, छन्दोबद्धता, भाषाशैली, शीर्षकीकरण र रसाभिव्यक्ति महाकाव्यका आवश्यक तत्त्वहरू हुन् भन्ने देखिन आउँछ ।

**तेस्रो परिच्छेद** : धौलागिरी अञ्चल, पर्वत जिल्लाको मुडिकुवा गा.वि.स. मा वि.स. २००९ मा जन्मेकी कवयित्री कृष्णदेवी शर्मा (श्रेष्ठ) ज्ञादीमा हुर्की हाल आफ्ना श्रीमान् उद्योगबहादुरका साथमा प्रगतिनगर, नवलपरासीमा बसोबास गर्दै आएकी छन् । विद्यार्थीकालदेखि नै कविता लेखनमा रुचिराख्ने शर्मा (श्रेष्ठ) ले वि.सं. २०५१ मा **सुर्मा** पत्रिकामा *साथी* शीर्षकको कविताबाट साहित्यमा प्रवेश गर्नुका साथै २०५७ मा **सुनाखरी र लाली गुराँसको देश** कविता सङ्ग्रह प्रकाशन गरेको देखिन्छ । तत्पश्चात् पनि विभिन्न फुटकर रचनाका साथै तीजेगीतसँगालाहरू, कथासङ्ग्रह, खण्डकाव्य, गजलसङ्ग्रहहरू हुँदै वि.सं. २०६९ मा **क्रान्तिकारी विश्वेश्वर** महाकाव्य प्रकाशित गरेर महाकाव्यकार बन्न पुगेको कुरालाई क्रमिक रूपमा देखाइएको छ ।

**चौंथो परिच्छेद** : **क्रान्तिकारी विश्वेश्वर** महाकाव्यको विश्लेषणसित सम्बन्धित छ । नेपालमा १०४ वर्षे निरङ्कुश एकतन्त्रीय जहानिया राणाशासनकाल, प्रजातान्त्रिक काल, प्रजातन्त्रको हत्यासँगै भएको निर्दलीय पञ्चायती तानाशाही अत्याचारी शासन व्यवस्थाको स्थापना र त्यसको विरुद्धमा लोकतन्त्रको प्राप्तिका लागि गरिएको जनसङ्घर्ष, युगीन विषय सन्दर्भ, तत्कालीन समाज तथा त्यसको प्रभावका बारेमा उल्लेख गरिएको छ । दमन, शोषण र दानवीय प्रवृत्तिको पोषकतत्त्वका रूपमा स्थापित भएको शासन प्रणालीको विरुद्धमा आवाज उठाएर सत्प्रवृत्तिको विकासका लागि क्रान्तिकारी भूमिका निर्वाह गरेका वी.पी. को आदर्श र निष्ठाले विजय प्राप्त गरेको घटनावलीलाई प्रस्तुत गरिएको छ । यसरी महाकाव्यको विश्लेषणका क्रममा महाकाव्यका तत्त्वहरूका आधारमा संरचना, कथानक, चरित्रविधान, परिवेश, भावविधान, लयविधान, उद्देश्य तथा भाषाशैलीका आधारमा समेत अध्ययन गरिएको छ ।

## ५.२ निष्कर्ष

**क्रान्तिकारी विश्वेश्वर** समाजवादी-प्रजातान्त्रिक जीवन दर्शनमा आधारित प्रगतिवादी महाकाव्य हो । यसमा समाजका वर्गसङ्घर्षका सवाल, राजनैतिक उतारचढावका प्रसङ्गलाई उठाइएको छ । ऐतिहासिक, सामाजिक, सन्दर्भबाट वर्तमान राजनीतिक यथार्थलाई अभिव्यक्त गरिएको छ । नेपाली समाजमा विद्यमान शोषक र शोषित वर्ग बिचको विभेदप्रति असन्तुष्टि व्यक्त गरिएको छ । शैक्षिक, सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक रूपमा भए गरेका शोषण, दमन, उत्पीडनका विरुद्धमा महाकाव्यमाआवाज उठाइएको छ । सामन्ती समाज व्यवस्थामा हुने गरेका विभिन्न सामाजिक अराजकता एवम् षड्यन्त्रपूर्ण गतिविधिप्रति आक्रोश व्यक्त गरिएको छ । समाज उत्थान, मानवता र शान्तिका लागि जनविद्रोहको अर्को विकल्प छैन भन्ने निष्कर्ष निकालिएको छ । यिनै प्राप्तिहरूका बीच नेपाली प्रयोगशील र नवीन जीवनीपरक महाकाव्य एउटा नयाँ महाकाव्यका रूपमा प्रस्तुत **क्रान्तिकारी विश्वेश्वर** प्रस्तुत भएको पाइन्छ । महाकाव्य नायक वी.पी.का वैचारिक क्रान्तिलाई यसको मुख्य विषयवस्तु बनाइएकोले प्रस्तुत महाकाव्य क्रान्तिकारी महाकाव्य बन्न पुगेको छ ।

# सन्दर्भसामग्रीसूची

# सन्दर्भसामग्रीसूची


अधिकारी, कृष्णराज (२०६६), **महाकाव्य सिद्धान्त र देवकोटाका महाकाव्य**, पोखरा : गण्डकी साहित्य सङ्गम ।

अधिकारी, हरि (२०७१), *फरक स्वादका दुई कृति,* **कान्तिपुर** राष्ट्रिय दैनिक, वर्ष २३, अङ्क ५४, पृ. १३ ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौं : इन्टेलेक्च्युअल बुक प्यालेस ।

अवस्थी, महादेव (२०५६), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वी., कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

अञ्जान, बिर्खे (२०७२), **शल्यक्रिया** (समालोचना सङ्ग्रह), मकवानपुर : पालुङसाहित्य परिषद् ।

आचार्य, कृष्णप्रसाद (२०४६), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** काठमाडौं : क्षितिज प्रकाशन ।

उपाध्याय केशवप्रसाद (२०४६), **साहित्यप्रकाश** (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

काइँला, बैरागी (२०६९), *क्रान्तिकारी विश्वेश्वर महाकाव्यको भूमिका,* **क्रान्तिकारी विश्वेश्वर**, कृष्णादेवी शर्मा (श्रेष्ठ), नवलपरासी : नारी साहित्य समाज ।

**कान्तिपुर राष्ट्रिय दैनिक** (२०७१), *महाकाव्यमा वि.पी. वृत्तान्त,* वर्ष २२, अङ्क १८२ ।

कोइराला, धनपति (२०७०), *आलङ्कारिक दृष्टिबाट क्रान्तिकारी विश्वेश्वर महाकाव्य,* **जनमत** राष्ट्रिय मासिक बनेपा, काभ्रे, वर्ष ३१, अङ्क २ ।

कोइराला, सुशील (२०६९), *क्रान्तिकारी विश्वेश्वर महाकाव्यको भूमिका,* **क्रान्तिकारी विश्वेश्वर,** कृष्णादेवी शर्मा (श्रेष्ठ), नवलपरासी : नारी साहित्य समाज ।

खनाल, नारायणप्रसाद (२०६९), *महाकाव्य परम्परामा क्रान्तिकारी विश्वेश्वरकी प्रसवित्री कृष्णाप्रति हार्दिक शुभकामना,* **क्रान्तिकारी विश्वेश्वर,** कृष्णादेवी शर्मा (श्रेष्ठ), नवलपरासी : नारी साहित्य समाज ।

गहिरे, मन (२०७२), *साहित्यमा अग्रणी नारी स्रष्टा कृष्णादेवी,* **पाल्पा टाइम्स,** वर्ष १९, अङ्क २७, मंसिर, पृ. १८ ।

घिमिरे, लक्ष्मी (२०६७), **कृष्णादेवी शर्मा श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., भैरहवा बहुमुखी क्याम्पस, नेपाली विभाग, रुपन्देही ।

चापागाई, नरेन्द्र (२०५१), **केही सिद्धान्त : केही विश्लेषण**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०६५), **महाकवि देवकोटा र उनका महाकाव्य** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

ढकाल, दुर्गाकुमारी (२०७१), **कुमार गौरव महाकाव्यको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवन ।

नगेन्द्र (सन् १९८५), *तुलनात्मक साहित्य और सार्वभौम साहित्यकी परिकल्पना,* **तुलनात्मक साहित्य** (सम्पा. नगेन्द्र), दिल्ली : नेशनल पब्लिसिङ् हाउस ।

भण्डारी, पारसमणी (२०५४), **नेपाली कविता र काव्य**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२), **नेपाली कविता र काव्य**, काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्टिब्युटर्स ।

त्रिपाठी, बासुदेव (२०२७), *महाकाव्य बूढो, पुरानो साहित्यिक विधा,* **प्रज्ञा,** वर्ष १, अङ्क १, काठमाडौं : ने.रा.प्र.प्र. ।

———— (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (पाँ.सं.), ललितपुर : साझा प्रकाशन ।

———— (२०४६), **नेपाली कविता** भाग-४, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव र अन्य सम्पादक (२०६०), **नेपाली कविता** भाग-४ (चौ.स.), ललितपुर : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०६६), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

मिश्र, भागिरथ (सन् २००६), **काव्यशास्त्र**, वाराणासी : विश्वविद्यालय प्रकाशन् ।

रेग्मी, सनत (२०६९), *क्रान्तिकारी विश्वेश्वर महाकाव्यको भूमिका लेखन,* **क्रान्तिकारी विश्वेश्वर,** कृष्णादेवी शर्मा (श्रेष्ठ), नवलपरासी : नारी साहित्य समाज ।

लामिछाने, बुनु (२०५८), **सुलोचना महाकाव्यको विश्लेषण,** काठमाडौ : बुनु लामिछाने ।

विनोदी, गोविन्दराज (२०६९), *क्रान्तिकारी विश्वेश्वरमाथि एक दृष्टि,* **क्रान्तिकारी विश्वेश्वर,** कृष्णादेवी शर्मा (श्रेष्ठ), नवलपरासी : नारी साहित्य समाज ।

श्रेष्ठ, दयाराम (२०६५), **संस्कृत साहित्यको इतिहास**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज् ।

सम, बालकृष्ण (२०५९), **चिसो चुह्लो** (पाँ.सं.), ललितपुर : साझा प्रकाशन ।

सागर, विजय (२०७१), *क्रान्तिकारी विश्वेश्वर महाकाव्य : मेरो आँखामा,* **नेपाली राष्ट्रिय दैनिक** पत्रिका, वर्ष १०, अङ्क ३३३, पृ. ५ ।